युरोपियन युनियन


नेपाल पत्रकार महासंघद्वारा प्रकाशित

सम्पादक : प्रभात चलाउने, सम्पादन मण्डल : रूद्र भट्ट, सुष्मा पौडेल, किसान संगीत नेपाली, भवानी ऐर



कार्यालय : सञ्चारग्राम, तिलगंगा, काठमाडौं, फोन नं. : ०१-४११२७६३, ४११२६७३, फ्याक्स : ०१-४११२७८५

Email : fnjnepal@gmail.com.np, Website : www.fnjnepal.org


२५ औं महाधिवेशन विशेष

# पत्रकारिता

PATRAKARITA


नेपाल पत्रकार महासंघ, २५ औं महाधिवेशन, ४-५ भदौ २०७४


## २५औं महाधिवेशनमा पत्रकार महासंघ



महासंघका सात प्राथमिकतामा अनेकौं उपलब्धी
*-डा. महेन्द्र विष्ट*

सम्पादकीय स्वतन्त्रताको बहस
*-डा. सुरेश आचार्य*

जवाफदेही समाज निर्माणमा प्रेसका चुनौती
*-शिव गाउँले*

यो पत्रकारिता युरोपियन युनियन र इन्टरनेशनल अलर्टको सहयोगमा नेपाल पत्रकार महासंघद्वारा सञ्चालित “अभिव्यक्तिको अधिकार : नेपालमा सञ्चार माध्यमका अभिव्यक्ति स्वतन्त्रताको प्रवर्द्धन” परियोजनाको आर्थिक सहयोगमा नेपाल पत्रकार महासंघद्वारा प्रकाशन गरिएको हो । यसमा उल्लिखित धारणा एवम् विचार नेपाल पत्रकार महासंघ र सम्बन्धित लेखकका हुन् । त्यसमा युरोपियन युनियन र इन्टरनेशनल अलर्ट सहमत नहुन सक्छ ।






















## ३



डा. महेन्द्र विष्ट,

### प्रतिवद्धता अनुसार थुप्रै उपलब्धी हासिल भएका छन्

## ८



शिव गाउँले

### जवाफदेही समाज निर्माणमा प्रेसका चुनौती

डा. सुरेश आचार्य **११**



### सम्पादकीय स्वतन्त्रताको बहस

**मिठा सङ्गति, तिता अनुभूति**
*खिलबहादुर भण्डारी* १४

**निरन्तर अभियानमा महासंघको तीन वर्षे कार्यकाल**
*उजिर मगर* १७

**कमजोर श्रम अभ्यास र निरङ्कूश सोच**
*प्रभात चलाउने* २०

**पत्रकारहरुको जीवन रक्षा र विपतमा महासंघ**
*संगीता खड्का* २३

**श्रमजीवी पत्रकारका समस्या निको नहुने घाउ**
*ध्रुव लम्साल* २६

**'पोस्ट ट्रुथ' र यसका असरहरु**
*नरेन्द्रजंग पिटर* २८

**पत्रकार सुरक्षाको नयाँ चुनौती : डिजिटल सुरक्षा**
*उज्ज्वल आचार्य* ३१

**गलत ढङ्गबाट पत्रकार पक्राउ गर्ने नजिर तुहियो**
*प्रकाशविक्रम शाह* ३५

**लैङ्गिक समावेशीकरण, पत्रकारिता र महासंघ**
*शीतलप्रसाद महतो* ३८

**२५औं महाधिवेशनमा नेपाल पत्रकार महासंघ**
*राजु लामा* ४१

**सुशासनका लागि श्री 'पी' को सहकार्य**
*गणेश लम्साल* ४३

**आचरण सुधार्ने आचारसंहिता**
*लक्की चौधरी* ४७

**पत्रकार भएका कारण बाँचेको त्यो दिन**
*भवानी ऐर* ५०

**पत्रकारको क्षमता अभिवृद्धि: भौतिक कि ज्ञानको ?**
*एकराज पाठक* ५२

**केन्द्रीय साधारण सभा : चुनौतीसँगै अवसर**
*हरिप्रसाद पोखरेल* ५५

**संवेदनशील अवस्थामा सुरक्षा चुनौती कायमै**
*मिसन रिपोर्ट* ५७

# सम्पादकीय

## निरन्तर अभियानसहित २५ औं महाधिवेशनमा महासंघ

२०७१ साल बैशाख २१-२२ गते सम्पन्न २४ औं महाधिवेशनबाट सुरु भएको नेपाल पत्रकार महासंघको वर्तमान कार्यसमितिले लिएको ऐतिहासिक कार्यभार पूरा हुने चरणमा पुगेको छ। यस अवधिमा ठूला ठूला विपत्ति झेल्दै प्रतिवद्धतामा उल्लेख्य उपलब्धी हासिल भएका छन्। प्रेस स्वतन्त्रता र नागरिकको अभिव्यक्ति स्वतन्त्रताको रक्षकका रुपमा महासंघले आफ्नो भूमिकालाई अझ उचो बनाउँदै कार्यभार सुम्पने चरणमा आइपुग्दा यो कार्यसमितिले गरेका केही उपलब्धीहरुलाई सम्झना गरेका छौं।

समयका हिसाबले तीन वर्ष धेरै लामो नभए पनि यसअवधिमा देशले झेल्नु परेका ठूला ठूला प्राकृतिक विपत्ती, देशको राजनैतिक घटनाक्रममा आएको फेरबदल, त्यसले नेपाली मिडियामा पारेको प्रभाव अकल्पनीय थिए। हामी ठूला विपत्ति झेल्दै निरन्तर अभियान पूरा गरेर २५ औं महाधिवेशनमा आइपुगेका छौं । देशको मूल संविधानसहित प्रेससँग सम्बन्धित थुप्रै कानुन, नीति, निर्देशिकाहरुको फेरबदल पनि यही अवधिमा भयो । जसमा महासंघले उल्लेख्य योगदान गर्‍यो । प्रेसको अधिकारलाई कानुनबाटै सुरक्षित र सुनिश्चित गराउन महासंघले गरेका सङ्घर्ष र त्यसक्रममा भोग्नुपरेका कठिनाई निकै धेरै छन्। महासंघको पुनरसंरचना हामीले उठाउँदै आएको अर्को ठूलो मुद्दा थियो। यसक्रममा हामीले राज्यको पुनरसंरचनासँगै महासंघको पनि पुनरसंरचना गरेका छौं। त्यसैगरी लामो समयदेखि उठेको अर्को सवाल भनेको सबै प्रेस कानुनको समीक्षा खासगरी सञ्चार नीतिको पुनरावलोकन थियो। यसअवधिमा थुप्रै छलफल, अन्तरक्रियाहरु गरेर नयाँ सञ्चार नीति जारी गरिएको छ। महासंघको उल्लेख्य सहभागिता र योगदानबाट आएको नयाँ सञ्चार नीति लागू भएमा त्यसले नेपाली मिडियामा ठूलो फेरबदल ल्याउनेछ।

यही अवधिमा महासंघकै माग र दवावमा श्रमजीवी पत्रकारहरुको न्यूनतम पारिश्रमिक दोब्बरले बढेको छ। बढाइएको न्यूनतम पारिश्रमिक प्रर्याप्त नभए पनि बृद्धि प्रतिशतका हिसाबले उल्लेख्य उपलब्धी मान्न सकिन्छ।

यो अवधिमा देशले थुप्रै महाविपतीहरु झेल्नु पर्‍यो। महाभुकम्पले लगाएका घाउका खाटा अहिले पनि पूरिएका छैनन। आम नागरिकसँगै भुकम्पले नेपाली मिडियामा पनि ठूलो क्षति पुर्‍यायो। सञ्चार क्षेत्रका तीन जना पत्रकारलाई हामीले गुमाउनुपर्‍यो। कैयौ घाइते हुनुभएको छ। कैयौ मिडियाका भौतिक सम्पतीको क्षति भएको छ। त्यो विपतमा महासंघले पीडामा परेका पत्रकार हरुको रक्षाका लागि गरेको काम पनि उल्लेख्य छ। आफ्नो घरको त्रास र दुःख बिर्सेर महासंघको सिंगो केन्द्रीय समिति उद्धार, राहत र पुनर्निर्माणमा जुट्यो।

त्यसैगरी देशले यहीबीचमा कठोर नाकाबन्दीको सामना गर्नुपर्‍यो। नाकाबन्दीले पैदा गरेका समस्या, त्यसले मिडियामा पारेको प्रभाव र त्यो समस्यालाई राजनीतिक रुपमा समाधान गर्न महासंघले उल्लेख्य भूमिका निर्वाह गरेको सबैका सामु छर्लङ्ग छ।

संस्थागत विकासका क्षेत्रमा होस् वा पत्रकारहरुको सामाजिक सुरक्षालाई मजबुत बनाउने कुरामा होस् थुप्रै उपलब्धी हासिल भएका छन्। त्यसक्रममा आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको जग हाल्नेदेखि पत्रकारहरुको दुर्घटना बिमाको सुरुवात गर्ने काम यही अवधिमा भएको छ। पत्रकार र उनका एकाघरका परिवारलाई उपचारमा छुटको व्यवस्था केन्द्रमा थालिएको प्रयास अन्तिम चरणमा पुगेको छ भने थुप्रै जिल्ला शाखाहरुले यसअवधिमा यसलाई लागू नै गरिसकेका छन्। जेष्ठ पत्रकारहरुको सम्मानबृति, विपतमा परेका पत्रकारहरुका लागि आकस्मिक उद्धार कोष निर्माण गर्ने काम पनि हामीले सुरुवात गरेका छौं। जुन कार्य महासंघमा सधै सम्झिने कार्यका रुपमा दर्ज भएका छन्।

त्यसैगरी श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका लागि महासंघले थुप्रै कदम चालेको छ। नीतिगत रुपमा नै यसलाई बलियो बनाउनेदेखि राज्यलाई ऐन कार्यान्वयन गराउन निरन्तर दवाव दिनुका साथै यसबीचमा महासंघको सिङ्गो केन्द्रीय समिति सडकमा समेत ओर्लियो। कतिपय मिडिया हाउसका गेटमा धर्नाबस्नेदेखि मिडिया सञ्चालकहरुलाई बोलाएर यस विषयमा गम्भीरतापूर्वक छलफल गरी ध्यानाकर्षण गराउने काम भयो। जसको परिणाम पनि देखा पर्‍यो।

यसरी महासंघको तीन वर्षे कार्यकाल साँच्चिकै उपलब्धीपूर्ण रहयो । देशको बिशिष्ट राजनीतिक स्थिति, आन्तरिक सीमा, समस्या र बाध्यता अनि संस्थाप्रतिको बुझाइका विविधताका कारण अपेक्षित कार्य पूरा हुन नसके पनि तीन वर्ष निरन्तर अभियान र उपलब्धीपूर्ण रहयो।

यसबीचमा संस्थागत विकासका क्षेत्रमा होस् वा पत्रकारहरुको सामाजिक सुरक्षालाई मजबुत बनाउने कुरामा होस् थुप्रै उपलब्धी हासिल भएका छन्। आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको जग हाल्नेदेखि पत्रकारहरुको दुर्घटना बिमाको सुरुवात गर्ने काम पनि यही अवधिमा भएको छ।



# प्रतिबद्धता अनुसार थुप्रै उपलब्धी हासिल भएका छन्

**डा. महेन्द्र विष्ट, *अध्यक्ष नेपाल पत्रकार महासंघ***

*न्यूनतम पारिश्रमिकमा दोब्बर बृद्धि, पत्रकार बिमा, जेष्ठ पत्रकार सम्मानबृत्ति, पत्रकार सन्तति शैक्षिकबृत्ति, स्वास्थ्य उपचारमा छुटको नीतिगत प्रबन्ध, आपतकालीन राहत कोषको स्थापना जस्ता विषय पत्रकारको सामाजिक सुरक्षाको दृष्टिले समेत महत्वपूर्ण उपलब्धी हुन् ।*

**तीन वर्ष अघि नेपाल पत्रकार महासंघको अध्यक्ष पदको उम्मेदवार बन्दै गर्दा र विजयी बनेर तीन वर्षे कार्यकाल पूरा हुने बिन्दुमा आइपुग्दा तपाईको सोचाइमा के फरक आएको छ ?**

एकदमै चाखलाग्दो प्रश्न गर्नुभयो । यसमा एकातिर भावनाको पक्ष छ भने अर्कोतिर कामको प्रगतिको समीक्षा गर्नुछ । भावनात्मक कुरा गर्दा उम्मेदवार बन्दै गर्दा म के गर्न सक्छु भन्ने जिज्ञासा थियो भने अहिले विदाइको क्षणमा आइपुग्दा के गर्न सकेँ भन्ने हिसाव किताबको कुरा छ । त्यसबेला ममा कतिपय कुरामा हिच्किचाहट थियो, डर पनि थियो एक किसिमको । पहिलो जित, हार के होला भन्ने जिज्ञासा हुने नै भयो, अर्को जितेको अवस्थामा काम गर्ने परिस्थिति कस्तो होला भन्ने पनि थियो । अहिले आइपुग्दा अब अर्को महाधिवेशनलाई सहजतापूर्वक सम्पन्न गर्ने काम मात्र बाँकी छ । अनेक आरोह अवरोहका बाबजुद पर्याप्त उपलब्धी हासिल भएका छन् । कतिपय अवस्थामा चरम निरासाको अवस्था पनि आयो, कहिले काफी उत्साहित पनि



भइयो । समग्रमा भन्दा महासंघको अध्यक्ष हुनु विश्वास र सौभाग्यको कुरा थियो । त्यो बेला साथीहरूले गर्नुभएको विश्वास सम्झँदा र अहिले खुसीका साथ धन्यवाद दिएको पाउँदा गौरव महसुस हुन्छ ।

**२४औं महाधिवेशनबाट निर्वाचित भएपछिको महासंघ केन्द्रीय समितिको पूर्ण बैठकमा तपाईले पेस गरेको तीन वर्षे कार्ययोजना बनाउँदा तपाईले के सोच्नु भएको थियो ?**

पक्कै पनि ती कार्ययोजना र आगामी दिनका प्राथमिकताहरू महासंघमा गर्ने कामको अवधारणासँगै तीन वर्षपछिको मूल्याङ्कनका लागि सूचकका रूपमा पनि रहनेछन् भन्ने थियो । महासंघमा त्यसअघि सदस्य, सचिव र महासचिवका रूपमा काम गर्दाका अनुभव, अध्यक्षको उम्मेदवार बन्दा जारी गरिएको प्रतिवद्धता र झण्डै अढाई दशक लामो पत्रकारिताको पेसाबाट हासिल भएको ज्ञान र अध्ययन अनुसन्धानको परिणाम थियो त्यो । ती कार्ययोजना तयार गर्दा पक्कै पनि त्यो आफू र आफ्नो कार्यसमितिको निम्ति मार्गदर्शन मात्र हैन, अवसर र चुनौती पनि हुनेछ भन्ने लागेको थियो ।

**महासंघका ती सात प्राथमिकता अहिले कहाँ पुगेका छन् ? उपलब्धी के भयो ?**

ती सात प्राथमिकतालाई बुँदागत आधारमा मूल्याङ्कन गर्ने हो भने राम्रै श्रेणीमा उत्तीर्ण हुने गरी उपलब्धी भएका छन् भन्ने लाग्दछ । पत्रकारको पेसागत हकहितका सन्दर्भमा महासंघ केवल विज्ञप्ति मात्र निकालेर बसेन । मिडिया व्यवस्थापनसँग संवाद, पत्रकारिता क्षेत्रका संस्थासँग सहकार्य, सरकारलाई दवाव, संसदीय समितिमा बहस, अदालतमा मुद्दा र कतिपय मिडिया हाउसमा आन्दोलन भए । न्यूनतम पारिश्रमिकमा दोब्बर बृद्धि, पत्रकार बिमा, जेष्ठ पत्रकार सम्मानबृत्ति, पत्रकार सन्तति शैक्षिकबृत्ति, स्वास्थ्य उपचारमा छुटको नीतिगत प्रबन्ध, आपतकालीन राहत कोषको स्थापना जस्ता विषय सामाजिक सुरक्षाका दृष्टिले समेत महत्वपूर्ण उपलब्धी हुन् । यही अवधिमा विगतमा रहेको पत्रकार कल्याण कोषमा झण्डै दोब्बर बढाएर १ करोड ४५ लाख रुपियाँ पुऱ्याइएको छ, जसको ब्याजबाट पत्रकारलाई उपचार सहयोग दिन सकिएको छ । पत्रकारको भौतिक सुरक्षातर्फ हत्याजस्ता डरलाग्दा घटनाको क्रम रोकिनु, आक्रमणका घटनामा केही कमी आउनु, कतिपय घटनामा दोषीलाई कारवाही गराइनु र पत्रकार सुरक्षाका लागि नीतिगत आधार र संयन्त्र तयार हुनुलाई पनि उपलब्धी नै मान्नुपर्दछ । प्रेस स्वतन्त्रतालाई सङ्कुचित गर्न ल्याइएको अदालतको अवहेलना विधेयक र अनलाइन निर्देशिका महासंघको सशक्त प्रतिरोधकै कारण अगाडि बढ्नै नसक्ने अवस्था बन्यो भने नयाँ संविधानमा अन्ततः पूर्ण प्रेस स्वतन्त्रतालाई प्रत्याभूत गर्न बाध्य हुनुपर्ने स्थिति निर्माण भयो । विधान संशोधन गरेर महासंघको सङ्गठनात्मक पुनर्संरचना गरिएको छ भने समावेशितालाई आत्मसात् गरिएको छ । नयाँ आमसञ्चार नीति जारी भएको छ । पत्रकार आचारसंहिता पनि नयाँ आएको छ । यसले पत्रकारिताको भावी मार्गचित्र स्पष्ट गर्नुका साथै व्यावसायिकतालाई प्रवर्द्धन गर्नेछ । समानुपातिक विज्ञापनका साथै मिडियालाई उद्योग सरह मान्यता दिलाउने, साना लगानीका मिडियाको प्रवर्द्धनको आधार तय गर्ने जस्ता कार्य पनि भएका छन् । पत्रकारको दक्षता अभिवृद्धिका लागि प्रशिक्षण प्रतिष्ठानको स्थापना भइनसके तापनि तीन तीन पटक बजेटमा समावेश भई अब केन्द्र र प्रदेश स्तरमा आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापनाको आधार तयार भएको छ । पत्रकारको सुरक्षा र हितमा अन्य



थुप्रै कार्य भएका छन् जसलाई महासंघका प्राथमिकता र कार्ययोजनाको उपलब्धीको रूपमा लिन सकिन्छ जस्तो लाग्दछ।

**नेपाली प्रेस जगतले लोकतन्त्रको निम्ति निकै सङ्घर्ष गऱ्यो। २०६२/६३ को आन्दोलनको बेला तपाईं महासंघमा महासचिवको रूपमा नेतृत्वदायी भूमिकामा हुनुहुन्थ्यो। अहिले लोकतन्त्र स्थापना भएको दशक नाघिसकेको बेला नेपालमा प्रेस, अभिव्यक्ति स्वतन्त्रता र सम्पादकीय स्वतन्त्रतामाथिका चुनौती अझै बढ्दै गएको छन्। तपाईले यसलाई कसरी हेर्नुभएको छ ?**

वास्तवमा लोकतन्त्र स्थापनाका लागि नेपाल पत्रकार महासंघको आह्वानमा प्रेस जगतले जीवन जोखिममा राखेर आन्दोलन गर्दा लोकतन्त्र आएपछि मुलुकको परिवर्तन, आमनागरिकको जीवनस्तरमा सुधारसँगै पत्रकारिता र पत्रकारको पनि हक हित हुनेछ भन्ने विश्वास लिइएको थियो। पत्रकारिताको विकास, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रवर्द्धन र सम्पादकीय स्वतन्त्रता लगायत प्रेस जगतले उठाउने व्यावसायिक विकाससम्बन्धी मुद्दाको संवोधन लोकतन्त्रविना सम्भव छैन। तर, लोकतन्त्र आउनेबित्तिकै यी सब भइहाल्छन् भन्ने पनि छैन। राजनीतिक प्रणालीले पक्कै पनि फरक पार्दछ। हामी लोकतन्त्रको विकल्प सोच्न सक्तैनौं। तर, लोकतन्त्रका पनि बिभिन्न मोडल छन्। उदारवादी लोकतन्त्रले व्यक्तिगत स्वतन्त्रताको बढी वकालत गर्छ भने सामाजिक लोकतन्त्रले सामाजिक न्यायको। हाम्रो लोकतन्त्रको ढाँचा एकातिर समाजवाद उन्मुख भन्ने अर्कोतिर बजार अर्थतन्त्रमा जोड दिने खालको अलिक भिन्न प्रकृतिको छ। पक्कै पनि त्यसको प्रभाव मिडियाको विकासमा पनि परेको छ। शासक शासक नै हुन्छन् चाहे त्यो जुनसुकै प्रणाली होस् भन्ने पनि मिडियामाथि हस्तक्षेप र वेवास्ताका कतिपय क्षणमा महसुस भएको छ। अहिले कर्पोरेट मिडियाको विकाससँगै विश्वमै सम्पादकीय स्वतन्त्रता चुनौतीमा रहेको विश्लेषण भइरहेको छ। नेपाल पनि त्यसबाट अछुतो छैन। प्रेस स्वतन्त्रतामाथिका चुनौती कायमै छन्। पत्रकारिताका विषयवस्तु र व्यावसायिकता माथि पनि प्रश्न छन्, यिनमा हामीले सजगतापूर्वक नयाँ ढङ्गले काम गर्नुपर्ने आवश्यकता छ। चुनौती आवश्यकता पनि छन्।

**ती चुनौतीको सामना गर्न महासंघले तीन वर्षे कार्यकालमा के के गऱ्यो ?**

यसमा हामीले केही संवैधानिक, नीतिगत र केही व्यावहारिक काम गऱ्यौं। पहिलो त संविधानमा प्रेस स्वतन्त्रताको प्रत्याभूत गराउनु नै कति चुनौती थियो र त्यसका लागि कसरी देशव्यापी आन्दोलन जरुरी भयो भन्ने सबैको स्मृतिमा ताजै हुनुपर्दछ। पहिलो, मस्यौदाको विषयवस्तु र संविधानमा समेटिएको प्रावधानलाई तुलना गरेर हेर्नुभयो भने धेरै कुरा आफै स्पष्ट हुन्छ। दोस्रो, नेपाल पत्रकार महासंघले नेपाली पत्रकारिताको बारेमा जुन मार्गचित्र तय गरेको छ, त्यसका अधिकांश विषयलाई समेटेर राष्ट्रिय आमसञ्चार नीति जारी गरिएको छ। त्यस अनुरुप नियामक निकायको स्थापना, तिनको स्वायत्तता र त्यसमार्फत् स्वनियमन प्रणालीको अभ्यासमार्फत यस्ता चुनौतीको सामना गर्न आधार तय भएको छ। व्यवहारमा पनि हामीले महासंघको विभिन्न फोरमका अतिरिक्त कहिले सम्पादकहरूसँग, कहिले बरिष्ठ पत्रकारहरूसँग र कहिले पत्रकारिता सम्बद्ध संघसंस्था त कहिले मिडियाका उपभोक्तासँग बसेर व्यावसायिक पत्रकारिताका यस्ता विषयमा काफी बहस, छलफल र सुधारका काम गरेका छौं। यसले केही न केही उपलब्धी पक्कै पनि दिएको छ

भन्ने मेरो विश्वास छ। यो कुनै कार्यकालमा सकिने विषय हैन, निरन्तर चलिरहने प्रक्रिया हो।

**यस अवधिमा प्रेस स्वतन्त्रतामाथि आइपरेका सबैभन्दा प्रमुख चुनौती के थिए र त्यसको सामना कसरी गर्नुभयो ?**

यस अवधिमा प्रेस स्वतन्त्रता र व्यावसायिक विकासका लागि राम्रो सुरुवात भएका छन्। राम्रोलाई राम्रो भन्नुपर्दछ, तर यही अवधिमा केही यस्ता प्रयास पनि भए जसले प्रेस स्वतन्त्रतालाई सङ्कूचित गर्ने प्रयास गरे। उदाहरणका रूपमा अदालतको अवहेलना विधेयक र अनलाइन माध्यमसम्बन्धी निर्देशिकालाई लिन सकिन्छ। हामी सबैको पहल र देशव्यापी अभियानको परिणामतः ती दुबै काम अघि बढ्न सकेनन्। हामीले रोक्यौं। ती त रोकिए नै, भावी दिनमा पनि प्रेस स्वतन्त्रतालाई सङ्कुचित गर्ने प्रयास गर्नु कति जोखिमपूर्ण कार्य हो भन्ने पाठ पनि सिकायौं। कतिपय आन्दोलन र प्रदर्शनका क्रममा पनि प्रेसलाई बन्देज गर्ने, आक्रमण गर्ने, धम्की दिने जस्ता काम भएका छन्। आन्दोलनकारीका तर्फबाट त्यस्ता कार्य हुँदा राज्यले सुरक्षा दिन वा आक्रमणपछि न्याय र क्षतिपूर्ति दिन सकेन। यसले गर्दा दण्डहीनता बढ्यो र परिणामतः सेल्फसेन्सरसीप व्याप्त हुनपुग्यो। त्यो पनि प्रेस स्वतन्त्रतामाथिको चुनौती थियो। हामीले राष्ट्रिय अन्तर्राष्ट्रिय मिसनदेखि स्थलगत भ्रमण, छलफल, सम्मेलन र अनेक तहका परामर्शमार्फत तिनको सामना गर्ने प्रयास गऱ्यौं। नाकाबन्दीको समय प्रेसका लागि अर्को कष्टकर अवस्था थियो, त्यसमा एकातिर मिडियाको सञ्चालन नै चुनौती बनेको थियो भने अर्कोतिर मिडियामा पनि विभाजन र ध्रुवीकरणको खतरा थियो। त्यसलाई पनि सामूहिक पहलबाट समाधान गर्ने प्रयास गऱ्यौं।

**यही बीचमा देशले ठूलो भूकम्पीय विपत्ती व्यहोऱ्यो। भुकम्पको समयलाई कसरी सम्झनुहुन्छ ?**

विनाशकारी भूकम्पको पीडा नेपाली समाजले लामो समयसम्म पनि भुल्न सक्ने अवस्था छैन। मुलुकले त्यसका कारण ठूलो जनधनको क्षति व्यहोर्नु पऱ्यो। दुइ वर्ष भन्दा बढी समय भइसक्दा पनि पुनर्निर्माण हुन नसकेको अवस्था सबैले देखेभोगिरहेकै छौं। महाभूकम्पबाट हामीले सञ्चार क्षेत्रका तीन जना साथीलाई गुमाउनुपऱ्यो भने दर्जनौं साथीले आफ्नत गुमाउनुपऱ्यो। धेरैको व्यक्तिगत घर भत्कियो। धेरै मिडिया हाउसका संरचना ध्वस्त भए। हामी आफै पनि त्यसका पीडित/प्रभावित हौं। तर, हामीलाई प्रभावित भएर बसिरहने छुट थिएन। जोखिमका बीच हामी लगत्तै अति प्रभावित क्षेत्रमा गयौं। धेरै मिडिया हाउसको भ्रमण गऱ्यौं। कार्यक्षेत्रको अवलोकन गऱ्यौं। जोखिमको बेला बच्ने उपाय र मिडियाको भूमिकाको सन्दर्भमा पनि काम गऱ्यौं। साथीहरुलाई सान्त्वना दिने र सक्दो राहत पुऱ्याउने काम गऱ्यौं। पत्रकारिता क्षेत्रका अन्य संगठनका साथीहरु र अग्रजहरुलाई समेत लिएर यसमा काम गऱ्यौं। भूकम्प अति प्रभावित सिन्धुपाल्चोकको चौतारामा केन्द्रीय समितिको बैठक नै आयोजना गऱ्यौं र भूकम्प पीडितको लागि सहायोगको योजना र आह्वान गऱ्यौं। देश भित्र र बाहिर रहेका धेरै साथीहरुले सहयोग गर्नुभयो। अहिले यी सबै कुरा सामान्य लाग्लान् तर भूकम्प गइरहेकै समयमा, बाटो छेकिएकै बेलामा, संरचना ध्वस्त भइरहेकै समयमा त्यहाँ पुग्नु र सहयोग गर्नु त्यो परिवेशमा निकै चुनौती थियो। जोखिमपूर्ण संरचनाले घेरिएको महाबौद्धको गल्ली भित्र भूकम्पले भत्किएको घरभित्र पुरिएका पत्रकार साथी सुमन भोम्जनको खोजी र उत्खननको समय, त्यो संरचना र निरन्तरको भूकम्पको क्षण सम्झिँदा कहाँबाट त्यो साहस (अझ दुस्साहस) आयो होला हामीमा भन्ने लाग्दछ। त्यसमा खासगरी खेलकुद पत्रकार मञ्चका साथीहरुलाई म अझ बढी सम्झन र उहाँहरुको सराहाना गर्न चाहन्छु। भूकम्पको त्यो तीतो अनुभवलाई लिएर हामीले महासंघमा आपतकालीन राहत कोष नै खडा गरेका छौं जसमा २९ लाख रुपियाको अक्षय कोष छ। भविष्यमा पर्ने विपत्तिको बेला पहिलो चरणमा हामी आफै उद्धार गर्न र उस्तै पर्दा हेलिकोप्टर चार्टर गरेरै उपचार गर्ने ठाउँमा पुऱ्याउन सक्ने भएका छौं। वास्तवमा त्यो क्षणको सम्झना गर्दा अहिले पनि कष्टकर लाग्दछ र जोखिमका बीच जे जति गर्न सकिन्थ्यो गऱ्यौं भनेर आत्मसन्तुष्टि पनि हुन्छ।

> **पत्रकार कल्याण कोषमा रकम बढाएर गरिएका सहयोग, पत्रकारमाथि विपत्ति आइलाग्दा देशविदेशबाट जुटाएर गरिएका सहयोग, पुरस्कार कोषको स्थापना र रकम तथा विधामा गरिएका विस्तारलाई पनि बिर्सनु हुँदैन ।**

**श्रमजीवी पत्रकारहरुको हक र हित तथा उनीहरुको पेसागत र भौतिक सुरक्षाका बारेमा महासंघको नेतृत्वले अपेक्षित कार्य गर्न नसकेका गुनासाहरु छन्। त्यसलाई तपाई कसरी लिनुहुन्छ ?**

हामीले तीन वर्षसम्म मूलतः यिनै एजेण्डामा केन्द्रित भएर काम गऱ्यौं। र, ठोस उपलब्धी पनि हासिल गरेका छौं। श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन र पत्रकारको सामाजिक सुरक्षा, पत्रकारको भौतिक सुरक्षा र नीतिगत व्यवस्थालाई उपलब्धी नै मान्नुपर्दछ जस्तो लाग्छ। पत्रकार कल्याण कोषमा रकम बढाएर गरिएका सहयोग, पत्रकारमाथि विपत्ति आइलाग्दा देशविदेशबाट जुटाएर गरिएका सहयोग, पुरस्कार कोषको स्थापना र रकम तथा विधामा गरिएका विस्तारलाई पनि बिर्सनु हुँदैन जस्तो लाग्छ। तैपनि अपेक्षित उपलब्धी भए कि भएनन् भन्ने कुरा सापेक्षित हुन्छ, तुलनात्मकरूपमा पनि यसलाई हेर्नुपर्ने हुन्छ। हाम्रो हातमा कति छ कति अरुको हातमा छ भन्ने पनि हेर्नुपर्दछ। महासंघले अझै बढी गर्नुपर्दथ्यो, गर्नुपर्दछ भन्ने कुरालाई अन्यथा भन्न मिल्दैन। त्यो अपेक्षा स्वाभाविक हो। फेरि श्रमजीवीको



हकहित वास्तविक श्रमजीवीको नेतृत्वले नै गर्न सक्छ भन्ने अपेक्षा हामी माथिको विश्वास पनि हो । यसमा हामीले सक्दो गऱ्यौं, इमान्दारीपूर्वक पहल गऱ्यौं । थुप्रै उपलब्धी पनि भएका छन् जसको बारेमा हामीले बुँदागतरुपमा अघि पनि चर्चा गरेका छौं । साथीहरुले यसलाई बुझ्नुभएको छ भन्ने लाग्दछ ।

**यो तीन वर्षको कार्यकाललाई तपाईं आफैं चाहीं कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

निरन्तरको प्रयास हो यो सबै कुरा । महासंघ हामी सबैको आशा र भरोसा राख्ने गौरवममय संस्था हो । यसको विरासतलाई जोगाउने र आफ्नो तर्फबाट केही ईट्टा थप्ने जसको पनि इच्छा हुन्छ । यसको सर्वोच्च नेतृत्वमा रहेर सक्दो योगदान गर्नु मेरो लागि पनि ठूलो चुनौती र अवसर थियो । सबै साथीहरुको साथ र सहयोगले सक्दो प्रयास गरियो । बढी राजनीतिक लफ्फाजी भन्दा व्यावसायिक मुद्दामा केन्द्रित भएर जे जति सकिन्थ्यो इमान्दारीपूर्वक गर्ने प्रयास गरियो । जति गर्न सकिएन, त्यो हाम्रो सीमा र कमजोरी थियो । बाँकी मूल्याङ्कन महाधिवेशनले र साथीहरुले नै गर्नुहुनेछ । तत्काल चुनाव हुने भएकोले अहिले पत्रकारबीचमै पनि विभाजित मानसिकता हुन सक्छ, समर्थन र विरोधको वस्तुगत आधार नहुन पनि सक्छ । भावी दिनमा मूल्याङ्कन हुँदै जाला, यसमा अहिले नै थप अरु केही नभनौं होला ।

**महासंघको भूमिकालाई अझ बढाउन, साँच्चिकै एउटा व्यवसायिक संस्थाका रुपमा विकास गर्न के कस्ता सुधार हुनुपर्छ ? तपाईले तीन वर्षमा गर्न चाहेका वा सोचेका तर विविध कारणले गर्न नसकिएका के कुरा थिए, जुन कुरा गर्दा महासंघ साँच्चिकै नयाँ ठाउँमा पुग्छ ?**

महासंघलाई ट्रेड युनियन अधिकार सम्पन्न साझा व्यावसायिक संस्थाका रुपमा नै विकास गर्ने हो । पत्रकारको हकहित र पत्रकारिताको विकास नै यसको पहिलो प्राथमिकता हुनुपर्दछ । सँगसँगै यो एउटा नागरिक संस्था पनि हो । यसले अगुवा नागरिक संस्थाको भूमिका पनि खेल्नुपर्दछ । खासगरी लोकतन्त्र, स्वतन्त्रता, मानव अधिकार, सामाजिक न्याय, प्रणालीको विकास, पारदर्शिता जस्ता क्षेत्रमा यो मौन बस्न सक्तैन । पत्रकारबीचको एकता, अन्य पेसागत संस्था र नागरिक समाजसँगको सहकार्यमा यसको सशक्तता निर्भर गर्दछ । हामी पत्रकारबीचमा बाहिरबाट सङ्कट आउँदा एकजुट भएर लड्ने अनि बाह्य आक्रमण नभएका बेला आफू आफू नै लड्ने प्रवृत्ति विकास भएको छ । यसले कहिले काहीँ खुबै निरास पनि बनाउँछ । राजनीतिक रुपमा हामी एकदमै विभाजित हुँदै गएका छौं । त्यसले पनि हाम्रो स्वतन्त्र विचार निर्माण प्रक्रिया र मूल्याङ्कन प्रणालीलाई प्रभावित पारेको छ । त्यही कुरा कोही आफ्नो पक्षका हकमा एउटा मापदण्ड र अर्को पक्षको हकमा अर्को मापदण्डले हेर्ने वा हेरियोस् भन्ने सोचाइ छ । त्यसले पनि कतिपय समयमा समस्या उत्पन्न गरिदिन्छ । मलाई लाग्छ, यही कारण पनि कतिपय काम चाहेर वा गर्न सक्ने सामर्थ्य भएर पनि गर्न सकिएन । उदाहरणको रूपमा आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको स्थापना र शुद्धिकरण अभियानलाई लिन सकिन्छ । यी गर्न सकिने र गर्नैपर्ने काम थिए, तर सोचे जति हुन सकेनन् । यद्यपि केही आधार बनेको छ, भावी दिनमा भावी नेतृत्वले यसमा थप पहल गर्ने विश्वास छ ।

**अन्त्यमा के भन्न चाहनुहुन्छ ?**

नेपाल पत्रकार महासंघ ऐतिहासिक २५औं महाधिवेशनमा छ । बाढी, पहिरो, र सडक अवरोधका बाबजुत मा अनेक कष्ट उठाएर महाधिवेशनमा पाल्नुहुने सबै साथीहरूलाई हार्दिक स्वागत भन्न चाहन्छु । उम्मेदवार हुने साथीहरूलाई शुभकामना दिन चाहन्छु । परिस्थितिजन्य कारणले महाधिवेशन केही ढिला हुन गयो, त्यसका निम्ति म क्षमायाचना पनि गर्दछु । यो तीन वर्षको अवधिमा जति सकियो, असल मनसायका साथ गरियो । साथ, समर्थन र विश्वासका लागि म सबैप्रति आभार व्यक्त गर्दछु । व्यक्तिगत रूपमा र पूर्व पदाधिकारीको हैसियतमा महासंघ र पत्रकार साथीहरूप्रति मेरो साथ, सहयोग र सम्लग्नता रहिरहनेछ । यहाँमार्फत पनि सबै अग्रज र पत्रकार मित्रहरूका साथै महासंघका मेरा सहकर्मी कार्यसमिति पदाधिकारी तथा सदस्य, लेखा समिति संयोजक तथा सदस्य र कर्मचारी साथीहरूलाई मेरो तर्फबाट शुभकामना र धन्यवाद भन्न चाहन्छु ।




# जवाफदेही समाज निर्माणमा प्रेसका चुनौती

*जतिसुकै उदार लोकतन्त्रवादी भनिने शक्ति भए पनि सत्तामा पुगेपछि प्रेसलाई सकेसम्म प्रयोग गर्ने नसके कठोर आलोचना गर्ने र नियन्त्रण गर्न प्रयास गर्ने प्रवृति अहिले पनि कायमै छ ।*



शिव गाउँले

लामो समयसम्म लोकतान्त्रिक शासनपद्धति र अभिव्यक्ति स्वतन्त्रताका लागि लडेको नेपाली प्रेस जगतको ध्यान अब जवाफदेही समाज निर्माणतर्फ केन्द्रित छ । २०४७ सालको संविधानले विचार र अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गरेपछि नेपाली प्रेस जगत नयाँ युगमा प्रवेश गरेको हो ।

राणा, पञ्चायत, बहुदल र गणतन्त्रका राजनीतिक अभ्यासहरुमा नेपाली प्रेसले भिन्नभिन्न खाले चुनौती सामना गर्नुपर्‍यो । नेपालको पछिल्लो संविधानसम्म आइपुग्दा राजनीति, समाज र अर्थतन्त्र सबै भिन्न आयाममा आइपुगेका छन् । संविधान कार्यान्वयनमा खबरदारी नेपाली प्रेसका एक एजेण्डा हुन पुगेको छ ।

स्थानीय तहको निर्वाचन वर्तमान संविधान कार्यान्वयनको एक प्रभावकारी सुरुवात हो । संविधानले परिकल्पना गरेको राज्य प्रणालीमा तीन तहका सरकार हुनेछन् । स्थानीय तह ती मध्ये सबैभन्दा तल्लो

सरकार हो । यस अर्थमा जनताले आफ्नो घरदैलोमा भेट्ने सरकार भनेकै यही हो । त्यसैले जनताको दैलोको सरकार गठन हुनु संविधान कार्यान्वयनको प्रभावकारी कदम हो ।

यद्यपि संविधानलाई व्यापक मात्रामा स्वीकार्य बनाउनुपर्ने कतिपय कामहरु बाँकी नै छन् । संविधान जारी गरेकै दिनदेखि तराई-मधेशमा आधारित कतिपय राजनीतिक दलहरुको चर्को विरोध रहँदै आएको छ । मूलतः सीमाङ्कन, तराईमा जनसङ्ख्याका आधारमा निर्वाचन क्षेत्रको माग र मधेश आन्दोलनका क्रममा मारिएकाहरुको परिवारलाई क्षतिपूर्ति, घाइतेको उपचार र बन्दीको रिहा उनीहरुका देखिने प्रमुख मागहरु हुन् ।

राजनीतिक प्रक्रियामा संविधानप्रति असन्तुष्टि जनाउने मधेशका केही सीमित राजनीतिक दलहरु देखिए पनि संविधान कार्यान्वयनका प्रक्रियामा जाँदा अरु धेरै क्षेत्रले यसमा संशोधन र परिमार्जनको माग उठाउन सक्ने सम्भावना नकार्न सकिदैन । किनकि अहिले राजनीतिक स्थिरता जरुरी छ भन्ने ठानेर मात्रै समाजका अरु धेरै क्षेत्रहरु यसबारे मौन बसेका हुन् । अन्यत्रको अनुभवले पनि के देखाउँछ कि संविधानमा कुनै प्रावधान राखिनुभन्दा धेरै गुणा ठूलो चुनौती त्यसको कार्यान्वयन हो । पटक पटक संशोधन गरिएको छिमेकी मुलुक भारतकै संवैधानिक विकासक्रम नियाल्ने हो भने पनि यो पुष्टि हुन्छ ।

स्थानीय तहको निर्वाचन संविधान कार्यान्वयनको एउटा महत्वपूर्ण खुड्किला थियो । थुपै असन्तुष्टि र गुनासा हुँदा हुँदै पनि नेपाली प्रेस करिव एक ठाउँमा उभिएर निर्वाचनका पक्षमा माहौल बनाएको थियो । यसका पछाडि समाजमा रहेको फरक विचार वा मतलाई स्थान नदिने भन्ने होइन । फरक मत वा विचारलाई पनि स्थान दिँदै मुलुकको राजनीतिक स्थिरताका लागि अत्यन्त जरुरी प्रक्रिया भएका कारण प्रेस यो निर्वाचनका पक्षमा उभिएको हो ।

यद्यपि स्थानीय तह निर्वाचन मात्रै संविधान कार्यान्वयनको प्रस्थान विन्दु थिएन । नयाँ संविधान अन्तर्गत शासन प्रणाली र राज्य संयन्त्रलाई मान्यता दिएर काम अगाडि बढाउनु संविधान कार्यान्वयन प्रक्रियाको थालनी थियो । तर, निर्वाचनले व्यापक मात्रामा जनसहभागिता र जनपरिचालन पनि देखाउने हुँदा यसलाई मुलुकको प्रमुख राजनीतिक सहमतिको दस्तावेजमाथिको जनअनुमोदन मानिएको हो ।

नेपाली प्रेस आ-आफ्ना मतसहित संविधान कार्यान्वयनका पक्षमा बलियोसँग उभिनुको सैद्धान्तिक र व्यावहारिक कारणहरु छन् । सैद्धान्तिक रुपमा यो संविधानलाई कार्यान्वयनमा लैजान सकियो भने अहिले देखिएका गुनासा र असहमतीलाई यही संविधानले सम्वोधनको प्रक्रिया मार्फत सम्वोधन गर्ने हैसियत राख्छ । संविधान यस्तो गतिशील दस्तावेज हो, जसले संशोधन र परिमार्जनको बाटोबाट हिंसा र आन्दोनलले उठाएका माग समेतलाई शान्तिपूर्ण रुपमा समाधान खोज्न सघाउँछ । त्यसैले भनिन्छ संविधान सशोधन यस्तो सेफ्टी भल्व हो जसले समाजलाई विस्फोटक अवस्थामा पुग्नु अघि नै सहजै निकासको बाटो खोलिदिन्छ । यही सैद्धान्तिक मामिलामा विश्वास गरेकै कारण कतिपय असहमती र असन्तुष्टिका बीच प्रेसले पनि यो संविधान कार्यान्वयनमा लैजाने प्रक्रियालाई समर्थन गरेको हो भन्ने मेरो बुझाइ छ ।

नेपाली प्रेस संविधान कार्यान्वयनको प्रक्रियामा बलियोसँग उभिनुको अर्को कारण पनि छ । यो संविधान निर्माण प्रक्रियामा प्रेसको भूमिका साक्षी किनारामा उभिनु मात्रै थिएन । नेपाली प्रेस हिजोको लोकतान्त्रिक आन्दोलनको साक्षी होइन, एउटा सक्रिय पात्र हो । लोकतान्त्रिक आन्दोलनका क्रममा भएका सबै प्रक्रियामा प्रेस समाचार, कार्यक्रम, सम्पादकीय टिप्पणी लेख्नेमा सीमित थिएन । ऊ त आन्दोलनको कार्यक्रममा सहभागी थियो । त्यसैले हिजो यसलाई लोकतन्त्र नचाहनेहरुले 'आठौं दल' भनेर पनि आलोचना गरेका थिए ।

*भोलि भोटेकोशीमा बाँध बाध्ने कि नबाँध्ने भन्ने मामिला तीन नम्बर प्रदेशको मात्रै होइन, एक नम्बर र दुई नम्बर प्रदेशको पनि चासोको विषय हुनपुग्छ । यसमा कुनै विवाद आएमा प्रेसलाई केही पनि नलेख्नु/नभन्नु भन्ने कानुन बनाउने छुट यो संविधानले दियो । प्रदेशको सीमाङ्कन विवादको विषय हुनसक्छ । इकाइ-इकाइबीच अनेकन् विवाद र तिक्तता हुन सक्छन । त्यस्तो अवस्थामा कार्यकारीलाई कानुन बनाएर प्रेसमाथि अनावश्यक हस्तक्षेप गर्ने अवसर संविधानले दिनुहुँदैन ।*

पछिल्लो ५० वर्षको इतिहास सरसर्ती हेर्दा पनि के स्पष्ट हुन्छ भने कहिले सुसुप्त र कहिले सक्रिय रुपमा नेपाली प्रेसले लोकतन्त्रका लागि आवाज उठाएको छ र कतिपय अवस्थामा सम्पादकीय दायरा बाहिर आएर भौतिक योगदान समेत गरेको छ । त्यसैले यो प्रणाली र पद्धतिको दिगोपनको खोजी प्रेसको स्वाभाविक जिम्मेवारी भित्र पर्न आउँछ ।

यद्यपि राणा, पञ्चायत र निरङ्कुशतावादीको मात्रै होइन, लोकतन्त्रबादी भनिने शक्तिबाट समेत पटक पटक पीडित छ प्रेस । आफुलाई पहिचान वा बहिस्करणमा परेको ठान्नेदेखि जन्मदै प्रजातन्त्रवादी ठान्ने शक्तिहरुबाट समेत यसलाई नियन्त्रण र सङ्कुचन गर्ने काम बेलाबखत भइरहेको छ । जतिसुकै उदार लोकतन्त्रवादी भनिने

शक्ति भए पनि सत्तामा पुगेपछि प्रेसलाई सकेसम्म प्रयोग गर्ने नसके कठोर आलोचना गर्ने र नियन्त्रण गर्न प्रयास गर्ने प्रवृति अहिले पनि कायमै छ। निर्माण प्रक्रियामा लोकतान्त्रिक आन्दोलनका सहयात्री भनिने प्रमुख राजनीतिक शक्तिहरु निर्णायक रहेको वर्तमान संविधानले समेत नेपाली पत्रकारिता जगतमाथि शङ्का गर्न छाडेको छैन।

## शङ्कामा प्रेस

स्पष्ट छ कि- लोकतान्त्रिक शासनपद्धति बलियो बनाउन खोजेका हौं भने विचार र अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रताप्रति यत्रो विधि शङ्का गर्न छाड्नुपर्छ।

वर्तमान संविधानमा अभिव्यक्ति स्वतन्त्रताको प्रतिबन्धात्मक वाक्यांश अन्तरिम संविधानको भन्दा लामो हुनु विडम्वनापूर्ण छ। २०४७ साल यताका तीन वटा संविधानमा यस्तो प्रतिबन्धात्मक वाक्यांश क्रमशः लम्बिदो छ। लोकतान्त्रिक शासनपद्धति अभ्यासरत मुलुकका लागि यो शुभ सङ्केत होइन।

सामान्यतया अभिव्यक्ति र प्रेस स्वतन्त्रतालाई 'संविधान र कानून वमोजिम उपयोग गर्न पाइने' स्वतन्त्रता भन्ने गरिन्छ। त्यसैले खास अवस्थामा यस्तो हक नियन्त्रण गर्न कार्यकारीलाई कानुन बनाउने छुट दिइन्छ। र, त्यस्तो अवस्था संविधानमै उल्लेख गरिन्छ।

नागरिकले विचार व्यक्त गरेकै कारण वा प्रेसले समाचार वा विचार दिएकै कारण यस्तो क्षति भयो भन्ने वस्तुनिष्ठ आधार र कारणविना नै प्रतिबन्धात्मक वाक्यांश थप्दै जानु आफैंद्वारा स्थापित प्रणालीको मानमर्दन हो।

२०४७ सालको संविधान यता हामीले २५ वर्षदेखि संवैधानिक ग्यारेण्टीका साथ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अभ्यास गरिरहेका छौं। तर, संविधान र कानुनमा प्रेसमाथि नियन्त्रण गर्न खोज्ने झन् झन् कसिला व्यवस्थाहरु पनि प्रस्ताव गरिरहेका छौं।

संविधानको धारा-२४ को आमसञ्चार सम्बन्धी हक हेरौं। जहाँ राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता जस्ता मामिलामा प्रेसमाथि लगाउन खोजिएको बन्देजको अर्थ त बुझ्न सकिन्छ तर त्यहाँ यस्ता यति धेरै विषय उल्लेख छन् जसमा आमसञ्चारमाध्यमलाई प्रकाशन वा प्रशारण गर्न निषेध गर्ने विषयवस्तु समेटिएका छन्।

जस्तो, 'सङ्घीय इकाइबीचको सु-सम्बन्धमा खलल पर्ने' विषयमा समाचार, विचार वा सम्पादकीय टिप्पणीका लागि प्रेसलाई निषेध गर्न सकिने गरी कानुन बनाउन संविधानले छुट दिएको छ। यसको असर गम्भीर हुन सक्छ। उदाहरण, भोलि भोटेकोशीमा बाँध बाध्ने कि नबाँध्ने भन्ने मामिला तीन नम्बर प्रदेशको मात्रै होइन, एक नम्बर र दुई नम्बर प्रदेशको पनि चासोको विषय हुनपुग्छ। यसमा कुनै विवाद आएमा प्रेसलाई केही पनि नलेख्नु/नभन्नु भन्ने कानुन बनाउने छुट यो संविधानले दियो।

प्रदेशको सीमाङ्कन विवादको विषय हुनसक्छ। इकाइ-इकाइबीच अनेकन् विवाद र तिक्तता हुन सक्छन। त्यस्तो अवस्थामा कार्यकारीलाई कानुन बनाएर प्रेसमाथि अनावश्यक हस्तक्षेप गर्ने अवसर संविधानले दिनुहुँदैन।

लोकतन्त्रकै बाटोबाट सत्तामा पुगेको शासनका लागि पनि कतिपय अवस्थामा त्यही लोकतन्त्र घाँडो हुन थाल्छ। त्यो बेला शासकको ध्यान आफ्नो आलोचक रहेको वा हुनसक्ने प्रेसमाथि जान्छ। त्यस अवस्थामा 'जातजाति वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पारेको' ठानिने धेरै सामग्री माथि नियन्त्रण हुने जोखिम आउन सक्छ।

अदालतको अवहेलनालाई पनि संविधानले प्रतिबन्धात्मक विषय बनाउन सक्ने छुट दिएको छ। प्रेसले नियतवस पटक पटक झूटो विवरण प्रकाशन गरेमा उपचार खोज्ने विकल्पहरू दिइनुपर्छ तर अहिलेजस्तो अदालतको अवहेलना विषयलाई व्यापक र जे अर्थ गरे पनि मिल्ने गरी व्याख्या गर्ने छुट दिइनुहुन्न भन्ने मलाई लाग्छ।

समग्रमा संविधानले व्यापक अर्थ बोक्ने शब्दहरू प्रयोग गरी कार्यकारीलाई प्रेस वा विचारविरुद्ध कानून बनाउन दिँदा त्यसको परिणाम लोकतन्त्रविरुद्ध समेत हुनसक्छ भनेर सोचिनुपर्दछ।

हाम्रै अनुभव भन्छ- प्रजातान्त्रिक, लोकतान्त्रिक वा गणतान्त्रिक, 'जुनसुकै तान्त्रिक' सत्तामा पुग्नासाथ प्रेसबाट समर्थन वा प्रशंसाको अपेक्षा गर्छन्। त्यसो नभए फकाएर, धम्क्याएर आफू नजिक बनाउन खोज्छन्। शासकको यस्तो मनोदशालाई संविधान र कानूनले मौका दिनु हुँदैन।

संविधानको प्रतिबन्धात्मक वाक्यांशले १३ वटा विषयमा प्रतिबन्ध लगाउने गरी कानुन बनाउन छूट दिएको छ। त्यसको प्रयोग हुने नहुने पनि सत्ताको नेतृत्वको इच्छामा निर्भर रहन्छ।

हाम्रो राजनीतिक इतिहास हेर्दा प्रेसको आलोचनालाई गल्ती सुधार्ने मौकाका रूपमा लिने प्रवृत्ति साह्रै थोरै छ। तसर्थ यो संविधानले परिकल्पना गरेको प्रदेश-प्रदेश बीचको सु-सम्बन्ध, जातजातिबीचको असल सम्बन्ध, सामाजिक न्याय, नैतिकता जस्ता विषय समाज विकासका लागि होइन, सत्ता स्वार्थको अस्त्र बन्ने सम्भावना धेरै देखिन्छ।

लोकतन्त्रमा विचार र अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र जगेर्ना सचेत जनताबाट मात्रै सम्भव छ। त्यो चेतनशील जनमत नै मुलुक विरुद्ध लाग्ला भनेर संविधानमा नानाथरी प्रतिबन्धात्मक वाक्यांश राखिरहनु जरूरी छैन। किनकि प्रेस, सरकार, संसद र न्यायालय राज्यका ती साधन हुन जसको समुचित र विवेकसम्मत प्रयोगबाट मात्रै राष्ट्र निर्माण सम्भव छ।

●●●

*(लेखक नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष हुनुहुन्छ)*



# सम्पादकीय स्वतन्त्रताको बहस

> *प्रेस स्वतन्त्रता कुनै कुरा छाप्ने र नछाप्ने अधिकारसँग जोडिएको हुन्छ । सम्पादकीय स्वतन्त्रता प्रकाशकको दवावमा मिडिया सामग्री निर्क्योल गर्ने कि नगर्ने भन्ने सम्पादकको अधिकारसँग जोडिएको हुन्छ ।*



डा. सुरेश आचार्य

इमेज च्यानलका अध्यक्ष आर के मानन्धर ह्नुदया भिन्तुना समारोह समितिको अध्यक्ष भएका थिए । नेपाल सम्वतको नयाँ वर्षको अवसरमा त्यो दिन उनले तीनवटा कार्यक्रममा प्रमुख अतिथिका हैसियतमा भाषण गरेका रहेछन् । उनी आफ्नो कार्यक्रमबारे समाचार शाखालाई खासै जानकारी दिँदैनथे । क्यामरा प्रमुखलाई पनि आफैं भन्थे र नरेन्द्र मानन्धर उनका निजी रिपोर्टर जत्तिकै थिए । उनी आफ्नो मात्र होइन, आफूले पठाउनैपर्ने रिपोर्टिङ्मा पनि नरेन्द्रलाई आफैं खटाउँथे । त्यो दिनको रिपोर्टिङ पनि नरेन्द्रले नै गरेका थिए । समाचारको स्क्रिप्ट फालेर उनले नै भिजुअल सम्पादन गरेका थिए । स्वाभाविक रुपमा त्यो दिनको पहिलो समाचार उनकै थियो, मुख्य समाचारको हेडलाइनमा पनि उनी नै थिए ।

उनले भाषणमा के भने भनेर भाषाका कारण पनि सम्पादन कक्षका स्क्रिप्ट सम्पादक जानकार थिएनन् । उनले महत्वपूर्ण के कुरा भने भन्ने पनि रिपोर्टरले नै थाहा पाएका हुँदा हुन् । नरेन्द्र आफ्नो काम सकेर




घर फर्किसकेका थिए। समाचार कक्षका सम्पादकको काम उनले लेखेको स्क्रिप्टमा केही सूचनागत् वा तथ्यगत् त्रुटी भए सच्याउनुभन्दा अर्को काम थिएन। समाचार तयार भयो र त्यही अनुसार प्रसारण भयो।

त्यसबेला आठ बजे पनि अर्को बुलेटिन जान्थ्यो। सायद अंग्रेजीमा थियो। म त्यसतिर ध्यान दिइरहेको थिएँ। कृष्ण केसी डेस्कमा थिए। उनले "ए बोस, तिम्रो साहूले मलाई थर्कायो नि" भने। "किन के भयो र" भन्ने मेरो स्वाभाविक प्रश्न थियो। उनले बताए- "साहुले नेपाल सम्वतको समाचार मेरो अनुहार पनि राम्रोसँग नदेखाइ सिध्याइ दिने ? तिम्रो गिरिजा, माधव नेपालको हरेक दिन दुई तीन मिनेट देखाउने। मेरो वर्षमा एकपटक आएको समाचार अनुहार राम्रोसँग नदेखाई सिध्याइदिने ? भनेर पो थर्कायो।" मैले कृष्णलाई ठट्टाको शैलीमा सोधें- "तिमीले सम्पादक म कि तिमी भनेर सोधेनौ ?"

लगत्तै कम्पनीका उपाध्यक्ष मोहन सिंहको फोन मलाई आयो। मैले उनको फोन आउनुको कारण बुझिसकेको थिएँ र जवाफ के दिनुपर्छ भन्ने पनि तयार नै थियो। उनले फोनमा भने- "आरकेले के भन्दै थिए। समाचारमा के भएछ ?" उनी हरेक समाचार ध्यान दिएर हेर्ने मानिस हुन्। उसै पनि आरके ले नभनी उनले फोन गरेका पनि होइनन्। उनको स्वभाव सिधै केही नभन्ने, घुमाएर मर्काउन सकिन्छ भने बाँकी नराख्ने खालको छ। काठमाडौंको खाँटी नेवार सिंह भए पनि भाषामा स्पष्टता मात्रै छैन, शैलीमा ठकुरी बाबुसाहेवको जस्तो स्योस लगाउन पनि उनी खप्पीस छन्। मैले उनलाई यति मात्रै जवाफ दिएँ- मलाई अहिले आठ बजेको समाचार पठाउनु छ। भोलि बिहान कुरा गरौंला। मैले आठ बजेपछि फोन गर्छु पनि भन्न सक्थें। तर त्यसो भनिनँ। कारण, सम्पादकीय स्वतन्त्रताको विषय उनीसँग होइन, अध्यक्षसँगै गर्ने मेरो मन थियो।

उपलब्धी जेसुकै होस्, इमेजको एउटा राम्रो पक्ष के थियो भने हरेक दिन बिहान साढे दस बजे सबै विभागीय प्रमुखहरुको बैठक अध्यक्षको च्याम्बरमा उपाध्यक्षका साथ हुन्थ्यो। त्यो बैठकमा आरके ले पक्कै कुरा उठाउने छन् र म सम्पादकीय स्वतन्त्रताको कुरा उठाउँछु, विवाद बढेछ भने राजीनामा दिन्छु भनेर राजीनामाको खेस्रा समेत बोकेर गएको थिएँ। तर उनले हिजोको समाचारको विषयमा एक शब्द पनि उठाएनन्। उपाध्यक्षले त पक्कै उठाउलान् भनेको, उनले पनि त्यो प्रसङ्ग नै कोट्याएनन्। मैले पनि यो विषयमा केही बोलिन। अरुदिन झैं स्वाभाविक ढङ्गमा बैठक सकियो।

नेपाल पत्रकार महासंघको सभापतिबाट निवृत्त भएपछि मैले छापा माध्यममा नियमित काम गर्न छाडें। रेडियो नेपालका समाचार प्रमुख कृष्ण केसीले अचानक टेलिभिजनमा काम गर्ने अवसर सुनाए। मैले १५ वर्षभन्दा लामो अवधि छापा माध्यममा नै बिताएँ। देशान्तरको रिपोर्टरबाट सुरु भएको यो यात्रा केही साप्ताहिकका सम्पादकसम्म पुगेको थियो। कृष्णको आग्रहमा म इमेज मेट्रो च्यानलमा पुगेको थिएँ। शून्यको अवस्थाबाट समाचार कक्ष खडा गर्न प्राविधिक पक्षमा कृष्ण केसीले नै सघाएका थिए। छापा पत्रकारिता गरेका र पत्रकारिता नै नगरेका युवा युवतीहरु खोजेर र जोडेर इमेज समाचार कक्ष बनेको थियो। ती मध्ये राजन कुईकेल अझै त्यही छन्। सुरज आचार्य पछिल्लो समय विवादमा परेर आफैं सेवा निलम्बन गरेर बसेका छन्। अरु अब त्यहाँ बाँकी छैनन्।

मैले मेरो इतिहासको यो प्रसङ्गलाई सम्पादकीय स्वतन्त्रताको कसीमा जोड्न चाहेको हुँ। त्यो घटना सम्पादकीय स्वतन्त्रताको विषय थियो कि थिएन, मलाई थाहा छैन। तर, मेरो काम गर्ने उत्साहलाई त्यो घटनाले मारेको थियो। मेरो विश्वास के हो भने पत्रकारितामा काम गर्दा आनन्द अनुभूति हुँदैन भने त्यहाँ पैसा त छैन। काम गर्ने वातावरण रहुञ्जेल मात्र त्यहाँ बस्नुपर्छ। मलाई आरके ले कुनै दिन केही भनेका होइनन्, न मैले उनको प्रतिक्रिया प्रत्यक्ष सुनेको हुँ। तर, मेरो मन त्यो घटनाबाट अमिलियो। विस्तारै म त्यो टेलिभिजनबाट बाहिरिएँ। महाराज ज्ञानेन्द्रको प्रत्यक्ष शासन सुरु भएपछि म फेरि इमेज फर्केको अर्कै प्रसङ्ग छ।

सम्पादकहरु यो वा त्यो मिडियामा जाने नौलो प्रचलन होइन। न त यो

रोकिएको नै छ । सायद किशोर नेपाल सबैभन्दा बढी मिडियाको सम्पादक बन्नुभयो होला । उनले ती मिडिया किन छाडे ? उनीसँगको आठ वर्षसम्मको निरन्तर पत्रकारिता र पत्रकार महासंघमा थप दुई वर्षको सहकार्यका आधारमा म उनका बारेमा भलिभाँती जानकार छु । त्यसैले उनले मिडिया छाड्नुपर्ने कारणका बारेमा म अनुमान लगाउन सक्छु । तर, मैले उनलाई यस विषयमा कहिल्यै सोधेको छैन । पत्रकारितामा उनको दक्षतामाथि औलो उठाउने साहस गर्दैन । कामप्रतिको स्वतन्त्रता उनका लागि कति प्यारो छ भने हामी पञ्चायती कालमा देशान्तरमा भोल्तेयरको एउटै मात्र दिव्यवाणी हाल्थ्यौं- म तिम्रा विचारसँग असहमत छु तर तिम्रो असहमत हुने अधिकार रक्षाका लागि निरन्तर लडिरहने छु । उनले मिडिया फेरि राख्नुपर्ने अरु कारण पनि छन् भने ती व्यक्तिगत हुन् ।

अर्का सम्पादक युवराज घिमिरे पनि हुन्, जसले धेरै घाटको पानी खाईसके । उनीसँग मेरो धेरै सङ्गत पनि छैन । कान्तिपुर उनले छाड्ने बेलाको रसेन्द्र भट्टराई प्रकरण धेरैले सुने बुझेका छन् । उनी निकालिए वा निस्किए ? यो पनि उनको वैयक्तिक मामिला ठानेर आजसम्म सोधिएको छैन । उनले अरु अखवारको पनि सम्पादकको अनुभव बटुले । उनी पछिल्लोपटक सम्पादक भएको अन्नपूर्णपोष्टमा यो ठूलो आकारमा प्रकाशित हुन लागेको प्रारम्भिक दिनदेखि नै स्तम्भकार थिएँ । श्री आचार्यले स्तम्भ नै दिनुभएको थियो- असहमति । जीवराम सिंखडा सम्पादक हुँदा लेख्ने कि नलेख्ने अन्योलका बीच लेखिरहें । दुईटा अखवार छुट्टिएर जानेबेला झण्डै एक वर्षको मेरो लेखन पारिश्रमिक मलाई त्यो कम्पनीले दिएन । दुईपटक प्रयास गरें । तर, अझै पाएको छैन । गुणराज लुईटेल सम्पादक भएर गएपछि पनि लेखनमा मलाई समस्या भएन । युवराज सम्पादक भएपछिका केही लेख रोकिए । म आफैं सधैं त्यो अखवार पढ्दिनथें । लेखेर मेल पठाउँथे, छापिन्थ्यो कि छापिदैनथ्यो, मलाई थाहा पनि हुन्थेन । कहिलेकाही मेरै पालाको बारमा त्यो पेजमा अन्तर्वार्ता छापिन्थ्यो । लोकमान सिंहकाबारे लेखेका दुईटा लेख नछापिएको भने मलाई पनि प्रष्टै थाहा छ ।

**भिन्न विचारले ठाउँ नपाउने सम्पादकीय नीति मिडियाको हुन्छ भन्ने मान्यताका आधारमा उनले मेरा लेख रोकेका हुन सक्छन् । त्यसो भए प्रकाशकले सम्पादकीय स्वतन्त्रतालाई सीमित गर्ने गरी आफ्नो मिडिया नीति बनाउन सक्छ भनेर मान्नुपर्‍यो । प्रेस स्वतन्त्रता कुनै कुरा छाप्ने र नछाप्ने अधिकारसँग जोडिएको हुन्छ । सम्पादकीय स्वतन्त्रता प्रकाशकको दवावमा मिडिया सामग्री निर्क्योल गर्ने कि नगर्ने भन्ने सम्पादकको अधिकारसँग जोडिएको हुन्छ ।**

एक दिन विचार र सम्पादकीय पेजका सम्पादक विनोद न्यौपानेलाई लेख किन नछापिएको भनेर सोधें । किनभने कहिलेकाहीं लेख ढिलो हुँदा उनी नै खोजीखबरी गर्थे । उनले "हिजोआज लेखको अन्तिम टुङ्गो सम्पादक आफैंले लगाउनुहुन्छ, त्यसकारण किन छापिएन भन्ने थाहा भएन" भने । उनले यो पनि बताए- "उनको नीतिसँग नमिल्ने लेख छापिन छाडेको छ ।" म अन्नपूर्णको नीति समातेर स्तम्भकार भएकै होइन । कुनै सम्पादकसँग सहमत हुन पनि लेखेको होइन । मेरो स्तम्भको नाम नै असहमति थियो । पछिल्लो समय स्तम्भको नामै हटाइदिने गरियो । मैले सम्पादकको मुख सुघ्न आवश्यक ठानिन । केही नभनी लेख्न छाडें । केही अङ्कको लेखन पारिश्रमिक फेरि पनि बाँकी छ । एकाध पटक मागें । खबर गर्छु भने । तर, अझै खबर आएको छैन ।

युवराज घिमिरे आफैं कति सम्पादकीय स्वतन्त्रता खोजेर बाहिरिन्छन्, थाहा भएन । तर, लेखकको स्वतन्त्रता र सम्पादकको स्वतन्त्रताकाबीच मैले अन्तर थाहा नपाएर यो प्रसङ्ग पनि यहाँ उठाएको हुँ । भिन्न विचारले ठाउँ नपाउने सम्पादकीय नीति मिडियाको हुन्छ भन्ने मान्यताका आधारमा उनले मेरा लेख रोकेका हुन सक्छन् । त्यसो भए प्रकाशकले सम्पादकीय स्वतन्त्रतालाई सीमित गर्ने गरी आफ्नो मिडिया नीति बनाउन सक्छ भनेर मान्नुपर्‍यो । प्रेस स्वतन्त्रता कुनै कुरा छाप्ने र नछाप्ने अधिकारसँग जोडिएको हुन्छ । सम्पादकीय स्वतन्त्रता प्रकाशकको दवावमा मिडिया सामग्री निर्क्योल गर्ने कि नगर्ने भन्ने सम्पादकको अधिकारसँग जोडिएको हुन्छ । आरके मानन्धरको अपेक्षा धेरै ठूलो थिएन । उनी लगानीकर्ता हुँदैनथे भने पनि उनी त्यसदिनको समाचारका लागि योग्य र पर्याप्त ठाउँ पाउन लायक थिए । त्यो उनी आफैं रिपोर्टर बोकेर हिड्ने गरेका कारण उत्पन्न स्थिति थियो । पछि उनले आफैं बुझेर केही नभनेका होलान् । अन्यथा नेपाल वर्ष नयाँ सम्वतको खबर छोट्याएर वा सानो पारेर दिनुपर्ने कुनै कारण थिएन । त्यो लेख्ने र दृश्य सम्पादन गर्नेको कमजोरी मात्र थियो । सम्पादन कक्षको नियतमा खोट थिएन । तर, अरुको स्वतन्त्र विचारलाई रोक्ने स्वतन्त्रता खोज्ने सम्पादकले प्रकाशकको अधिकार पनि संरक्षण गर्न चाहेको त थिएन ? यो सम्पादकीय स्वतन्त्रताका विषयमा बहस हुनुपर्ने विषय हो ।

दुर्भाग्यवस, नेपाल पत्रकार महासंघको महाधिवेशन पत्रकारिताका यी आयामहरुबारे छलफल गर्ने थलो बन्न सक्दैन । दल र गुटको राजनीतिभित्र नेतृत्व खोज्ने प्रवृत्ति अन्त्य भएमा कुनै दिन फेरि हामी पत्रकार यो बहसमा उत्रौला । किनकि नेपाली पत्रकारितामा अहिले नै यो बहसको अन्त्य भइहाल्ने अवस्था छैन ।

●●●

*(लेखक नेपाल पत्रकार महासंघका सभापति (२०५६-२०५८) हुनुहुन्छ)*




# मिठा सङ्गति, तिता अनुभूति

*राजनीतिक आस्था र सामाजिक धरातलसमेत फरक भएका हामी पत्रकारहरू एउटै संस्थामा बसेर काम गर्नु हाम्रा लागि (खासगरी मेरा लागि) फरक अनुभूति थियो । सँगै भयौं, सँगै छलफल र वादविवाद गर्‍यौं र नेपाली पत्रकारहरूको साझा समस्याहरूको हल खोज्ने साझाविन्दुमा सहमत पनि भयौं । जटिलताहरू थिए, छन् । तर पनि हामीबीच सहमति नभएकै कारण कुनै मुद्दा थाती रहेनन् । कुनै पनि समस्यामा अल्झिएनौं ।*



खिलबहादुर भण्डारी

सङ्गति भन्ने शब्द व्याकरणीय हिसाबले मिल्ने, जोरिने काम वा मेलमिलाप भन्ने अर्थ लाग्छ । साथै नेपाली शब्दकोशमा यसको अर्थ उपयुक्तताका दृष्टिले हुने भेला सभा भन्ने छ । तीन वर्ष अघि उपयुक्तताका हिसाबमै हामी नेपाली पत्रकारहरुको छाता सङ्गठन नेपाल पत्रकार महासंघको नेतृत्वमा जोडिएका थियौं । लोकतान्त्रिक आन्दोलनमा हामी पत्रकारहरु फरक फरक ढङ्गले जोडियौं । जुन वाद र विचारबाट प्रभावित भए पनि नेपाली पत्रकारहरुको साझा समस्यामा एकै ठाउँमा जुट्ने हाम्रो संस्कारको विकास भएको छ । राजनीतिक आस्था र सामाजिक धरातलसमेत फरक भएका हामी पत्रकारहरु एउटै संस्थामा बसेर काम गर्नु हाम्रा लागि (खासगरी मेरा लागि) फरक अनुभूति थियो । सँगै भयौं, सँगै छलफल र वादविवाद



गऱ्यौ र नेपाली पत्रकारहरुको साझा समस्याहरुको हल खोज्ने साझाविन्दुमा सहमत पनि भयौं । जटिलताहरु थिए, छन् । तर पनि हामीबीच सहमति नभएकै कारण कुनै मुद्दा थाती रहेनन् । कुनै पनि समस्यामा अल्झिएनौ । राजनीतिबाट सधै अलग भएको ठान्ने पत्रकारहरु राजनीतिक आन्दोलनबाट हामी कहिल्यै अलग भएनौं । पत्रकारहरु आफ्नो पेसागत हक अधिकारकै लागि राजनीतिक आन्दोलनमा जोडिएको सत्यतालाई हामीले भुल्नुहुन्न ।

जब हामी तीन वर्ष पहिले नेतृत्वमा चुनिएर सञ्चारग्रामको आँगनमा पाइला राख्यौं, हामीले राजनीतिक आस्था र विचारलाई बिर्सियौं । साझा र स्वयंसेवी संस्था नेपाल पत्रकार महासंघलाई हामीले साझा बनाउने कुरामा सक्दो प्रयास गऱ्यौं । सफल हुन सकियो, सकिएन समीक्षा गरौला । हामीमाथि आम मानिसहरुले मात्रै होइन, पत्रकारहरुले समेत हेर्ने दृष्टिकोण फरक फरक थियो । मसँग एउटा तितो अनुभूति छ, एकदिन एकजना पत्रकार नेताले नेपाल पत्रकार महासंघको चारतले भवनतिर आँखा लगाउँदै भनेका थिए, "यहाँ माथि अखिलको झण्डा पनि गाड्नु ।"

मन चसक्क भयो । यो कुरा गम्भीर र चिन्तित तुल्याउने थियो । तपाईलाई यस्तो लाग्छ ? उनलाई मसँग प्रश्न मात्र थियो, मैले उत्तर दिने प्रयास गरेको भए पनि उनलाई चित्त बुझ्ने थिएन, त्यसकारण उत्तर दिने प्रयास नै गरिनँ । उहाँलाई लाग्यो नेपाल पत्रकार महासंघको चारतले भवनका सबै कोठामा वामपन्थी विचारको छलफल र प्रशिक्षण चल्छ । यहाँ पेसागत हक, अधिकार र पत्रकारको पक्षमा कुनै सिन्का भाँचिदैन । के यस्तै थियो त ? यो ठूलो भ्रम र पूर्वाग्रही सोच मात्र थियो । हामी माथि लागेको आरोप सही थिएन ।

२५ औं महाधिवेशनको संघारसम्म आइपुग्दा महासंघको परिवारभित्र मिठो सम्बन्धबाट सुरु भएको तीन वर्षे नेपाल पत्रकार महासंघसँगको सङ्गत थोरै केही तिता अनुभूति संगालिएर सकिएको छ । नेतृत्वमा रहेका हामीबीच कुनै तिक्तता थिएन । असमझदारी भएन । हाम्रो कार्यकाल सकिए पनि सबै साथीहरुबीच सुमधुर सम्बन्ध झन् बढी भएको छ । भन्नैपर्छ धेरै काम गर्छु भन्ने प्रतिबद्धता जनाएर नेतृत्वमा आएको थिएँ । साथीहरुबीच गरेको वाचा बिर्सिएको छैन, सकेको गरियो, धेरै गरियो । उल्लेख्य काम गरियो । गरेका कामहरु दस्तावेजमा लिपिवद्ध भएका छन्, ती साक्षी छन् । निर्णय र कार्यान्वयन आफै बोल्छन् । यहाँ लेखेर साध्य लाग्दैन । नढाँटी फेरि भन्दैछु, भनेको जति काम गर्न सकिँन । किन सकिनस् ? प्रश्न गर्न पाउने अधिकार सबै पत्रकार साथीहरुसँग छ । साझा संस्थामा साझा ऐजण्डा बन्छन् र ती सामूहिक निर्णय गरेर कार्यान्वयनमा लैजानुपर्छ । नीतिगत रुपमा धेरै काम भएका छन् । दावी छ : पत्रकारहरुको हक अधिकारको लागि धेरै नै गरिएको छ ।

**समाचार लेख्ने र भन्ने पत्रकारहरु आफै समाचारका शीर्षक बनेका थिए । पत्रकारलाई तलब देऊ भन्दै चर्को घाममा हिमालयन टिभी र एभिन्यूज टिभीको आँगनमा बसेको धर्ना नेपाली पत्रकारहरुको आन्दोलनमा नयाँ इतिहास नै भन्दा हुन्छ ।**

**भुकम्पको विपत्तिमा**

हामी निर्वाचित भएको एकवर्ष लगत्तै नेपालमा ठूलो भुकम्प गयो । भुकम्पमा हामीले पत्रकार साथीहरुको लागि गरेको सहयोग साथीहरुले पक्कै बिर्सनु भएको छैन । हामी आफै आपतमा थियौं । आफ्नो आपतलाई बिर्सेर साथीहरुका लागि सकेको राहत बोकेर म आफै गोरखा पुगें, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, काभ्रे पुगें । नेपाल पत्रकार महासंघका सबै साथीहरु आ-आफ्ना ठाउँमा राहत बोकेर सहयोगका लागि सहरदेखि गाउँसम्म खटे ।

कहालीलाग्दा दिन मलाई सम्झना छ, २०७२ बैशाख २६ गते कोषाध्यक्ष सुर्यमणि गौतम र म सिन्धुपाल्चोक जाँदै थियौं । भुकम्पले चिरिएर गाडीकै चक्का छिर्ला जस्तो बाटो छिचोलेर चौतारा पुग्दा हामी माथि मुसलधारे पानी खनियो । स्थिति यति डरलाग्दो थियो कि हामी हिडिरहेको बाटो पनि तल भासिन्छ झै लाग्थ्यो । भुकम्पले सखाप भएको सहरमा बाँकी रहेका घरले पनि किचिहाल्छ कि भन्ने डर उत्तिकै थियो । तर पनि राहत बोकेर गयौं, साथीहरुलाई बाँड्यौं । साथीहरुलाई सान्त्वना दियौं ।

बेलुका चौताराबाट फर्कदा झमक्क रात पऱ्यो । चौतारामै बसौ भने पनि बस्ने ठाउँ थिएन । हामी चौताराबाट दोलखा हिड्यौं खाडीचौर नकट्दासम्म हाम्रो मुटु काम्रिरहेको थियो । बिजुली चम्केर, मुटु काम्ने गरी चट्याङ परेको थियो भने बाटोभरी पहिरो थियो, रातमा हामीमात्रै एकान्तमा कुदिरहेका थियौं । बेलाबेला भुकम्पका पराकम्पले गाडीसमेत हल्लाइरहेको थियो । पहिरोले बाटो छेक्छ कि भन्ने उत्तिकै पीर थियो । भुकम्पको पराकम्पन र चट्याङसँगै हामी चरिकोट पुग्यौं राती १२ बजे ।

मध्यरातमा चरिकोटका पत्रकार रविन्द्र गौतमको भुकम्पले भत्काएको घर बाहिरको टेन्टमा सुत्यौं । राती पराकम्पनले निद्रै परेन, बिहानै हामी चरिकोट उक्लियौं । साथीहरुलाई भेट्यौं । सबैजनासँग कुराकानी गऱ्यौं । हामीले लगेका सामान जति थियो, साथीहरुलाई बाड्यौं । दिउसो तामाकोशीको किनारमा भएको होटेलमा खाना खाएर रामेछापको मन्थली हिड्यौं, त्यहाँका साथीहरुलाई पनि हामीले लगेका सामानहरु दिएर काठमाण्डौ फर्कियौं । जताततै स्थिति कहालीलाग्दो थियो । हामीले चरिकोटमा सग्लो भेटेका जति

घर पनि हामी फर्किएको भोलिपल्ट अर्थात २७ गते बाँकी नरहने गरी दोस्रो ठूलो भुकम्पले सिध्यायो। कान्तिपुरका दोलखा चरिकोट संवाददाता राजेन्द्र मानन्धरले अघिल्लो दिन हामीलाई चर्किएको घर देखाएका थिए, भोलिपल्ट त त्यही पनि बाँकी नरहने गरी नास गरेको खबर सुन्नुपऱ्यो। अघिल्लो दिन बसेर खाना खाएको तामाकोशीको किनारमा रहेको होटल भोलिपल्ट त आगलागी भएर सखाप भएछ। संयोग नै मान्नुपर्छ, धन्न त्यो घटनाबाट पनि उम्किन पायौं। दोस्रोचोटी मन्थली जाने क्रममा होटेलको हालत देख्दा आङ नै सिरिङ्ग भयो।

गोरखाको हालत उस्तै थियो। नेपाल पत्रकार महासंघका तत्कालीन सचिव अनुपमा खनाल पाल पनि नपाएर सामान्य प्लास्टिकको ओत मुनि थिइन। कोही पत्रकारहरुको घर बाँकी थिएन। कान्तिपुरका पत्रकार भाइ सुदिप कैनी राज्यले सही ढङ्गले राहत नबाँडेको गुनासो सुनाउँदै थिए।

भुकम्पका पराकम्पले पिरोलीरहे पनि हामी साथीहरुलाई सक्दो सहयोग जुटाउने कुरामा सक्दो प्रयास गरियो। देशविदेशबाट सहयोग पनि जुटिरहेको थियो। हामीले यहाँ आम पत्रकार साथीहरुलाई भन्नैपर्छ भुकम्प आउनुपूर्व हामीसँग विपद्‌को लागि भनेर एक रुपैयाँ पनि थिएन, अहिले समयमा उपचार नपाएर कोही पनि पत्रकार ज्यान गुमाउनु पर्ने स्थितिको अन्त्य भएको छ। जस्तोसुकै अप्ठ्यारोबाट पनि हामी पत्रकारहरुको लागि उपचारको लागि अस्पताल पुऱ्याउन सक्ने स्थितिमा छौ भन्दा हुन्छ। भुकम्पकै पाठ सिकेर २९ लाखभन्दा बढी विपद कोशको स्थापना भएको छ।

**धर्नाका अनुभूति**

नेतृत्वमा आएदेखि नै पत्रकार साथीहरुले पत्रकारहरुले तलव नपाएको, नियुक्ति पत्र नपाएको, सरकारले तोकेको न्यूनतम तलब नपाएको गुनासो गरिरहेका थिए। पटक पटक केन्द्रीय समितिले निर्णय गरेर गुनासो गरिएको विषयमा सम्बन्धित संस्थाहरुमा जानकारी गऱ्यौं, तर सुनुवाई भएन। अन्ततः हामी धर्नामै बस्न बाध्य भयौं। नेपालका पत्रकारले तलबको लागि मिडिया हाउसमा धर्ना बस्दैछन् भन्ने कुनै अंग्रेजी अखबारमा समाचार पढ्दा विदेशी पत्रकारहरु शीर्षक पढेरै कति हाँस्दा हुन् ? तर, हामी त्यो नियति पनि भोग्दै थियौं। चर्चा नै थियो नेपाली पत्रकारहरुको लागि ९० दिनको एकमहिना हुन्छ, तीन महिनासम्म पनि तलब नपाएर मिडिया हाउसमा धर्ना दिन जानु कम पीडादायी खबर थिएन यो। समाचार लेख्ने र भन्ने पत्रकारहरु आफै समाचारका शीर्षक बनेका थिए। पत्रकारलाई तलब देऊ भन्दै चर्को घाममा हिमालयन टिभी र एभिन्यूज टिभीको आँगनमा बसेको धर्ना नेपाली पत्रकार हरुको आन्दोलनमा नयाँ इतिहास नै भन्दा हुन्छ। धर्ना बसेरै भए पनि पत्रकार साथीहरुको तलब दिलाएका थियौं।

**अलिकति समीक्षा**

नेपाल पत्रकार महासंघले नेपालको गणतान्त्रिक आन्दोलनमा निकै ठूला सङ्घर्षहरु गरेको छ। राजनीतिक दलहरु सडकमा ओर्लन नसकेको बेला पनि परिवर्तनको पक्षमा यसले खेलेको भूमिका निकै सह्रानीय छ। लोकतन्त्र बलियो भयो भने मात्रै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चिता ठान्ने महासंघले लोकतन्त्र प्राप्तिको आन्दोलनमा सहभागी हुनु कर्तव्य र जिम्मेवारी नै ठान्यो, विगतमा महासंघ र यसको नेतृत्वले खेलेको भूमिकालाई नजरअन्दाज गर्नु ठूलो भूल हुनेछ। जनयुद्धका बेला जेल हालिएका पत्रकारहरुको रिहाईको लागि गरिएको आन्दोलन बिर्सन सकिदैन। घाइते भएका पत्रकारहरुको लागि सुरक्षित ल्याएर उपचार गर्ने र विरामी पत्रकारको लागि देशविदेशबाट लाखौं उपचार खर्च जुटाएर उपचार गर्ने काममा नेपाल पत्रकार महासंघ कहिल्यै पछाडि हटेन। भुकम्पमा परेर ज्यान गुमाएका पत्रकारहरुको लागि राहत दिने, सहयोग गर्ने काम पनि उल्लेख गर्न लायक छ। यसका लागि विदेशमा रहेका शाखाहरुको योगदान चानचुने छैन। हाम्रै कार्यकालमा पूर्व सभापति गोविन्द वियोगी र पत्रकार सहिद कृष्ण सेनको स्मृतिमा नेपाल पत्रकार महासंघले पुरस्कार स्थापना गरेको छ। गर्दागर्दै पनि केही कमजोरीहरु भएका हुनसक्छन्। कतिपय गर्ने चाहना हुँदाहुँदै पनि साधनस्रोतको कमिका कारण गर्न सकिएनन्।

हामीले नेपाल पत्रकार महासंघको भूमिकालाई विभिन्न ढङ्गले परिभाषा गऱ्यौं। धेरै साथीहरुमा महासंघलाई कल्पवृक्ष नै ठान्ने प्रवृति पनि देखिन्छ। आफुले जे सोच्यो त्यो फल्नुपर्छ भनेर कल्पवृक्ष ठानियो भने सही हुँदैन। यस्ता संस्थाले समस्या परेको बेला छहारी दिनेसम्म काम गर्न सक्छन् भन्ने ठान्नुपर्छ। हामीमाथि असक्षमताको आरोप पनि लागेको छ। यो आरोप मात्र हो, आरोप पुष्टि हुने कुनै आधार छैन। साना-साना समस्यालाई बोकेर केन्द्रीय नेतृत्वमाथि हिलो छेप्ने, तालाबन्दी गर्ने काम हामी पत्रकारहरुका लागि स्वाभाविक लाग्ने घटना थिएनन्। विगतदेखि नै यस्तो प्रवृति थिए, अहिले यो बढ्दो छ। यी अस्वाभाविक लाग्ने घट्नाबाट धेरै पाठ पनि सिकाएको छ। समस्या आउँछन्, आग्रहपूर्वाग्रह पनि हुनसक्छन्, जानअन्जानमा कमिकमजोरी पनि हुन्छन् तर त्यसलाई हल गर्ने सजिला विधि हुँदाहुँदै पनि जटिलता थुपार्ने कामहरु भए। यस्तो प्रवृतिहरुलाई हामीले सच्चाउन सक्नुपर्छ।

पत्रकार, पत्रकारहरुले नेतृत्व गर्ने संस्था नागरिक समाजका अगुवाहरु हुन्। उनीहरुले समाजलाई दिशानिर्देश गर्नुपर्छ। समाजलाई दिशानिर्देश गर्नेहरु नै असमझदारीको कुहिरोमा रुमल्लिलिने हो भने समाजले हामीबाट गरेको अपेक्षा पूरा हुन सक्दैन। त्यसकारण समाजलाई दिशानिर्देश गर्ने कुरामा हामी कहिल्यै पनि चुक्नुहुन्न। नेपाल पत्रकार महासंघको नेतृत्वमा बसेर तीन वर्ष जे गऱ्यौं, नेपाली पत्रकारहरुको अधिकारकै लागि गऱ्यौं।

●●●

*(लेखक नेपाल पत्रकार महासंघका उपाध्यक्ष हुनुहुन्छ)*






# निरन्तर अभियानमा
## महासंघको तीन वर्षे कार्यकाल

*महासंघलाई निरन्तर अभियानमा डोऱ्याउँदा बेलाबेला आउने अड्चनका बाबजुत थुप्रै सकारात्मक काम भएका छन् । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, पत्रकारहरूको पेसागत तथा भौतिक सुरक्षाको निरन्तर रक्षा गर्दै नागरिक समाजको अगुवा संस्थाका रूपमा महासंघ थप मजबुत भएको छ ।*



उजिर मगर

निर्बाध सूचना र पहुँचको प्रत्याभूति अनिवार्यताका लागि निरन्तरताको अभियान । त्यसमा सामेल भएर हिडेको एक अभियन्ता । जुन अभियान अविछिन्न र निरन्तर छ । औंलामा गन्ने हो भने अभियन्ता भएर हिंडेको दुई दशक बितेको छ । जुन अभियानमा धेरै उतार चढाबको व्यवहारिक भोगाई रोमाञ्चक छन् । पछिल्लो पटक नेपाल पत्रकार महासंघको नेतृत्वमा आएपछि देखिने, भोगिने र हेरिने के हो ? यी अनुभूतिलाई यो कार्यकालको अन्तिममा आत्मसमीक्षामा परेका छन् ।

सबैभन्दा बढी 'जपिने शब्द' लोकतन्त्र ? बेला-बेला समाजमा घटने घट्ना र देखिने प्रवृत्तिहरुले लोकतन्त्रको सुन्दर गहना मानिने विधिको शासन, आचरणलाई गिज्याइरहेको छ । जसको प्रत्यक्ष वा अप्रत्यक्ष असर पत्रकारहरु माथि देखिन्छ । ह्वात्तै बढेको सामाजिक सञ्जाल, बग्रेल्ती खुलेका मिडियाका कन्टेन्ट हेर्दा सामाजिक विग्रह, आक्रोश, जवाफदेहीतामा उदासीनता, विधिको शासन, आचरणमा

देखिएको विचलनले त्यसलाई प्रष्टै पार्छ ।

लोकतन्त्रका अनिवार्य शर्त पारदर्शिता, आचरण र विधिको शासन हुन् । जुन शर्त अनिवार्य कार्यान्वयन भएका छन् कि छैनन् ? भन्ने प्रश्न पक्कै उठेको छ । समाजको संरचना जुन ढङ्गले निर्माण हुँदै गएको छ, त्यही ढङ्गले लोकतन्त्रका अनिवार्य शर्तहरु भत्किदै गएका छन् । जसको प्रभाव मिडिया जगतमा प्रष्टै देखिन्छ । कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका, राजनीतिक दल, कर्मचारीतन्त्र, सुरक्षा निकाय, नागरिक समाज, विभिन्न संघ संस्था तथा व्यक्तिमा देखिने लोकतान्त्रिक आचारणले नै समाज विकासको मापन गर्छ ।

प्रेस स्वतन्त्रता र व्यावसायिक पत्रकारिता समाज विकासका मूल आधार हुन् । कार्यपालिका, व्यवस्थापिका, न्यायपालिकाभित्रको कार्यसम्पादन लोकतन्त्रका मूल खम्बा पारदर्शिता, विधिको शासन पालना गरे कि गरेनन् ? भनेर सिधै मिडिया जगतले प्रश्न गर्नुपर्छ । त्यसैको आधारमा पत्रकारितालाई 'चौथो अङ्ग' भनिने विश्वव्यापी मान्यता हो । यतिबेला चौथों अङ्गको भूमिका के त ? भन्ने प्रश्नको जवाफ हामीले दिनैपर्छ ।

पछिल्लो पटक उच्चस्तरीय मिडिया आयोगले सरकारलाई बुझाएको 'राष्ट्रिय आमसञ्चार नीति-२०७३'ले यसको थप पुष्टि गर्छ । 'आमसञ्चारमाध्यमलाई स्वनियमन र स्वमूल्याङ्कनका लागि अभिप्रेरित गरी स्वच्छ, स्वस्थ र मर्यादित पत्रकारिताको विकास', आमसञ्चार नीतिको मुख्य उद्देश्य मध्ये एक हो । अहिले मिडिया अध्यताहरुले औंल्याउने विषय पनि यसैभित्र बढी पर्छ ।

**देखेर पूरा नभएको सपना**

मिडियाले पस्किने विषयवस्तु र पत्रकारहरुको व्यवहारबाट नेपाली समाज अछुतो छैन । सकारात्मक होस् वा नकारात्मक टिप्पणी हामीले पटक-पटक सुन्ने गरेका छौं । नेपाली मिडियाले विकासमा मारेको फड्को र त्यसले पर्ने प्रभाव, त्यससँगै आएका अराजकता र विकृतिका चाङ अध्ययन गर्दा बराबरी देखिन्छ । जुन चाङबाट महासंघ अलग रहन सक्दैन । कतिपय विषयवस्तुका जवाफदेहीता सम्बन्धित मिडिया हाउसहरुसँग जोडिए पनि अन्ततः पत्रकारहरुको छाता सङ्गठन भएकाले महासंघसँग पनि प्रश्न उठ्छ नै । कतिपय विषयमा महासंघ बोलेको छ र कतिपय विषयमा आवश्यकताका सिद्धान्तका आधारमा अध्ययन मात्रै गरिएको छ ।

सञ्चार क्षेत्रमा उठेका यी प्रश्नहरुलाई हल गर्न के आवश्यक हो ? भन्ने विषयको पहिचान महासंघको यो नेतृत्वले गऱ्यो । जुन एउटा 'ड्रिम प्रोजेक्ट'का रुपमा लिइयो । कार्यान्वयन हुन सकेन । यो तीन वर्षे कार्यकालको एउटा गर्न नसकिएको विषयभित्र एक नम्बरमा आउनेछ । पत्रकारिता पेसालाई मर्यादित बनाउने उद्देश्य सहित परिकल्पना गरिएको 'राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान' हो । जुन प्रतिष्ठानलाई अहिले सरकारले विचाराधीन अवस्थामा राखेको छ ।

**स्वयंसेवी संस्थाका रुपमा स्थापित संस्थालाई अनेक कोणबाट आक्षेप, आरोप प्रत्यारोप लगाउने प्रयत्न निरन्तर भए । त्यसका वावजुत महासंघको सिङ्गो नेतृत्वबीच देखिएको एकताले प्राकृतिक विपत्तीसँगै साङ्गठनिक रुपमा आइपरेका स–साना अवरोधलाई सहजै पार गरेको क्षण सबैभन्दा स्वर्णिम रह्यो ।**

**महाविपद्को अवस्थामा समाचार तथा दृश्यहरूको प्रकाशन/प्रसारण गर्दा कुनै पनि हालतमा मिडियाको धर्म, पत्रकार आचारसंहिता र मानवीय संवेदनशीलतालाई सञ्चारजगतले धैर्यका साथ बुझ्ने काम गरेको ठहर महासङ्घ निकालेको छ । यी सकारात्मक पत्रकारिता कहिल्यै बिर्सन नसक्ने क्षणहरु हुन् ।**

प्रशिक्षण प्रतिष्ठान किन चाहिन्थ्यो भन्ने आवश्यकतालाई उच्चस्तरीय समितिले समेत पष्ट्याइसकेको छ । सरकारलाई दिएको सुझावमा प्रष्ट्याएको छ । राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान गठनको आवश्यकताबारे सुझावमा भनिएको छ- 'पत्रकारिता पेसालाई व्यावसायिक र मर्यादित बनाउन आमसञ्चार सम्बन्धी अध्ययन, अनुसन्धान र प्रशिक्षणद्वारा सञ्चारकर्मीहरूको सीप तथा दक्षता अभिवृद्धि र अद्यावधिक गर्न एवम् उच्चतम् व्यावसायिक अभ्यासका लागि प्रेरित गर्न राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना गर्नैपर्छ ।'

जसबाट दक्ष जनशक्ति उत्पादन हुने र त्यसले 'लोकतान्त्रिक शासन व्यवस्थामा मात्र प्रेस स्वतन्त्रताको प्रवर्द्धन र व्यावसायिक पत्रकारिता'लाई टेवा पुऱ्याउँछ भन्ने हाम्रो नेतृत्वको निष्कर्ष थियो । आमसञ्चार नीतिमा समेत रहेकाले त्यसको कार्यान्वयनसँगै प्रतिष्ठान गठन हुने आशा भने प्रचुर रुपमा देखापरेको छ । महासंघ अविछिन्न उत्तराधिकारी संस्था भएकाले भावी नेतृत्वले समेत यो सपना पूरा गर्ने आशा कायमै छ ।

**मिडियामा देखिएको ध्रुवीकरण**

नयाँ संविधान जारी भएको २०७२ असोज ३ गतेको अघिल्लो दिनसम्म मध्य तराई/मधेस घुम्दा आन्दोलन ३४ औं दिन पुगेको थियो । मध्य तराई क्षेत्रको त्यो बेला दैनिकी हेर्दा 'जनता के हुन ? तराई/मधेस के हो ?' भन्ने थुप्रै प्रश्न उब्जिएका थिए । जुन प्रश्नहरु त्यहीँका राजनीतिक दल, व्यापारी, प्रशासन, नागरिक समाज, संचारकर्मीहरुसँग छलफल भएका थिए । आन्दोलन, बन्द, हड्ताल, कर्फ्यू, दङ्गाग्रस्त क्षेत्रको घोषणा जस्ता कार्य 'दैनिकी' जस्तै भएको थियो । त्यसपछि नाकावन्दीको मार पनि बेहार्नुपऱ्यो ।

आन्दोलनबाट प्रत्यक्ष मारमा परेका पत्रकार र पत्रकारिताको भूमिका अध्ययनका लागि महासंघले मध्य तराई/मधेस मिडिया मिसन सञ्चालन गरेको थियो । जसको नेतृत्व स्वयं मैले नै गरेको थिए । नेपाली समाज त्यसरी विभाजित हुनुमा दोष कसको भन्ने प्रश्न गम्भीर रुपमा खडा भएको थियो । यता जारी हुँदै गरेको नयाँ संविधानको धारा १९ मा-

'विद्युतीय प्रकाशन, प्रशारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृष्य सामग्रीको प्रकाशन तथा प्रशारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध नलगाइने, कुनै श्रव्य, श्रव्यदृष्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेवापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा



अन्य सञ्चारमाध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत नगरिने र कानुनवमोजिम वाहेक कुनै छापा, विद्युतीय प्रशारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध नगरिने' व्यवस्था गरियो ।

मधेसको एजेन्डा काठमाडौंले नसुन्ने । काठमाडौंमा दलका नेताहरुले तराई/मधेसबारे दिने अभिव्यक्ति र राष्ट्रिय तहका मिडियाले मधेस एजेन्डामा स्वस्थ बहस केन्द्रित नगर्ने । स्थानीय तहमा बग्रेल्ती खुलेका एफएमका उत्ताउला, उत्तेजक समाचार प्रशारण, सामाजिक सञ्जालमा देखिने अनर्गल टिप्पणीले मधेसलाई कहाँ पुऱ्याउला ? यसको हेक्का राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी, स्वयमले समेत गरेका थिएनन् । जतिबेला हामीले सुझाएका थियौं, पछिल्ला २ वटा मिसनले समेत त्यही निष्कर्ष निकाले । महासंघको सचेतपूर्वक आह्वान, मिसन, सङ्गठनात्मक निर्देशनबाट मिडियामा र समाजमा देखिने ध्रुविकरणको दुरी घट्दै गयो । यसमा महासंघको मिसनले निकालेका निष्कर्ष र मध्यस्थताले उल्लेख्य भूमिका निर्वाह गरेको छ ।

२०७२ भदौ ७ गते बरिष्ठ प्रहरी निरिक्षक लक्ष्मण न्यौपाने सहित ९ जनाको ज्यान जाने गरी आन्दोलन चर्कियो । कैलालीको टीकापुरमा चलेका अखण्ड पक्षधर र थरुहट पक्षधरबीचको तनावबाट स्थितिले गम्भीर मोड लियो । जसको मिडियामा सिधै प्रभाव देखियो । पहाडिया, मधेसी वा अखण्ड र थरुहट आन्दोलनबाट पत्रकार समेत विभाजित भएका थिए । जसलाई तोड्न महासंघको मिसनले सजह वातावरण सिर्जना गर्न सफल भयो । तराई/मधेसमा चलेका सबै आन्दोलनका क्रममा सबै मिसनको नेतृत्व गर्ने जुन अवसर जुऱ्यो त्यसले नेपाली समाज निर्माणसँगै मिडिया पनि ध्रुवीकरण भएको अनुभूति भयो । तर, त्यसलाई सहजीकरण गर्ने काम पनि काफी भए । जुन विषय महासंघको अभियानमा विरलै हुने घट्ना हुन ।

**जिम्मेवार मिडिया**

भूकम्पको अति जोखिमका बाबजुद नेपाली सञ्चारकर्मी र सञ्चारमाध्यमले समग्रमा निर्वाह गरेको भूमिका र पालना गरेको पेसागत दायित्व प्रशंसनीय बनेको कसैबाट छिपेको छैन । फेसबुक वालबाट 'सबै बचौं । सबैलाई बचाउँ । जे सकिन्छ त्यो रूपमा सत्यतथ्य सूचना प्रवाह गरौं । पत्रकार साथीहरूलाई केही परे पदाधिकारीलाई फोन गरौं' भनि विज्ञप्तिका रुपमा आह्वान गरियो । महाविपद्को अवस्थामा समाचार तथा दृश्यहरूको प्रकाशन/प्रसारण गर्दा कुनै पनि हालतमा मिडियाको धर्म, पत्रकार आचारसंहिता र मानवीय संवेदनशीलतालाई सञ्चारजगतले धैर्यका साथ बुझ्ने काम गरेको ठहर महासङ्घले निकालेको छ । यी सकारात्मक कुरा कहिल्यै बिर्सन नसक्ने क्षणहरु हुन् ।

महासंघको एउटा आह्वानसँगै आफ्ना परिवारलाई समेत वास्ता नगरेर मुलुकले व्यहोरेको विपत्तिलाई पत्रकारहरुले सकारात्मक सन्देश दिन सफल भए । साहसिक पत्रकारिता र जिम्मेवार भूमिकाका निम्ति सम्बद्ध सबै पत्रकार र सञ्चारमाध्यमप्रति महासङ्घको साधारणसभाबाट सम्मान व्यक्त गर्दा हलले एक साथ ताली बजाएर सम्मान गरेको थियो । हलको सम्मानले के पुष्टि गऱ्यो भने- 'केही विपत्ले सकारात्मक पाठ सिकाएर जान्छ ।'

महासंघलाई निरन्तर अभियानमा डोऱ्याउँदा बेलाबेला आउने अड्चनका बाबजुत थुप्रै सकारात्मक काम भएका छन् । दुर्घटना बिमा, महासंघलाई ट्रेड यूनियनमा लाने सैद्धान्तिक रेखा कोर्ने काम, श्रमजीवी पत्रकारहरुको न्यूनतम पारिश्रमिक बढाउने काम र मिडिया हाउसमा आन्दोलन, विरामी पत्रकारहरुको उपचार खर्च, कल्याणकारी कोषको बृद्धि जस्ता काम यथेस्ट भएका छन् । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, पत्रकारहरुको पेसागत तथा भौतिक सुरक्षाको निरन्तर रक्षा गर्दै नागरिक समाजको अगुवा संस्थाका रुपमा महासंघ थप मजबुत भएको छ । स्वयंसेवी संस्थाका रुपमा स्थापित संस्थालाई अनेक कोणबाट आक्षेप, आरोप प्रत्यारोप लगाउने प्रयत्न निरन्तर भए । त्यसका वावजुत महासंघको सिङ्गो टिमबीच देखिएको एकताले प्राकृतिक विपत्तिसँगै साङ्गठनिक रुपमा आइपरेका स-साना अवरोधलाई सहजै पार गरेको क्षण सबैभन्दा स्वर्णिम रह्यो ।

●●●

magarujir009@gmail.com

*(लेखक नेपाल पत्रकार महासंघका महासचिव हुनुहुन्छ)*



# पत्रकार असुरक्षाको कारण : कमजोर श्रम अभ्यास र निरङ्कूश सोच

*एकातिर राज्यले मिडियामाथि नियन्त्रण प्रयास गरिरहने र अर्कोतिर बग्रेल्ती खुलिरहेका मिडियाले आफू टिक्न मिडिया कन्टेन्टमा सम्झौता गर्ने स्थिति बढिरहने हो भने नेपाली मिडिया कमजोर हुने निश्चितप्रायः छ ।*



प्रभात चलाउने

पछिल्लो स्थानीय निर्वाचनका क्रममा नेपालमा दस जना पत्रकारहरु गिरफ्तार गरिए । केही पत्रकारलाई ५५ दिनसम्म जेल र हिरासतमा राखियो । गिरफ्तार गरिएका कुनै पनि पत्रकारलाई न त पक्राउ पुर्जी दिइएको थियो न त कुनै कारण नै भनिएको थियो । 'माथिबाट तपाईलाई बोलाइएको छ' भन्दै लगेर विनाकारण ५५ दिनसम्म हिरासत र जेलमा राखिदा पीडित पत्रकार र उनका परिवारलाई कस्तो भयो होला ? कल्पना पनि गर्न सकिन्न ।

गिरफ्तार परेका दसै जना पत्रकारहरुलाई घर र रिपोर्टिङ गरिरहेको अवस्थामा समातिएको थियो । रोल्पाका पत्रकार पुष्टमान घर्तीमगर नेपाल पत्रकार महासंघ रोल्पा शाखाको अधिवेशन चलिरहेकै बेला समातिएका थिए । महासंघको प्रदेश पार्षदमा निर्वाचित भएका उनलाई २८ दिन हिरासत र २७ दिन जेलमा गरी ५५ दिन नियन्त्रणमा लिइएको थियो । त्यसैगरी रुकुमका

**प्रेस स्वतन्त्रता उल्लंघनका घटना**

***बैशाख १९***

*क्याम्पसमा पढाएर घर फर्कदै गर्दा उपप्राध्यापक समेत रहेका रुकुमका पत्रकार हरिविष्णु ओलीलाई बाटोबाटै गिरफ्तार । महासंघद्वारा भर्त्सना ।*

***बैशाख २५***

*रोल्पाका पत्रकार पुष्टमान घर्तीमगरलाई नेपाल पत्रकार महासंघको अधिवेशन चलिरहेकै ठाउँबाट गिरफ्तार । महासंघद्वारा भर्त्सना ।*

***जेठ ३***

*नेपाल प्रहरीद्वारा नेपाल पत्रकार महासंघ ललितपुर कार्यसमिति सदस्य, नेट पत्रिका डटकमका प्रकाशक तथा सम्पादक एवं जनता टेलिभिजनका सम्वाददाता विकास भट्टराई र महासंघ दाङ शाखाका सदस्य तथा जनपाटी अनलाईनका सम्पादक सुदर्शन मंगोल र पत्रकार ठाकुरप्रसाद तिमिल्सिना पक्राउ । पत्रकार महासंघद्वारा भर्त्सना ।*

***जेठ १२***

*नेपाल महासंघकी केन्द्रीय सदस्य सुष्मा पौडेललगायत पोखरामा क्रियाशील पत्रकार महिलाहरूलाई समाचार लेखेकै आधारमा भौतिक कारबाहीको धम्की । अनुसन्धान तथा कारबाही नभएकोमा नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण ।*

***जेठ १५***

*बुटवलस्थित लुम्बिनी टेलिभिजनका समाचार वाचक एवं खस्यौली रेडियो बुटवलका कार्यक्रम प्रस्तोता तथा बुलन्द साप्ताहिकका क्षेत्रीय प्रतिनिधि कृष्णप्रसाद पाण्डेमाथि कुटपिट । नेपाल पत्रकार महासंघको ध्यानाकर्षण ।*

***जेठ २४***

*नेपाल प्रहरीद्वारा नेपाल पत्रकार महासंघ प्युठान शाखाका सहसचिव तथा लिस्ने एमफएम र मान्टेन टिभीका प्युठान संवाददाता हरि भण्डारी र लिस्ने एफएमकै संवाददाता याङ्क पुन र राजेन्द्र राउत क्षेत्री पक्राउ । पत्रकार महासंघद्वारा हस्तक्षेपको विरोध गर्दै दोषीलाई कारबाही गर्न माग ।*

***जेठ २५***

*प्रसारित कार्यक्रमको विषयलाई लिएर नेपाल पत्रकार महासंघ हुम्ला शाखा अध्यक्ष एवं सामुदायिक रेडियो कर्णाली आवाजमा कार्यरत अर्जुन बोहरा र र रोडियो प्रस्तोता मिमसिंह नेपालीमाथि आक्रमण र दुर्व्यवहार । पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण ।*

***जेठ २७***

*भक्तपुरको ठिमीस्थित हनुमन्ते खोलाको प्राकृतिक धार परिर्वतनको समाचार संकलनका क्रममा महासंघ भक्तपुर शाखा कार्यसमिति सदस्य तथा कान्तिपुर दैनिककी लीला श्रेष्ठ, पार्षद एवं राससका फोटो पत्रकार रत्नकृष्ण श्रेष्ठ, रमेश गिरी र मिडिया एमपीका पत्रकार सुदिपकुमार पौडेलमाथि दुर्व्यवहार । महासंघद्वारा दोषीलाई कारबाही गर्न माग ।*

पत्रकार हरिविष्णु ओली, पर्वतका पत्रकार गोपाल जिसी, गोरखाका पत्रकार विकास भट्टराई, प्यूठानका पत्रकार हरी भण्डारी, याङ्क पुन, राजेन्द्र राउत, काठमाडौंमा पत्रकार सुदर्शन मंगोल, ठाकुप्रसाद तिमिल्सिना र रुकुमका पत्रकार लिलाराम बुढालाई पनि कुनै कारण विना, विना पक्राउ पुर्जी समातेर लामो समय हिरासतमा राखियो । तर, विडम्वना पत्रकार सुरक्षामा काम गर्ने राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्था वा मानवअधिकार रक्षक कसैले पनि यसबारे बोलेनन । त्यति चासो पनि राखेको पाइएन ।

पत्रकार पुष्टमान घर्ती मगरको गिरफ्तारीका बारेमा कुरा गर्न रोल्पा जिल्ला प्रशासन कार्यालय पुगेको पत्रकार महासंघको टोली सामु प्रमुख जिल्ला अधिकारी डा. डिजन भट्टराईले उनले लेखेका समाचार, उनले फेसबुकमा सेयर गरेका समाचार र फेसबुकमा लेखेका स्टाटसको स्क्रिनसट क्याप्चर गरेर तयार पारिएको फाइल देखाए । प्रजिअ भट्टराईले गिरफ्तार गर्नुका कारण समाचार र फेसबुक स्टाटस भएको भने पनि उनीमाथि सार्वजनिक अपराधको मुद्दा चलाइएको थियो ।

त्यसैगरी स्थानीय निर्वाचनकै बीचमा कञ्चनपुरबाट प्रकाशित दैनिक मानसखण्ड पत्रिकाका सम्पादक खेम भण्डारी र कार्यकारी सम्पादक जी भट्टलाई पक्राउ गरियो । पत्रिकामा प्रकाशित समाचारमा नाम जोडिएका व्यक्तिका आफ्नतलाई जवरजस्त उजुरी हाल्न लगाएर प्रहरीले उनीहरुलाई समातेको पछि थाहा हुन आयो । पत्रकार भण्डारी र भट्टको गिरफ्तारीका बारेमा भने सबैतिर विरोध भएका कारण उहाँहरुलाई २८ घन्टापछि रिहा गरियो ।

यी पछिल्लो समयका केही प्रतिनिधिमूलक घटना मात्र हुन । यसले पत्रकारहरु जतिबेला पनि गिरफ्तार पर्ने गरेको, प्रहरीले प्रेस काउन्सिलको क्षेत्राधिकार समेत मिचेको वा काउन्सिलको भूमिकालाई स्वीकार गर्न नचाहेको प्रष्ट सङ्केत गर्दछ । त्यसैगरी नेपालमा प्रेस राज्यबाटै बढी असुरक्षित रहेको सङ्केत पनि यसले गर्छ । पटक पटक उठान भइरहने आन्दोलनमा रिपोर्टिङ गर्ने पत्रकारहरु बढी सुरक्षाकर्मीबाटै पिटिएका धेरै घटना छन् । राज्यले प्रेस स्वतन्त्रताको जगेर्ना गर्नु त परै छ, असुरक्षाको कारण बन्नु दुर्भाग्य हो । साथै यी घटना कही न कही राज्यको निरङ्कुश सोचका परिणाम पनि हुन् । वकितम्मा सत्तासीन दलका नेताहरुले सधै प्रजातन्त, मानवअधिकार र प्रेस स्वतन्त्रताको कुरा गर्ने तर भित्री मनबाट भने परेका बेला प्रेसलाई आफ्नो मुठीभित्र राख्नुपर्छ भन्ने सोच बढ्दा छन् । प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेपसँगै नयाँ संविधान २०७३ ले प्रत्याभूत गरेको विचार र आस्थाको स्वतन्त्रतामाथिको ठाडो हस्तक्षेपको उदाहरण हो यो ।

उसो त विभिन्न समयमा हुने आन्दोलनमा पनि आन्दोलनकारीबाट समेत प्रेसमाथि पहिलो आक्रमण हुने गरेका छन् । मिडियाले समाचार नलेखिदिएका, लेखे पनि तथ्य नै बङ्ग्याएर लेखेको र पूर्वाग्रहीपूर्ण प्रस्तुति शैली भएका गुनासा र केही आक्रोश पनि प्रेसमाथि पोखिने गरेका छन् । कैलालीको टिकापुर काण्ड, नाकाबन्दी र केही आन्दोलनका क्रममा आन्दोलनकारीबाट पनि प्रेस असुरक्षित रहने खतरा हामीले अनुभूत गर्‍यौ ।

राज्यको प्रेस माथिको व्यवहार र बुझाई अनि कहिले सुशुप्त अवस्थामा रहने तर जतिबेला पनि उठान हुनसक्ने विविध खालका आन्दोलनहरुमा प्रेसमाथि हुने आक्रमणको प्रवृतिलाई हेर्दा नेपाली प्रेस निकै जोखिमपूर्ण अवस्थामा रहेको प्रष्ट हुन्छ । यद्यपि भएका घटनाहरुलाई पनि ध्यान नदिने वा मिनिमाइज गर्ने वा सतही तथ्याङ्कहरु टिपेर विश्लेषण गर्नेहरुले नेपालमा प्रेस स्वतन्त्रताको अवस्था धेरै सुधारिएको देखाइरहेका छन् । पत्रकार सुरक्षा

कार्यक्रम सञ्चालन गर्ने कतिपय संस्थाहरुले गरेका यस्ता विश्लेषणकै कारण पनि नेपाली मिडिया प्रताडित बनेको देखिन्छ।

पत्रकारको सुरक्षा भने विश्वभरकै ठूलो चुनौती हो। पत्रकारमाथि आउने धम्की अनगिन्ती छन्। जसका कारण सेल्फ सेन्सर सिप बढिरहेको छ। पेसाको विशिष्टताका कारण यसलाई पूर्ण रुपमा सुरक्षित राख्न सकिने नहुन सक्छ। धम्की आउने, आक्रमण हुने, पत्रकारका साधनहरुमाथि तोडफोड हुने घटना मात्र नभई पत्रकारहरु नमारिएको वर्ष नै छैन। पत्रकारहरुको सुरक्षामा काम गरिरहेको अन्तराष्ट्रिय संस्था कमिटि टु प्रोटेक्ट जर्नालिस्ट (सीपीजे) ले गरेको एक अध्ययन अनुसार सन् १९९२ यता १२४९ पत्रकारहरु मारिएका छन्। सन् २०१७ मा मात्र २१ जना पत्रकारहरु मारिएका छन्। सीपीजेका अनुसार सन् २०१६ मा ४८, २०१५ मा ७२, २०१४ मा ६१, २०१३ मा ७३, २०१२ मा ७४ पत्रकारहरु मारिएका छन्। त्यसमध्ये सबैभन्दा बढी इराकमा १५१ जना पत्रकारहरु मारिएका छन। फिलिपिन्समा ७३, अल्जेरियामा, रसिया ५३, सोमालिया ४८, पाकिस्तान ४६, कोलम्बिया ४३, भारत २८, मेक्सिको २७ पत्रकार मारिएका छन्। मारिएका मध्ये ७० प्रतिशत पत्रकारहरुको हत्या गरिएको देखिन्छ भने १८ प्रतिशत पत्रकारहरु क्रस फायरमा परेका छन्। त्यसैगरी ५५ जना पत्रकारहरु वेपत्ता पारिएका छन् भने २५६ जना पत्रकारहरु जेलमा परेको देखिन्छ।

विकसित देशहरुमा समेत प्रेस स्वतन्त्रता र पत्रकारको सुरक्षाको प्रश्न निकै कमजोर बनिरहेको अवस्थामा नेपालको अवस्था सुध्रिएको भन्न सकिन्न। भौतिक रुपमै पत्रकार गुमाउनेक्रम घटेको भए पनि सुरक्षा थ्रेट भने पहिलाभन्दा अझ बढेको नेपाल पत्रकार महासंघको मोनिटरिङ युनिटमा सङ्कलित तथ्याङ्कले देखाउँछ।

यस सन्दर्भमा गर्नुपर्ने अर्को कुरा भनेको हाम्रो पत्रकारिता अभ्यास हो। पत्रकारिताको अभ्यास कमजोर बन्दै जाँदा आक्रमणका घटना बढ्ने गर्छ। अथवा कमजोर व्यावसायिक अभ्यासले प्रेसको धर्मलाई मार्न पनि सक्छ। पत्रकारिताको स्तर सुधारिएन वा पत्रकारिताको सिद्धान्त र स्थापित मुल्य मान्यताभन्दा बाहिर रहेर गरिने पत्रकारिताले प्रेस कमजोर बन्ने र असुरक्षा बढ्ने हुन्छ। त्यसैगरी पत्रकारिताको वास्तविक धर्म निर्वाह नगरी शक्तिको गुणगान गाउनेतिर वा विजनेस बढाउने पत्रकारिता मात्र गर्ने मिडिया र मिडियाकर्मीमाथि त्यति खतरा नहुन पनि सक्ने देखाउँछ। यसले पनि असल पत्रकारिताको हत्या नै गर्छ। यी दुबै कुरा पत्रकारिताको स्थापित मुल्यमान्यता र सिद्धान्त विपरित छन्। पछिल्लो समय नेपालमा च्याउसरी मिडिया खुलेका छन्। गाउँगाउँमा बजारले थेग्नै नसक्ने गरी रेडियो, पत्रपत्रिका खुल्ने क्रम बढिरहेको छ। त्यस्तै अहिले अनलाइन मिडिया पनि ह्वात्तै बढेका छन्। सूचना विभागको रेकर्ड अनुसार त्यहाँबाट परिचय पत्र लिने र नविकरण गर्ने पत्रकारको पछिल्लो आँकडाभन्दा दर्ता भएका मिडियाको संख्या बढी छ। यद्यपि सबै पत्रकारले सूचना विभागको पास लिएका छैनन।

च्याउसरी मिडिया मात्र बढेका छैनन कि यसले श्रमजीवी र मालिकको पहिचान समेत हराउन खोजेको स्थिति छ। पत्रकार आफैले मिडिया खोल्ने र आफै काम गर्ने क्रम बढिरहेको छ। ठूला कर्पोरेट मिडियामा काम गर्ने धेरै श्रमजीवी पत्रकारहरुले समेत आफ्नो छुट्टै अनलाईन वा अन्य मिडिया खोलेको भेटिन्छ। यसरी एउटा श्रमजीवी पत्रकार जब मिडिया सञ्चालन गर्ने, टिकाउने र त्यसबाट फाइदा आर्जन गर्ने भूमिका निर्वाह गर्ने ठाउँमा पुग्छ, तब त्यहाँ वास्तविक पत्रकारिताको धर्म निर्वाह हुन्छ वा हुन्न भन्ने प्रश्न उब्जिन्छ। मिडिया टिकाउने बाध्यतामा बाँधिदा त्यो मिडियाबाट उत्पादन र सम्प्रेषण हुने कन्टेन्ट कस्ता हुन्छन भन्ने सन्देह पैदा हुन्छ। वा विज्ञापनदाताका गल्ती कमजोरीका समाचार त्यो मिडियाबाट कभरेज हुन्छन कि हुँदैनन भन्ने प्रश्न उठ्छ।

यसरी विज्ञापन वा लगानीबाट मिडिया कन्टेन्ट प्रभावित हुन्छन्, त्यसपछि मिडियाका कन्टेन्ट गुणगानमा बढी केन्द्रित हुन जान्छन। त्यस्तो बेला मिडियामाथिको चुनौती स्वाभाविक रुपमा घट्छ नै। किनकि मिडिया र मिडियाकर्मीमाथिको सुरक्षा चुनौती बढ्ने भनेको उसको आलोचनात्मक विशेषताका कारण नै हो। मिडियाले खोज्ने पारदर्शिता, मिडियाले देखाइदिने वास्तविकता र मिडियाले गरिदिने भण्डाफोरका कारण उसमाथि आक्रमण हुने र असुरक्षा बढ्ने हो। यदि त्यसमा सम्झौता गरिदिने हो भने भजनकारिता बाँकी हुन्छ। भजनकारितामा खतरा होइन, प्रशंसा र पुरस्कार नै पाउने सम्भावना रहन्छ। यस्तो पत्रकारिताको विकास हुनु समाजका लागि खतरा हुन्छ। सामाजिक विकासमा गतिरोध पैदा हुन्छ।

यसरी एकातिर राज्यले मिडियामाथि नियन्त्रण प्रयास गरिरहने र अर्कोतिर बग्रेल्ती खुलिरहेका मिडियाले आफू टिक्न मिडिया कन्टेन्टमा सम्झौता गर्ने स्थिति बढिरहने हो भने नेपाली मिडिया कमजोर हुने निश्चितप्रायः छ। न्यूनतम पारिश्रमिक निर्धारण समितिको पछिल्लो प्रतिवेदन अनुसार ६० प्रतिशतभन्दा बढी पत्रकारहरु अहिले पनि अत्यन्तै न्यून तलबमा काम गरिरहेका छन्। ४० प्रतिशतभन्दा बढी पत्रकारहरु आफैले मिडिया चलाएर बसेका छन्। सम्पादकीय स्वतन्त्रताको मर्मलाई नबुझिएमा मिडिया सञ्चालक आफै हुँदा वा मालिकका स्वार्थमा परिचालन हुने स्थिति बन्दा कही न कही मिडियाको धर्म सम्झौताको शिकार बन्छ।

यी दुबै खाले समस्याबाट बचाउँदै पत्रकारहरुको भौतिक सुरक्षाको सुनिश्चित गर्नु र पत्रकारिताको स्तरलाई माथि उठाउनु हाम्रा अगाडिको ठूलो चुनौती बनेको छ। त्यसका लागि हामीले कानुनी सुनिश्चिता खोज्दै आएका छौ। नेपाल पत्रकार महासंघले नेपाली प्रेसलाई कानुनबाटै सुरक्षित राख्न संविधान निर्माणको चरणमा थुप्रै प्रयास गऱ्यो। नयाँ संविधान संसदबाट पारित हुनै लाग्दा त्यसमा प्रस्ताव गरिएका कतिपय प्रावधानहरु सच्याउन ठूलो दवाव सिर्जना गऱ्यो। त्यस्तै बेलाबेलामा प्रेसको भूमिकालाई खुम्च्याउने आसयकासाथ ल्याइएका विधेयक, निर्देशिका वा ऐन कानुनहरुलाई फिर्ता गराउन पनि महासंघले थुप्रै काम गऱ्यो। यद्यपि मुलुकको तरल राजनीतिक अवस्था र सङ्क्रमणकालीन अवस्थाका कारण सबै प्रयासहरु पूर्ण सफल भने भएनन। साथै कतिपय कानुनमै व्यवस्था गरिएका कुराहरु पनि कार्यान्वयनमा आउन सकेका छैनन्। राज्यका निकायले नै त्यस्ता नियम कानुन उल्लङ्घन गरेका प्रशस्त उदाहरण छन्। राज्य वा गैर राज्यपक्षबाट भएका प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेपका घटनाको उचित छानविन हुने, दोषी उपर कारवाही हुने पनि गरेको छैन। यसरी दण्डहिनता बढ्दै जाँदा आपराधिक कार्यहरु पनि बढ्दै गएका छन्। प्रेसमाथिका धम्की, आक्रमण, भौतिक रुपमै हुने क्षतिका घटना बढिरहेका छन्। यसको निरुपण हाम्रा अगाडिका गम्भीर चुनौती हुन्।

●●●

*(लेखक नेपाल पत्रकार महासंघका सचिव हुनुहुन्छ)*






# पत्रकारहरूको जीवन रक्षामा महासंघ

> म अधिकारलाई सुनिश्चित गराउनुका साथै महासंघले पत्रकारहरुको जीवन रक्षामा पनि काम गर्दै आएको छ। बेलाबेलामा अभियान सञ्चालन गरेर महासंघले थुप्रै पत्रकारहरुको जीवन रक्षा गरेको छ। कतिपय अवस्थामा ठूलो मेहनत गर्दा गर्दै पनि जीवन बचाउन नसकिएका अनुभूति हामीसँग छन्। महासंघले पत्रकार कल्याणकारी कोषमार्फत सामान्य उपचारका लागि प्रति वर्ष सयौं पत्रकारहरूलाई सहयोग गर्दै आएको छ। यहाँ भने आकस्मिक रूपमा हुने ठूला दुर्घटना र आपतविपदमा महासंघले गरेका केही प्रतिनिधिमूलक कामबारे पीडित भएका पत्रकार र पत्रकारका परिवारसँग यहाँ छोटो कुराकानी गरिएको छ।

**दुर्घटना बिमाको सुविधाबाट ठूलो राहत पाए**

*भरत केसी (बुटवल)*

म २०७३ साल जेठ १८ गते एउटा ठूलो दुर्घटनामा परें। दुर्घटनापश्चात मलाई अचेत अवस्थामा साथीभाइले अस्पतालसम्म पुऱ्याउनुभयो। म एउटा श्रमजीवी पत्रकार जब दुर्घटना पश्चात् उपचार प्रक्रिया अघि बढ्दै गर्दा मलाई उपचारमा लाग्ने रकमको चिन्ताले सताइरहेको थियो। नेपाल पत्रकार महासंघले ल्याएको जीवन बिमामा म पनि सहभागी भएको थिए। दुर्घटना भएको केही दिन पश्चात् मैले थाहा पाए कि मैले दुर्घटना बिमामा दावी गर्न पाउछु। पत्रकार महासंघको सहयोगमा मैले बिमा दावी गरे र उपचारका क्रममा लागेको २ लाख रकम एक महिना भित्रै पाएँ। दुर्घटनामा कोही नपरोस् भन्ने मेरो कामना छ तर पनि दुर्घटना कतिबेला निम्तन्छ भन्ने कुरा कही ठेगान हुँदैन। यसर्थ त्यस्ता भवितव्य दुर्घटनामा परेमा हामी श्रमजीवी पत्रकारले उपचारका लागि कही कतै याचना गर्न नपरोस् भनेर महासंघले ल्याएको दुर्घटना बिमाका कारण मैले ठूलो राहत महसुस गरे। संयोगले बिमाको सुविधा प्राप्त गर्ने पत्रकार म नै पहिलो बने। आम पत्रकारलाई बिमा



कार्यक्रममा सहभागी हुन आग्रह गर्दछु र नेपाल पत्रकार महासंघले धेरैको जीवन बचाउन यस अभियान ल्याएकोमा विशेष आभारप्रकट गर्दछु ।

### जेष्ठ पत्रकार सम्मान वृत्ति महासंघको प्रशंसनीय काम



*चक्रपाणी नेपाल*

समाज सेवाको रुपमा युवा अवस्थाको सुरुवातदेखि पत्रकारिता पेसा रोजे । हाल म ७४ वर्ष पुगेँ । २४ वर्षको उमेरदेखि पत्रकारिता पेसा सुरु गरेको अहिले यस पेसामा रहेको ५० वर्ष बितिसकेछ । उमेर पनि बित्यो, सिङ्गो जीवन पत्रकारिता पेसामा नै बिताए । व्यवसाय गरेको भए पैसा कमाइन्थ्यो होला तर समाजमा परिवर्तन ल्याउन पत्रकारितामा लागियो । बुढेस कालमा आएर पनि अझै पनि पत्रकारिता पेसामा नै छु । पत्रकार महासंघले ६५ वर्ष पार गरेका र ३० वर्ष निरन्तर पत्रकारिता गरेका जेष्ठ नागरिकको सम्मानमा प्रतिमहिना १ हजारका दरले वर्षमा १२ हजार रकम दिएर जुन सम्मान दियो यसको लागि महासंघलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । सिङ्गो जीवन पत्रकारितामा नै बिताएका जेष्ठ पत्रकारलाई सम्झने पनि त आखिर कोही आफ्नो संस्था नेपाल पत्रकार महासंघ रहेछ । धेरै खुसी लागेको छ ।

### महासंघको साथले आफुलाई सम्हाल्न हिम्मत मिल्यो



*सरिता खनाल (सुर्यकुमार क्षेत्रीकी जीवनसंगीनी)*

हाम्रो खुसीको संसार मबाट समयले चुडेर लग्यो । उहाँलाई बचाउन सकेसम्म सबै कोसिस गरे तर रोग नै त्यस्तो लाग्यो । उहाँको उपचारका लागि नेपाल पत्रकार महासंघ लगायत विभिन्न पत्रकार संगठन र देश विदेशबाट पत्रकार साथीहरुले व्यक्तिगत रुपमा पनि जसरी साथ सहयोग दिनुभयो त्यसप्रति म सधै ऋणि रहनेछु । दुःख पर्दा पैसाभन्दा पनि मान्छे कमाउनु पर्दोरहेछ भन्ने लाग्यो । उपचारको शिलशिलामा नेपाल पत्रकार महासंघले १ लाख र बच्चाको पढाईका लागि भनेर केही समयअघि ५० हजार दिएको थियो । त्यो बेलामा व्यक्तिगत र संस्थागत गरी बिभिन्न पत्रकार संघसंस्था र पत्रकार साथीहरुले ठूलो सहयोग जुटाउनु भएको थियो । मेरो जीवनमा अपुरणीय क्षति भयो तर त्यो दुःखमा जसरी महासंघ सहित अन्य सङ्गठन र पत्रकार साथीहरुले संस्थागत र व्यक्तिगत रुपमा साथ दिनुभयो त्यो साथले आफुलाई सम्हालिन हिम्मत दियो । अहिले पनि मेरो साथमा पत्रकार साथीहरु हुनुहुन्छ भन्ने लाग्छ । म मेरो श्रीमानले अपनाएकै पेसालाई निरन्तरता दिने सोचमा छु । मलाई जस्तो दुःख कसैलाई नपरोस् यदि कसैलाई परिहाल्यो भने पनि दुःखका बेलामा  नेपाल पत्रकार महासंघको साथ सबैले पाउन भन्न चाहान्छु ।

### दुःखमा धेरै ठूलो साथ पाएँ महासंघबाट



*राधिका अर्याल (सञ्जय न्यौपानेकी जीवन संगिनी)*

मेरो श्रीमान पत्रकारिता पेसामा हुनुहुन्थ्यो । यो पेसामा कहिल्यै समय आफुले चाहे अनुसार घर परिवारलाई दिन उहाँलाई मुस्किल थियो । उहाँ सम्पादक तहमा हुनुहुन्थ्यो । हाम्रो सानो परिवार हाँसी खुसी बाँचिरहेका थियौ । तर, नियतीले मबाट मेरो खुसी खोसेर लग्यो । कुनै रोगले सताएको भन्ने कहिल्यै थाहा थिएन उहाँलाई । तर, एक्कासी कहिल्यै सञ्चो नहुने रोग लाग्यो । अनेक प्रयत्न गर्दा पनि हामीले उहाँलाई बचाउन सकेनौं । मान्छेलाई दुःख पर्छ, परेको आपतविपतलाई सहनु वाहेक अरु विकल्प हुँदैन । तर पनि दुःखमा साथ, सहयोग भयो भने त्यो दुःख, पीडाबाट आफुलाई सम्हाल्न मद्दत मिल्छ । मेरो श्रीमानलाई क्यान्सर जस्तो घातक रोग लागेको रहेछ । उपचारका लागि सबै कोसिस गरियो तर सम्भव भएन । उहाँको आम्दानी राम्रै थियो तर उपचारका लागि हामीसँग भएको रकम मात्र प्रयाप्त थिएन । त्यतिबेला नेपाल पत्रकार महासंघ मार्फत ११ लाख ४७ हजार २ सय ९ रुपैयाँ प्राप्त भयो । देश विदेशमा रहेका थुप्रै साथीहरुको साथ सहयोग रह्यो । दुःखको बेलामा जसरी मैले साथ सहयोग पाएँ र उहाँको योगदानलाई कदर गर्दै पुरस्कृत समेत गरियो । सुरुसुरुमा कस्तो पेसा होला जस्तो लाग्थ्यो तर आज उहाँले अपनाएको पेसाप्रति गर्व छ । सबैको साथले दुईवटा सन्तानलाई हुर्काउँदै अगाडि बढ्नका लागि हिम्मत जुटेको छ । नेपाल पत्रकार महासंघलाई विशेष धन्यवाद दिन्छु ।

### दुर्घटनाबाट म अचेत हुँदा परिवारको भरोसा बन्यो महासंघ



*गोपी बुढा*

म २०७१ साल ....मा गम्भीर दुर्घटनामा परे । दुर्घटनाका कारण म अचेत अवस्थामा थिए । मेरो परिवारको भरोसा म आफै थिए । म आफै अचेत अवस्थामा पुगेपछि परिवारका सदस्यहरु आत्तिनु स्वाभाविक थियो । त्यतिबेला नेपाल पत्रकार महासंघले उपचारका लागि धेरै सहयोग गऱ्यो । मेरो अचेत अवस्थाका कारण आत्तिएका परिवारले महासंघबाट निक्कै भरोसा पायो । दुर्घटनाका कारण म आज अपाङ्ग अवस्थामा छु । त्यतिबेला दुर्घटना बिमाको व्यवस्था थिएन । अब त दुर्घटना बिमाको व्यवस्था भएको छ । यो सुविधामा सबै सहभागी बनुन् । त्यतिबेला महासंघले मलाई काठमाण्डौंसम्म ल्याउन र अस्पतालमा उपचार प्रबन्ध मिलाउन धेरै ठूलो भूमिका निर्वाह गऱ्यो । महासंघले त्यतिबेला २५ हजार रकम सहयोग गरेको थियो । दुर्घटना भन्ने कुरा कतिबेला

निम्तन्छ यो कसैलाई थाहा हुँदैन । त्यसैले बिमामा सबै सहभागी बनौं भन्न चाहन्छु । सबै पत्रकारलाई आपत विपतको साथी एवं अविभावक बनेको छ नेपाल पत्रकार महासंघ । महासंघलाई विशेष धन्यवाद दिन्छु ।

### मेरो आपतको साथी बन्यो महासंघ



*चित्र मिजार, पत्रकार*

एकछिन अगाडि सँगै घरबाट निस्किएका हामी माझ नियतिले यति धेरै बज्रपात गर्ला भन्ने कुरा हामीलाई के थाहा ! शनिवारको दिन श्रीमती बच्चाहरुसहित चर्चमा प्रार्थनाका लागि निस्किइन् । म भने जुरे पहिरो पीडितलाई राहत वितरण हुन लागिरहेको कार्यक्रमको रिपोर्टिङमा निस्किएको थिए । २०७२ साल वैशाख १२ गते मेरो लागि कालो दिन बनेर आयो । महाबिनासकारी भुकम्पमा परी चर्चमा रहेका १६ जनाले ज्यान गुमाउनुपर्‍यो । त्यसमा मेरी श्रीमती पनि परिन् । बच्चाहरुलाई जोगाउनका लागि यताउता भौतारिदा उनले बच्चा त जोगाइन् तर उनी यो संसारबाट सदाका लागि विदा भइन् । ममाथि परेको यो बज्रपातमा घटना घटेको केही दिन लगतै नेपाल पत्रकार महासंघको केन्द्रीय टोली सिन्धुपाल्चोक, लामोसाँघुस्थित मेरो घरमा आइपुग्यो । म मेरो परिवार तहस नहस भएपछि निक्कै ठूलो पीडामा थिए । केन्द्रबाट पत्रकार महासंघका अध्यक्ष सहितको टोली मलाई भेट्न मेरो घरमा आइपुग्दा मैले मेरो अविभावक पाएको अनुभुति गरे । सुखमा त साथ दिने धेरै हुन्छन् तर मेरो लागि दुःखमा मेरो अविभावक बन्यो महासंघ । त्यतिबेला महासंघले रु. २५,००० र पछि बच्चाको शिक्षाका लागि रु. १५,००० दियो । दुःखमा जसरी महासंघले साथ दियो म महासंघप्रति सधै ऋणी हुनेछु ।

### छोरा गुमे पनि मेरा धेरै छोरा रहेछन्



*सुमन भोम्जनकी आमा*

असल पत्रकार बनेर देशले नै चिन्ने गरी आमा बुवाको नाम राख्छु भन्थ्यो । तर, २०७२ सालमा आएको भुकम्पले हाम्रो सपना चुडेर लग्यो । काठमाडौं स्थित महाबौद्धमा आफ्नै डेरामा पुरिएर हामीलाई छोडेर गयो । आपनो सन्तान गुमाउनु जस्तो दुःख सायद संसारमा अरु केही छैन । आपनो छोरा गुमाउनुको शोकमा रहँदा नेपाल पत्रकार महासंघ र खेलकुद पत्रकार मञ्चका अध्यक्षहरु सहित थुप्रै पत्रकारहरु घरमै भेट्न आए । छोराले सधै भन्थ्यो पत्रकार भएर देशको नाम राख्छु । उसलाई दैवले चाँडै लग्यो तर पनि उसका साथीभाइ सबै घरमा आएर जसरी दुःखमा साथ दिए । मलाई मेरा धेरै छोराहरु रहेछन् भन्ने लाग्यो । नेपाल पत्रकार महासंघले त्यतिबेला रु. २,००,००० रकम दिएको थियो भने अन्य सङ्गठनहरुले पनि धेरै सहयोग गरेका थिए ।

(घटनापछि पत्रकार महासंघको टोलीसँग स्व.सुमन भोम्जनकी आमाले आफ्नै निवासमा व्यक्त गर्नुभएको भनाईमा आधारित)

### दुःखमाथि दुःख थपिएको छ



*ममता बोहोरा (स्व. कर्ण बोहोराकी जीवनसंगीनी)*

मेरो दुबै किड्नी खराब भएपछि उपचारका लागि हामी अस्पतालमा थियौ । यति महङ्गो र ठूलो रोग लागेपछि उहाँ धेरै चिन्तामा हुनुहुन्थ्यो । समयमा खाना नखाने र बढी चिन्तामा देखेपछि मलाई झन् बढी चिन्ता हुन्थ्यो । म अस्पतालको वेडमा मृत्यु कुरेर बसिरहँदा उल्टो उहाँले नै छाडेर जानुभयो । हृदयघातका कारण उहाँको देहान्त भयो । मेरो उपचारका लागि सहयोग गर्नुहुने र उहाँलाई मरणोपरान्त पुरस्कार दिनुहुने सबैलाई धन्यवाद दिन चाहन्छु ।

*(स्व.कर्ण बोहोराको श्रीमतीको उपचारका लागि अस्पतालमा रहँदा हृदयघात भएर निधन भएको थियो भने उहाँकी श्रीमती ममता बोहोराको पनि यही साउन २३ गते निधन भइसकेको छ । कर्ण बोहोराको निधन लगत्तै महासंघको टोलीसँग उहाँले गर्नुभएको संवाद हो यो । उहाँको उपचारको लागि महासंघमार्फत रु. १९,२३,७३८ सहयोग भएको थियो ।)*

●●●

*प्रस्तुति : संगीता खड्का*




## श्रमजीवी पत्रकारका समस्या

# निको नहुने घाउ

*ऐनले तोकेअनुरूपको सुविधा नपाएकै कारण पत्रकारहरू आफू असुरक्षित महसुस गर्नु पत्रकार र स्वयं सञ्चारगृहका लागि पनि घाटाको विषय हो । जब कुनै व्यक्तिले आफू सधैं असुरक्षित महसुस गर्छ भने उसबाट जिम्मेवारीअनुसारको काम सञ्चार गृहले अपेक्षा गर्न सक्दैन ।*



**ध्रुव लम्साल**

न्यूनतम पारिश्रमिक निर्धारण समितिको प्रतिवेदन (२०७०, जेठ) भन्छ : श्रमजीवी पत्रकार मध्ये ५६.५५ प्रतिशतले नियुक्तिपत्र पाएका छन् । ३८.१९ प्रतिशतसँग नियुक्तिपत्र छैन । ५.२६ प्रतिशतले यसबारे बोल्न चाहेका छैनन् ।

चार वर्षपछिको स्थिति अलिकति फरक छ । बिभिन्न समयमा गरिएको अध्ययन अनुसार नियुक्तिपत्र दिएर काम गराउने सञ्चार गृहको सङ्ख्या बढेको छ । नेपाल पत्रकार महासंघको 'श्रमजीवी पत्रकार हित प्रवर्द्धन समिति'ले विभिन्न सञ्चारगृहमा कार्यरत पत्रकारसँग गरेको साक्षात्कारमा नियुक्ति पत्र पाउने पत्रकार अधिक भेटिए । पछिल्लो २०७४ सालको तथ्याङ्क अनुसार ९० प्रतिशत बढी पत्रकारको हातमा नियुक्तिपत्र छ ।

नेपाल पत्रकार महासंघले श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका सन्दर्भमा मूलतः नियुक्तिपत्र, न्यूनतम पारिश्रमिकको सुनिश्चितता, समयमा पारिश्रमिक र बक्यौता रकम चुक्ता गर्नुपर्ने मुद्दा अघि सारेको छ । महासंघले सञ्चार प्रतिष्ठानमा कार्यरत पत्रकारलाई नियुक्तिपत्र



अनिवार्य दिनुपर्ने भनेर गरेको आग्रहले केही हदसम्म भए पनि पालना गरेको देखिन्छ ।

महासंघसँग भएको छलफल र भेटघाटपछि केही सञ्चारगृहले पत्रकारहरुको बक्यौता रकम दिने र विनियम बनाई लागु गर्ने विषयमा सहमति समेत जनाएका छन् । तर, यस्ता सहमति पूर्णरुपमा पालना भएको पाइदैन । सरकारले पत्रकारको न्यूनतम पारिश्रमिक १९ हजार ५ सय तोकेपछि कतिपय ठूला सञ्चारगृहले समेत न्यूनतमको मापदण्ड पूरा गरेका छैनन् ।

समितिको पछिल्लो प्रतिवेदन अनुसार ४३.०४ प्रतिशत पत्रकारले अझै न्यूनतम भन्दा कम पारिश्रमिकमा काम गरिरहेका छन् ।

सरकार आफैंले सञ्चालन गरेको सञ्चारगृहमा समेत ऐन कार्यान्वयनको अवस्था सन्तोषजनक छैन । सबै सरकारी सञ्चार माध्यमका आ-आफ्नै ऐन, नियम र विनियम छन्, जुन श्रमजीवी पत्रकार ऐनसँग बाझिएको र ऐन अनुसारको सुविधा पाउनबाट वञ्चित हुनुपरेको पत्रकारहरुको भनाइ रहेको छ । यदि सरकारी सञ्चार माध्यमले ऐनसँग नबाझिने गरी विनियमावली बनाउने हो भने केही हदसम्म श्रमजीवी पत्रकारका समस्या समाधान हुने थियो ।

यस बाहेक ऐनका अन्य प्रावधानतर्फ समेत ध्यानाकर्षण गर्नु जरुरी भएको छ । ऐनले सञ्चारगृहमा कार्यरत मध्ये १५ प्रतिशतभन्दा बढीलाई करारमा राख्न नपाउने व्यवस्था गरेको छ । कतिपय सञ्चारगृहमा अझै शतप्रतिसत पत्रकार करारमै काम गर्न बाध्य छन् । ऐनले तोके अनुसारको विदा लगायत अन्य सुविधा उपभोग गर्न नपाउने पत्रकारको सङ्ख्या धेरै छ ।

ऐनले तोकेअनुरुपको सुविधा नपाएकै कारण पत्रकारहरु आफू असुरक्षित महसुस गर्नु पत्रकार र स्वयं सञ्चारगृहका लागि पनि घाटाको विषय हो । जब कुनै व्यक्तिले आफू सधै असुरक्षित महसुस गर्छ भने उसबाट जिम्मेवारी अनुसारको काम सञ्चारगृहले अपेक्षा गर्न सक्दैन ।

पत्रकारमाथि भएका कतिपय आक्रमणमा आर्थिक विषय समेत जोडिएर आउने गरेको छ । आर्थिक सन्दर्भ जोडिएर कुनै पत्रकारमाथि आक्रमण हुनु श्रमजीवी पत्रकारका लागि त लज्जाको विषय हो नै, यस्तो अवस्थामा सम्बन्धित सञ्चारगृहले पनि प्रतिष्ठा गुमाएको देखिन्छ । पत्रकारमाथि हुने भौतिक आक्रमणमा कुन घटना समाचार प्रकाशित भएका कारण वा कुन घटना अवाञ्छित र अमर्यादित सम्बन्धका कारण भएका हुन् भनेर छुट्याउन कतिपय सन्दर्भमा महासंघलाई पनि गाह्रो पर्ने गरेको छ ।

श्रमजीवी पत्रकार ऐन बनेको २३ वर्ष पूरा भए पनि ऐन कार्यान्वयनको अवस्था फितलो हुनुमा सञ्चारगृहकै कमजोरी हो भन्न धक मान्नु पर्दैन । २०५१ सालमा श्रमजीवी पत्रकार ऐन पारित भएपछि सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवीले आफ्ना हक, हित, सुविधा र सुरक्षाको व्यवस्था गर्छ भन्ने आशा गरेका थिए । साथै यसले सञ्चार प्रतिष्ठानलाई दरिलो बनाउन पनि भूमिका खेल्छ भन्ने ठानिएको थियो ।

कतिपय मिडिया सञ्चालकले श्रमजीवी पत्रकार ऐनलाई 'हाउगुजी'का रुपमा बुझ्ने गरेका छन् । ऐनमा भएका केही प्रावधान अव्यवहारिक भएको गुनासो सञ्चारगृह सञ्चालकले गर्ने गरेका छन् ।

यदि त्यस्तो हो भने अबको छलफलमा श्रमजीवी र सञ्चारसंस्थाका प्रतिनिधिहरु बसेर ऐन परिमार्जन गर्न जरुरी छ । ताकि श्रमजीवी पत्रकार ऐन अमूर्त चित्र जस्तो नहोस् र यसलाई श्रमजीवीको हितमा हुने गरी कार्यान्वयन गर्न सकियोस् । तर, यो विषयमा छलफल गर्नुपर्दा मिडिया सञ्चालकहरु कम सहभागी हुने गरेका छन् ।

श्रमजीवी पत्रकार ऐन कार्यान्वयनले केवल पत्रकारको मात्रै हित गर्ने होइन, संस्थाको विकासमा सहयोगी हुन्छ भन्नेमा मिडिया सञ्चालक जानकार हुन जरुरी छ ।

**१९ हजार ५ सयले निम्त्याएको समस्या**

सरकारले पत्रकारको न्यूनतम पारिश्रमिक १९ हजार ५ सय बनाएपछि मिडिया सञ्चालकले यही अङ्कलाई पनि गलत व्याख्या गर्ने प्रयास गरे । आफ्नो संस्थामा कार्यरत पत्रकार मध्ये जसको १९ हजार ५ सय पुगेको थिएन, उसको जसोतसो पुऱ्याए पनि त्योभन्दा बढी तलब लिने पत्रकारको तलब बृद्धिमा समस्या देखिएको छ ।

कतिपय मिडिया सञ्चालकले हाकाहाकी भन्ने गरेका छन् 'हामीले १९ हजार ५ सय दिएकै छौं ।' भर्खर पत्रकारितामा प्रवेश गर्नेहरुले न्यूनतम पारिश्रमिक पाए पनि पुराना र वर्षौंदेखि काम गरेका पत्रकारको पारिश्रमिक बृद्धिमा सञ्चार गृहले आनाकानी गरिदिंदा पत्रकारहरुबीच नै वैमनश्यता समेत उत्पन्न हुने गरेको छ । 'म भन्दा जुनियरको तलब बढाएर न्यूनतम पुऱ्याए तर, मेरो तलब बृद्धिमा व्यवस्थापनले चासो दिएन ।' एक टेलिभिजनमा ७ वर्षदेखि काम गर्दै आएका पत्रकारले गुनासो गर्दै भने 'न्यूनतम १९ हजार भनेको सिनियरहरुको नबढाउ भन्ने होइन तर मिडिया सञ्चालकले त्यसरी पनि बुझेका छन् ।'

जुनियरको तलब बढ्दा र आफ्नो नबढ्दा काममा उत्साह नजाग्ने ती पत्रकारको भनाई थियो । यस्तै समस्या पछिल्ला केही दैनिक पत्रिका र टेलिभिजनका न्यूज रुममा समेत बढेको छ ।

**अन्तमा**

न्यूनतम तलब लगायत, सेवा सुविधा वृद्धिको कुरा गर्ने बित्तिकै कतिपय मिडिया सञ्चालकले भन्ने गरेका छन् 'हामीले धान्न नसक्ने भयौं, अब सञ्चारगृह बन्द गर्नुको विकल्प छैन ।' पत्रकार महासंघले गरेको आन्दोलनपछि हुने वार्तामा प्राय मिडिया सञ्चालकले यही कुरो दोहोऱ्याउने गरेका छन् भने कतिपय पत्रकारले सञ्चारगृह बन्दको कुरा आउने बित्तिकै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको मुद्दासँग जोडेर हेर्ने गरेका छन् ।

सँधै यसरी नेपाली मिडिया चल्दैन भन्नेमा मिडिया सञ्चालक र पत्रकार समेत सचेत हुन जरुरी छ । कुनै पनि मिडिया सञ्चालकले आफु साँच्चै मर्कामा परेको कुरा गर्छन् र बन्द गर्न चाहन्छन् भने त्यस्ता मिडिया बन्द गराउन पत्रकारले पनि सकारात्मक भूमिका निर्वाह गर्नुपर्छ । किनकि न्यूनतम तलब दिन नसक्ने सञ्चारगृह बन्द हुँदा मुलुकमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हनन् हुन्न भन्नेमा पत्रकार समेत सचेत हुन जरुरी छ ।

हरेक दैनिक पत्रिका, टेलिभिजन, एफएमलगायतमा पत्रकार महासंघका प्रतिष्ठान शाखा छन् । आफ्नो संस्थामा कार्यरत पत्रकार र व्यवस्थापकको नियतको विषयमा चासो राख्नु प्रतिष्ठान शाखामा आवद्ध पत्रकारहरुको पनि दायित्व हो । अहिलेको अवस्थामा कुनै मिडिया सञ्चालकले म १९ हजार तलब दिन सक्दिन भन्छ भने ती मिडियाले दिने समाचारले समाजमा कस्तो सन्देश प्रवाह गर्छ भनेर पनि विचार गर्नुपर्छ । तसर्थ अब कुनै पनि मिडिया सञ्चालकले 'मलाई गाह्रो छ, म १९ हजार ५ सय दिन सक्दिन भन्छन् भने 'तिम्रो मिडिया बन्द गर मिडिया चलाएर धेरै तनाव नलेउ भन्न सक्नुपर्छ ।'

●●●

*(लेखक नेपाल पत्रकार महासंघका सचिव हुनुहुन्छ)*




# ‘पोस्ट ट्रूथ’ र यसका असरहरू

*अहिले हल्ला उच्चप्रविधिबाट फैलाइन्छ र एकैछिनमा संसारभर फैलिएर भाइरल बनिसक्छ । कर्पोरेट मिडिया र पोस्ट ट्रूथकर्मीलाई  सत्य जे होस् त्यसको कुनै अर्थ रहँदैन्, जो उसलाई ठिक लाग्छ त्यही समाचार बन्ने गर्छ । कालान्तरमा कुनै घटनाले वास्तविकरूपमा देखिएपछि जनमानस त बनिसकेको हुन्छ, त्यसलाई नै उत्तर सत्य भनिन्छ ।*



नरेन्द्रजंग पिटर

***जब सत्य जुत्ता लगाइरहेको हुन्छ, तब झूट पूरा संसार परिक्रमा गरेर फर्किसकेको हुन्छ– मार्क टुवेन ।***

‘धर्मराज’ युधिष्ठिरले गुरु दोर्णाचार्यलाई मार्न ‘नरो वा कुन्जरो वा, अस्वस्थामा हतो हत’ भन्दै अस्वस्थामा मरेको हल्ला चलाए । ‘सत्यवादी’ सूचनास्रोतको भनाइ प्रतिपक्षी सेनापति द्रोणले नपत्याउने कुरै भएन् । महाभारतको युद्धकथा भनेको कपट, झुट र षडयन्त्रका गाथा हुन् । त्यो अहिले दुनियाँमा चलेको ‘पोष्ट ट्रूथ’ शब्दको आदिकालीन प्रयोग र त्यसको उपयोगिता थियो । यदि धर्मयुद्ध भनिएको महाभारतमा कृष्णकपट हुँदैनथ्यो भने युद्धका परिणाम नै अर्कै हुन्थ्यो । हरेक धर्मका आदिग्रन्थहरु वा वैदिक साहित्य अर्थात शक्तिसाहित्य तर्क र तथ्य निषेध गर्छन् । त्यसैले यस लेखमा ‘पोस्ट ट्रूथ’लाई छलफलको विषय बनाइएको छ ।

**पोस्ट ट्रूथ’ के हो ?**

सन २०१६ मा संसारमै सर्वाधिक प्रयोग भएको शब्द ‘पोस्ट ट्रूथ’ भनेर अक्स्फोर्ड डिक्सनरीले घोषणा गऱ्यो । भावना तथ्यभन्दा ठूलो भएर

आशिंक सत्य, भ्रमित सत्य, काल्पनिक सत्यले जनमानस तयार गरिन्छ भने यसैलाई पोष्ट ट्रूथ भनिन्छ । यसले साधारण घटनालाई असाधारण बनाईदिन्छ र असाधारणलाई साधारण बनाउन बीचमा धुवाँको पर्खाल खडा गरिदिन्छ ।

एल्डस हकसले भन्छन्- अस्वीकार गरिदिने वित्तिकै तथ्यको अस्तिव मेटिदैन्' तर 'पोस्ट ट्रूथ' जनमत निर्माण गर्न भावनात्मक अपील र निजी विश्वास वस्तुगत तथ्यभन्दा प्रभावी बन्ने अवस्था सिर्जना गरिदिन्छ ।

आक्रामक पुँजीवादले पछिल्लो कालमा भ्रमित राजनीति र घृणाको जनमानस तयार गर्न अनेकौ कलामय कुटीलताको प्रयोग गर्दै आयो । 'पोस्ट ट्रूथ' अर्थात् सत्योत्तर वा तथ्योत्तर युग हो, जहाँ निर्णय र बहसहरु तथ्यमा आधारित नभएर विश्वासका जगमा खडा हुन्छन् । हरेक विश्वासहरु नयाँ तर्क र नयाँ तथ्यले तोडिन सक्छन् वा अझ समृद्ध पनि हुन सक्छन् तर 'पोस्ट ट्रूथ'को पैदा गर्ने विश्वास भनेको अन्धास्थामै हुने गर्छ ।

इराक अतिक्रमण र लिवियामाथिका हस्तक्षेप र सद्दाम हुसेन र कर्णेल गद्दाफीको हत्या पूर्व जे जस्ता हल्ला फैलाइएका थिए, इराकी र लिवियन प्रवासीहरुको जेजस्तो भूमिका थियो, पश्चिमा मिडियाले जे जस्तो भ्रमित समाचार फैलाए, ती सबै कालान्तरमा आत्मसमीक्षा गरिए पनि हुने/हुनामी भइसकेको थियो, 'पोस्ट ट्रूथ' कै त्यो प्रयोग थियो । भारतमा मोदी-उदयकाल, युरोपियन संघबाट बेलायत बाहिरिनु र डोनाल्ड ट्रम्प अमेरिकी राष्ट्रपतिमा विजय हुनु 'पोस्ट ट्रूथकै' उम्दा प्रयोग थियो । यसका नकारात्मक पक्षबारे स्वयम् ती देशहरुमा अहिले गम्भीर बहस र ठूलो चिन्ता छाएको छ । त्यसैले पनि यो शब्द अहिले सर्वाधिक प्रयोग भएको शब्द हो ।

संसारमा पुँजी र प्रविधिको घालमेलले जिन्दगीमा खुसी बेचेर सुख किन्ने अत्यन्तै व्यस्त एउटा शिक्षित रुढिवादी समाजको विकास हुँदैछ । किन र कसरी भन्ने तर्क गर्न उसँग फुर्सदै छैन् । त्यो हल्लामा, अन्धविश्वासमा बग्ने समूहमा फेरिँदै छ । त्यही कमजोर बिन्दुमा फर्जी सूचनाखेलमा फसेर मान्छे भावनामा बग्दै त्यसैको समर्थक बन्न पुग्छन् भलै त्यसमा तथ्यको घोर अभाव किन नहोस् । नयाँ प्रविधि र फर्जी तथ्यको प्रचार प्रसारले जनमतलाई प्रभावमात्र पार्दै छैन् झूठ बोल्ने कलाको महारथ पनि बनाउँदैछ । अझ भावनामा खेल्न फर्जी राष्ट्रवाद, धार्मिक-अतिवाद र उग्र जातिवाद यसका मलिला भूमि बन्न पुग्छन् । घृणा नै यसको मेरुदण्ड हो । हीनताबोध र असुरक्षाको भय-सिर्जित राजनीति, अभाव, तनाव र अतितृष्णाले मान्छेलाई यसको सहजै शिकार बनाउँछ ।

**मिडियामा 'पोस्ट ट्रूथ'**

मिडियामा जनसरोकारका विषय र गम्भीर मुद्दामा अधुरो खबर दिनु, समाचारलाई नै लुकाउनु, दवाउनु, फर्जी खबर गर्नु, सत्य र झूठो समाचार एवम् विचारका बीच धुवाँको पर्दा लगाइदिने गर्छ । यसले एउटा सामान्य तथ्यलाई अतिरञ्जना गर्दै समाचार कोरल्नु, त्यसै काल्पनिकता र झूटोलाई तथ्य बनाएर प्रस्तुत गर्दै योजनाबद्ध सक्रियताले समाजको सामूहिक विवेकमाथि मात्रै होइन, नैतिकताका स्थापित मान्यतालाई नै कमजोर बनाइदिन्छ । हामीले माथि केही राजनीतिक घटना, पात्र र प्रवृतिका कुरा गर्यौं । उनीहरुले झुटो बोले, तथ्यलाई तोडमरोड गरे, अंशमा खेलेर समग्रमा आक्रमण गरे र आम जनताको विश्वास आर्जन गरे, मिडिया त्यसैको बैशाखी बन्यो । मिडियाले छवि निर्माण र ध्वस्तमा सत्तासँग मिलेर पनि काम गर्यो । समय बित्दै जाँदा त्यो सत्य सावित भएन तर विश्वासिलो तर्कको आँखा उघार्दासम्म बन्दुकबाट गोली छुटिसकेको थियो । धर्तीका स्वर्ग इराक र लिविया मसानघाट बनेका थिए, भारत धार्मिक फासिवादको अखडामा फेरिँदै गयो । जो आँखा भएका धृतराष्ट्रहरुले अहिले प्रष्ट देखेका छन् । इराकी अहमद चलावीहरु र लिवियन प्रवासी कसरी प्रयोग भएर आफ्नै जन्मथलोलाई महाचिहानमा फेरे भन्ने कुरा पश्चिमा मिडियाले फैलाएको 'पोष्ट ट्रूथकै' करामत थियो ।

'पोष्ट टुथमा' सत्यको महत्व रहँदैन । मान्छेको भावना र विश्वास सर्वोपरी हुन्छ चाहे त्यो यर्थातसँग किन कुनै साइनो नै नभएको होस् । काल्पनिक सत्य र वास्तविक सत्यबीचको फरक नै मेटाइदिन्छ । नकार भावना विकास गर्छ । सामाजिक सञ्जालको प्रसारसँगै झुटो बोल्ने निम्नस्तरको कलामा पारङ्गत गरेर तथ्य, तरिका दुवैलाई नकार्दै घृणा नै मानवीय उर्जा बनाउन पुग्छ । काल्पनिक तथ्यलाई प्रोत्साहन गरेर प्रोपोगान्डालाई बढाउँछ ।

अहिले हल्ला उच्चप्रविधिबाट फैलाइन्छ र एकैछिनमा संसारभर फैलिएर भाइरल बनिसक्छ । कर्पोरेट मिडिया र 'पोस्ट ट्रूथकर्मी'लाई सत्य जे होस् त्यसको कुनै अर्थ रहँदैन्, जो उसलाई ठिक लाग्छ त्यही समाचार बन्ने गर्छ । कालान्तरमा कुनै घटनाले वास्तविकरुपमा देखिएपछि जनमानस त बनिसकेको हुन्छ, त्यसलाई नै उत्तर सत्य भनिन्छ ।

**हाम्रो अवस्था**

सन १९९२मा सर्वियन-अमेरिकी दिवङ्गत नाटककार स्टेभ टेसिकले (क्तभखभ त्भकछ्अज) पोस्ट ट्रूथ शब्द पहिलो पटक प्रयोगमा 'सत्य अब त्यतिको प्रासङ्गिक रहेन्' भनेता पनि हाम्रा कवि भूपी शेरचनले त यो हल्लै हल्लाको देश पहिल्यै नै भनिसकेका थिए । उनले त्यसै भनेका होइनन् । हल्ला कोरलिन्छ मात्र होइन, फैलाइन्छन् पनि । हल्ला फैलाउने सञ्जाल कस्तो चुस्त/दुरूस्त र कलामय छ ! त्यसै अनुसारको जनमानस तयार गरेर भूमिकामै उतारिन्छन् । हल्लाको गन्ध सुँघेर स्थायी सत्ताको अन्तरहृदय बुझ्न सकिन्छ । ती संयोग वा भूलवस नभै योजनामै चालिन्छन् ।

अब झन् एउटा हल्ला कोरल्यो, त्यसलाई सामाजिक सञ्जालमा पोष्ट गर्यो, त्यसैलाई फैलाउने आईटी सेल तयार गर्यो, न्यूजमेकरले नै गलत तथ्य वा सत्यको अंशमा टेकेर आफ्नो मिसनमा पछुवा लगायो, फेसबुकिया समाज र जमाना त्यस्तालाई बाँदरलाई लिस्नु नै बन्दैछ, नै ।

सरकार बदलेको जो कसैले सहजै पचाउन सक्छ तर सत्ता परिवर्तनका अभ्यासलाई स्थायी सत्ता पचाउनै सक्दैन । त्यसका प्रभावहरु जनमानस निर्माण गर्ने मिडिया, साहित्य र वौद्धिक विमर्शमा पर्ने गर्छन् । विश्वासमाथिको प्रहार सहीनसक्नु हुन्छ, त्यसको प्रतिकारका लागि आवेग र आक्रोश उरालिन्छन् । 'पोस्ट ट्रूथले' अंश र सन्दर्भ त खोज्छ, त्यसमा टेकेर मनोमानी निष्कर्ष निकाल्न व्यक्तिसँग रहेका अन्तरनिहित आग्रह, कुन्ठा, प्रतिसोध, अपेक्षा, अभाव, तनाव र कामनाजस्ता मनोभावलाई जागृत गराएर सत्यसँग सरोकार राख्न दिँदैन । हल्लालाई सत्य मान्ने र सत्यलाई हल्लामा उडाईदिने काम मिडियाद्वारा गराइन्छ ।

त्यसको बाछिटा नेपालको शान्ति प्रकृयामा त देखिएकै थियो त्यसको उत्कर्ष भने संविधान सभाको चुनाव हुँदै पहिलो पटकको स्थानिय सत्ताको चुनावसम्म पुग्दा झन देखा परे । नेपाली मिडियाका अनुसन्धातालाई 'पोस्ट ट्रूथको' महत्वपूर्ण सन्दर्भ स्रोत भनेको भरतपुर क्यान्सर अस्पतालका डा.भक्तमान श्रेष्ठको अपहरण र त्यसको मिडिया रिर्पोटिङ बन्नेछ । एउटै व्यक्तिलाई २० औं पटक नकारात्मक कभरस्टोरी बनाएर आग्रह पस्कने हिमाल मिडिया होस् या एउटा आन्दोलनलाई नै विभत्स सौन्दर्यगाथा रच्ने कृतिलाई यो दुई दशकको अधिकांश साहित्यिक पुरस्कारको मानक बन्नु पनि 'पोस्ट ट्रूथ' नेपाली अभ्यास भनेर बुझ्न सकिन्छ । प्रयोगशाला

प्रकाशन समय, अंशमा टेकेर समग्रमा आक्रमण अझ त्यसलाई माओवादी अध्यक्ष प्रचण्डबाटै बिमोचन गराएर सत्यापिद गराउन खोज्नु आफैँमा उम्दा 'पोस्ट ट्रूथ'को प्रयोग थियो। आफ्नै आन्दोलनको विभत्स गाथाको कलामय 'पोस्ट ट्रूथ' प्रयोग बुझ्न नसक्नु माओवादीको मिडिया बुझाईको बबुरोपना अझ त्यहाँ देखियो। अंशमा टेकेर समग्र आन्दोलन र परिवर्तन माथि नै प्रहार गर्ने चाहे पुराना सत्ताधिकारीहरुका आत्मवृतान्त हुन्, चाहे 'गम्भीर' अध्ययनका बजारमा देखिने 'व्यक्तित्वका' कृतिको अन्तरवस्तु 'पोस्ट ट्रूथ' केन्द्रित रहे।

सम्पन्न चुनावमा 'मूलधारका' मिडिया र सामाजिक सञ्जाललाई नियाल्दा नेपाली सूचना बजार र त्यसले पार्ने प्रभावबारे चर्चा आवश्यक हुन्छ । जे, जसरी यस चुनावमा हल्ला फैलाइए, त्यो अज्ञानता र असावधानीका कारणले भन्दा पनि योजनावद्ध अभियान थियो । यो नेपालमा एक्कासी आएको नभै सूचना र प्रविधिमा हैकम चलाएर राज्यसत्ता नै नियन्त्रण गर्ने खेलको अर्को नेपाली अभ्यास थियो।

हामीले 'मूलधारका' मिडिया र सामाजिक सञ्जालमा प्रयोग भएका भाषा नियाल्यौँ भने थाहा पाउछौँ। भाषा पनि हित र उद्देश्य अनुसारका हुन्छन् । प्रतिरोधका भाषा, जिज्ञाशाका भाषा, नवउदारवादी भाषा, सामन्ती भाषा र जनवादी भाषा। भाषाका मर्यादा, सहमति र असहमतिका भाषा। सोचका निर्माण र सोचका विकास पनि सामाजिक अन्तरविरोध र आन्दोलनले तय गर्छ। हामीले अहिले बहस, समाचार, हल्ला र 'पोस्ट ट्रूथ'को अभ्यास हेर्‍यौ भने अहिले पनि सामाजिक द्वन्द्व तीव्र छ भन्ने हुन्छ।

**कसरी चिन्ने ?**

'पोस्ट ट्रूथ'बाट कतै हामी प्रभावित त भएका छैनौ ! भनेर चिन्न प्रारम्भिक सूचना र विचारलाई केही धैर्यता र विवेकको कसी लगाउनु पर्ने हुन्छ । अहिले बजार मिडियाले पत्रकारिताका आधारभूत तत्व किन र कसरी भन्ने प्रश्नको उत्तर दिँदैनन्, त्यसबाट ओझेलिन चाहन्छन् । अझ तथ्यलाई या त ओझेलमा पार्छन् या त अंशमा टेकेर तर्क कोरल्छन्।

त्यहाँ भने विवेक प्रयोग गर्नुपर्छ। अहिले इन्टरनेटमै धेरै सर्च इन्जिन छन् । त्यसमार्फत तथ्यको जाँचपड्ताल गर्न सकिन्छ । न्यूजमेकर र श्रोतव्यक्तिको विश्वसनीयता उसको पक्षधारिता र तत्कालीन भूमिकाले पनि खुट्याउन सकिन्छ्। हाम्रा सामाजिक संरचना अत्यन्तै जटिल छन् भने द्वन्द्वका घाउमा खाटा बसे पनि दाग भने अझै मेटिएका छैनन्। मन दुखेका छन् । त्यसलाई उक्साउने, बल्झाउने र त्यही चरमा खेलेर आवेगी जनमतमा रोटी सेकाउने पक्षसँग अकूत राजशक्ति, अतुलनीय साधन र स्रोत छन् । राज्यसत्ताको परिवर्तन विरोधीहरुलाई ध्रुविकरण गर्ने त्यतिकै महारथ पनि हासिल गरेका छन् । यसै आधारित द्वन्द्व व्यवसायको अन्तरनिहित पक्ष मिहिन पाराले अध्ययन गर्नुपर्ने हुन्छ। तथ्यपरकता, अन्तरदृष्टि, गम्भीर र गहिराईपूर्ण अध्ययन, संवेदनशीलताका साथै कुनै पनि विषयको सच्चाई किन र कसरी भन्ने प्रश्नको उत्तरको जवाफ खोजियो अर्थात आवेग र विश्वास माथि तर्क र तथ्यको उत्तर खोजियो भने 'पोस्ट ट्रूथ'को शिकार बन्नु परोइन। हरेक मुद्दाभित्र समाजमा व्याप्त अन्तरविरोधको कडी पक्रिनु आवश्यक हुन्छ। समाचार स्रोतकै विभाजनसँगै यस्तो समाज बनिसकेको छ कि जहाँ भुट, हल्ला र गफ तीव्र गतिले फैलिरहेका हुन्छन् । एउटा सिमेन्टेड विश्वास भत्काउन थाल्दा खण्डन गर्ने प्रमाण सामने तथ्यलाई नदेखेको भै गर्न पुग्छन्।

**विकल्प के त ?**

चुप रहनु विकल्प होइन्। हरेक रोगको इलाज हुन्छ, हरेक समस्याको विकल्प पनि हुन्छ । वास्तवमै सोभियत रुसको पतनपूर्व पुँजीवाद चोरजस्तै लजाएर काम गर्थ्यो तर सोभियत रुसको पतनपछि भने पुँजीवादले घोषणा गर्न पुग्यो कि ऊ भन्दा अब समाजमा कुनै विकल्पै छैन । तब मिडियामा कन्टेट प्रोभाइडर देखिए। सूचना साम्राज्य फैलाएर मिथ्या सोचले जगतराज हुनसक्छ भन्ने कर्पोरेट राजनीतिले रणनीति बनायो। आखिर त्यसको शिकार त्यही देशका असल मान्छे पनि परे जो कर्पोरेट प्रपञ्चको विरोधमा पहिल्यै उभिएनन् । अरुलाई खाने बाघले मलाई पनि खान सक्छ भनेर चिन्तित बनेनन्।

'पोस्ट ट्रूथ'बाट जोगिन आधिकारिक व्यक्ति वा जिम्मेवार राजनीतिक नेतृत्वले खण्डनको भाषा खोज्नुपर्छ र जिम्मेवार मिडियाले त्यसलाई पछ्याउनु वा प्रश्न तेर्स्याउने हैसियतमा आफूलाई विकास गर्न सक्नुपर्छ। आफ्नै पूर्वगल्तीलाई स्वीकारेपछि मात्र स्रोतव्यक्तिको विश्वसनियता बढ्न सक्छ । सत्यको पक्षमा शक्तिशाली तागत हुन्छ नै । छेपाराझै रङ्ग बदल्ने नेता र स्रोतव्यक्तिप्रति खण्डनभाषाको हतियार फेसबुक, टुईटर र युट्यूवबाट सशक्त प्रतिकार गर्न सकिन्छ । हरेक सङ्गठनमा आलोचनात्मक चेतलाई प्रोत्साहन गर्नुपर्छ,। अज्ञानताले संसारमा कसैलाई सहयोग गरेको छैन् भनेर सिर्जनात्मक आलोचनाको रक्षा र प्रोत्साहन हुनुपर्छ । तर, दुर्भाग्य यहाँ त माओकै भाषामा भन्नुपर्दा 'बन्दुकका गोलीले नढलेकाहरु नै चास्नी लागेका गोलीले (उपभोक्तावादका आक्रान्तहरु) ढल्न पुगे'। त्यसैले मनोयुद्ध र 'पोस्ट ट्रूथ'को सशक्त प्रतिकार गर्ने नैतिक साहस र पुँजी नभएको हो । अझ सामन्ती संस्कृतिले कुनै सङ्गठन वा नेतृत्वमा गाँजेको छ भने प्रश्न, जिज्ञाशा र त उसलाई काउसो नै बन्ने गर्छ।

यदि सरकारी र दरवारी बन्नु छैन् भने प्रतिरोधी क्षमता विकास गर्न ज्ञानका क्षितिज पनि चौडा पार्नुपर्छ । जनतालाई भीडमा फेर्ने दुनियाँमा भएका अभ्याससँग पनि सरोकार राख्नुपर्छ । समाचारगृहहरु विकाउ मालका पसल बन्दै गएका र सत्य र असत्यको घालमेलबाट उत्तेजित जनमानस तयार गर्ने थलो बन्दै गएका छन्। सूचना र ज्ञानमाथिको नियन्त्रण गर्ने कर्पोरेट मिडियाको अन्तरवस्तु बुझेर त्यसैले जनमानसमा मिथ्याचेत फैलाउन मिडियामा चल्ने फेक न्यूज, प्लान्ट न्यूज, क्रसमिडिया होल्डिङ, नत्थी मिडिया, मिडिया-असहिष्णुता, प्रोपोगन्डा, विज्ञापन खबर, पेड न्यूज, मिडिया टाई, मिडिया नेट बुझ्नै आवश्यक हुन्छ । तीव्र भागदौड र अतिव्यस्त उपभोक्तावादी समाजमा त्यो धर्यता पाईदैन तर जिम्मेवार मिडियाकर्मी, राजनीतिक सक्रृयतावादी, सामाजिक आन्दोलनकर्ता र राजनीतिककर्मीहरुले भने त्यो जिम्मेवारी उठाउनैपर्छ।

अहिले न्यूजमेकेर नै योजनाबद्ध झूट फैलाएर सत्ता कब्जा गर्न चाहन्छन् भने प्रायोजित मिडियाले त्यसलाई हावा त दिन्छ नै । अझ छवी निर्माण कम्पनी, प्रोपोगन्डा, इमोसन लन्चिङ, जनसम्पर्क आदि नामबाट हुने 'पोस्ट ट्रूथ'लाई प्रतिकार गर्न खण्डन भाषालाई सशक्त बनाउन आवश्यक छ। राजनीतिक रुपमा 'पोस्ट ट्रूथको' प्रतिकार सिद्धान्त र विचार सहितको चुस्त, दुरुस्त राम्रो सङ्गठन, कुशल कार्यकर्ता, आदर्श नेतृत्व, सही विचार आवश्यक हुन्छ। यसैले लोकमत निर्माण गर्छ।

आक्रामक पुँजीवाद र कर्पोरेट राजनीतिको प्रमुख हतियार भनेको उपभोक्तावाद नै हो। त्यो मिडिया मार्फत लोभक्षेत्र (allurement zone) मा फसाईदिन्छ। त्यसको प्रतिकार पनि विचार सहितको राजनीतिले मात्र गर्नसक्छ । सूचना सम्राज्यवादसँग भिड्न वैकल्पिक मिडियालाई व्यापक प्रयोग गर्नुपर्छ। त्यसका लागि तथ्यमा आधारित तर्क, मिडियामा किन र कसरीका उत्तर खोज्ने र खण्डन भाषाको व्यापक उपयोग गरेर मात्र 'पोस्ट ट्रूथ' जस्तो भाइरल क्यान्सरबाट जोगिन सकिन्छ।

●●●




# पत्रकार सुरक्षाको नयाँ चुनौती :

# डिजिटल सुरक्षा

*डिजिटल सुरक्षा भन्नाले ल्यापटप, मोबाइल वा क्यामराजस्ता डिजिटल इलेक्ट्रोनिक उपकरणहरू, त्यसमा रहेका डेटा र ती उपकरणको प्रयोगबाट हुने सञ्चार र ती सञ्चारका सन्देशहरूको सुरक्षा हो । डिजिटल सुरक्षाका उपायहरू अपनाउनका लागि ती कुराहरू असुरक्षित कसरी हुनसक्छन भन्ने जानकारी महत्वपूर्ण हुन्छ ।*



उज्ज्वल आचार्य

पत्रकारहरुका लागि सुरक्षा नयाँ विषय होइन । संसारभरका पत्रकारहरुका लागि धम्की, आक्रमण, कुटपिट, अपहरण र हत्याबाट सुरक्षित भएर आफ्नो पेसागत कार्य स्वतन्त्र रुपमा गर्नु सबैभन्दा ठूलो चुनौती छ । वर्षेनी एक सयको हराहारीमा पत्रकारहरु पत्रकारिता पेसाकै कारणले मारिन्छन् । हजारौले धम्की र आक्रमण भोग्छन् । सत्य बोल्नुपर्ने, निष्पक्ष हुनुपर्ने र भ्रष्टाचार वा अपराधजस्ता विषयमा लेख्नुपर्ने कारणले पत्रकारिता संसारभर जोखिमको पेसा मानिन्छ । भौतिक सुरक्षा मात्रै नभइ नेपाल जस्ता विकासशील मुलुकमा पत्रकारको पेसागत सुरक्षाको चुनौती पनि छ । तलव सुविधा, जागिरको सुरक्षा र श्रम अधिकारका विषयहरु पत्रकारले भोगिआएका चुनौतीहरु हुन् । नेपालमा यी दुई विषयमा लामो समयदेखि काम र बहस हुँदै आएको छ र नेपाली पत्रकारहरु यी सुरक्षा चुनौतीहरुबाट मुक्त नभए पनि अनभिज्ञ भने छैनन् ।

बदलिदो परस्थितिका कारण पत्रकार सुरक्षामा दुई नयाँ

विषयहरु थप्नुपर्ने समय आएको छ ः मनोसामाजिक सुरक्षा र डिजिटल सुरक्षा । पत्रकार सुरक्षाका यी विषयहरु कतिपय अवस्थामा एकअर्कासँग अन्योन्यायश्रित सम्बन्ध राख्ने हुँदा मनोसामाजिक सुरक्षा र डिजिटल सुरक्षाका विषयहरुलाई छोडेर पत्रकार सुरक्षामा अपेक्षाकृत सुधार सम्भव छैन । नेपाली पत्रकारहरुले लामो समयको सशस्त्र द्वन्द्व, वर्षेनी आउने प्राकृतिक विपत्तिहरुका साथसाथै अपराधस्थलमा पुगेर जनधनको क्षतिको समाचार र तस्बिर सङ्कलन गरेका छन् । त्यसबाहेक तनावयुक्त वातावरणमा विदा प्राप्त नगरी वा नलिएर दैनिक आठ घण्टाभन्दा बढी काममा खट्ने गरेका छन् । जसले उनीहरुको मनोस्वास्थ्यमा नकारात्मक प्रभावहरु परिरहेको हुन्छ । साथै पत्रकारहरुलाई समाजमा हेर्ने दृष्टिकोण र गरिने व्यवहारका कारण उत्पन्न हुने समस्याहरुको समाधानका लागि मनोसामाजिक सहयोग आवश्यक पर्दछ । यो विषयमा नेपालमा त्यति धेरै बहस वा कार्य भएको छैन । २०७२ को भूकम्पपछि नेपाल पत्रकार महासंघले अन्तर्राष्ट्रिय पत्रकार महासंघको सहयोगमा पत्रकारिता र ट्रमा विषयमा सञ्चालन गरेको कार्यशालामा पत्रकारका मनोसामाजिक सुरक्षाका धेरै सवालहरु उठे पनि त्यसलाई समाधान गर्ने खालका सहयोगी कार्यक्रमहरु सञ्चालन हुन सकेको छैन ।

## डिजिटल खतरा र सुरक्षा

तपाईको सबै इमेल सन्देशहरु कसैले पढ्न पायो भने के होला ? वा तपाईको मोवाइलमा रहेका सबै नम्बरहरु, कल डिटेल, मेसेज र फोटो र भिडियो कसैले हेर्न पायो भने के होला ? वा तपाईको कम्प्युटर वा मोवाइलमा भएका डेटाहरु प्रहरी वा कुनै आपराधिक समूह वा अज्ञात व्यक्तिले खोतल्न पायो भने के होला ? वा तपाईले इन्टरनेटमा कुन कुन साइट हेर्नुभयो वा कुन कुन भिडियो हेर्नुभयो वा फेसबुकमा कसको प्रोफाइल हेर्नुभयो भनेर कसैले सूची पायो भने के होला ? वा तपाई कहाँ कहाँ जानुहुन्छ, को कोसँग कुरा गर्नुहुन्छ वा को कोसँग के के एसएमएस गर्नुहुन्छ वा को कोसँग भेट्नुहुन्छ कसैले थाहा पायो भने के होला ? तपाई पत्रकार हुनुहुन्छ र तपाईका लागि माथि उल्लेखित कुनै पनि अवस्था अपेक्षित होइन किनकि ती अवस्थाहरु भनेको तपाई र तपाई स्रोतको गोपनियता र सुरक्षामाथिको प्रहार हो । तर, तपाई डिजिटल सुरक्षामा ध्यान दिनु हुँदैन भने ती कुनै पनि अवस्था सजिलै आउन सक्छ ।

सन् २०१२ मा नेपाल पत्रकार महासंघले नेपाली पत्रकारहरुको सोसल मिडिया प्रयोगका सम्बन्धमा सर्वेक्षण गरेको थियो । जसले झण्डै ९० प्रतिशत पत्रकारहरुले दैनिक इन्टरनेट प्रयोग गर्ने गरेको देखाएको थियो । गएको पाँच वर्षमा नेपालमा इन्टरनेट प्रयोगले फड्को मारिसकेको छ र जनसङ्ख्याको ५५ प्रतिशत सङ्ख्यामा इन्टरनेटको पहुँच पुगेको छ । इन्टरनेट वास्तवमा पत्रकारहरुका लागि मात्र नभइ अन्य सबै पेसाकर्मीहरुका लागि अत्यावश्यक बनेको छ । पत्रकारहरुका लागि त इन्टरनेटको विकासले पेसामा क्रान्तिकारी परिवर्तन ल्याएको छ । पत्रकारहरुका लागि सूचनाको खोज गर्नेदेखि समाचार सम्पादकसम्म पुऱ्याउनका लागि भरपर्दो माध्यम बनेको छ । कम्प्युटर, ल्यापटपका साथसाथै मोबाइल फोन पत्रकारिताका लागि अत्यावश्यक सामग्री बनेका छन् । डिजिटल प्रविधिमा आधारित इलेक्ट्रोनिक उपकरणहरु क्यामरा, पेन ड्राइभ, वा रेकर्डरहरु पनि पत्रकारले दैनिक प्रयोग गर्ने सामानहरु हुन् । डिजिटल उपकरण र इन्टरनेट पत्रकारिताका लागि बरदान सावित भएका छन् तर यिनको प्रयोगको नकारात्मक र त्यसबाट हुनसक्ने सुरक्षा खतराहरु पनि छन् ।

डिजिटल सुरक्षा भन्नाले ल्यापटप, मोबाइल वा क्यामराजस्ता डिजिटल इलेक्ट्रोनिक उपकरणहरु, त्यसमा रहेका डेटा र ती उपकरणको प्रयोगबाट हुने सञ्चार र ती सञ्चारका सन्देशहरुको सुरक्षा हो । डिजिटल सुरक्षाका उपायहरु अपनाउनका लागि ती कुराहरु असुरक्षित कसरी हुनसक्छन भन्ने जानकारी महत्वपूर्ण हुन्छ । ती उपकरणहरुको भौतिक सुरक्षाका बारेमा पत्रकारहरु जानकार भए पनि ती उपकरणमा रहेका डेटाका साथसाथै मेटाडेटा र डिजिटल सञ्चारका सन्देशबारे के कति जानकार हुन्छन ? ती कसरी असुरक्षित हुन सक्छन भन्ने जानकारी कम छ । पत्रकारको भौतिक र मनोसामाजिक सुरक्षाका लागि पनि

*तपाईको कम्प्युटर वा मोबाइलमा भएका डेटाहरू प्रहरी वा कुनै आपराधिक समूह वा अज्ञात व्यक्तिले खोतल्न पायो भने के होला ? वा तपाईले इन्टरनेटमा कुन कुन साइट हेर्नु भयो वा कुन कुन भिडियो हेर्नुभयो वा फेसबुकमा कसको प्रोफाइल हेर्नुभयो भनेर कसैले सूची पायो भने के होला ? वा तपाई कहाँ कहाँ जानुहुन्छ, को कोसँग कुरा गर्नुहुन्छ वा को कोसँग के के एसएमएस गर्नुहुन्छ वा को कोसँग भेट्नुहुन्छ कसैले थाहा पायो भने के होला ? तपाई पत्रकार हुनुहुन्छ र तपाईका लागि माथि उल्लेखित कुनै पनि अवस्था अपेक्षित होइन किनकि ती अवस्थाहरू भनेको तपाई र तपाई स्रोतको गोपनियता र सुरक्षामाथिको प्रहार हो । तर, तपाई डिजिटल सुरक्षामा ध्यान दिनु हुँदैन भने ती कुनै पनि अवस्था सजिलै आउन सक्छ ।*

डिजिटल सुरक्षा महत्वपूर्ण छ । पत्रकार अन्य पेसाकर्मीभन्दा डिजिटल सुरक्षामा बढी सचेत हुनु यसकारण पनि जरुरी छ किनकि पत्रकारको भौतिक र अन्य सबै प्रकारको सुरक्षा संसारभरमै एउटा ठूलो चुनौती हो । पत्रकारिताका लागि सूचना स्रोत र स्रोतको गोपनियता र सुरक्षा महत्वपूर्ण हुन्छ । पत्रकारका लागि समाचार बन्न सक्ने सूचना, डकुमेन्ट र डेटा मूल्यवान् हुन्छन् । ल्यापटप, कम्प्युटर, मोवाइल, पेन ड्राइभ र क्यामरा जस्ता डिजिटल उपकरण र पत्रकारले प्रयोग गर्ने सोसल मिडिया र इमेल अकाउन्टहरुमा एकदमै धेरै व्यक्तिगत डेटाका साथसाथै मेटाडेटा रहेको हुन्छ जसका कारण पत्रकारमाथि निगरानी राख्न वा पत्रकारबाट सूचना चाहनेहरुका लागि यी पहिलो लक्ष्य हुन जान्छ । अनि यी कुराहरु पर्दा पछाडि रहेर पनि सजिलै चोर्न, ह्याक गर्न वा बिगार्न सकिन्छ । डिजिटल सुरक्षाका सम्बन्धमा धेरैजस्तो अवस्थामा अन्य सुरक्षा खतराहरुमा जस्तो खतरा हुनसक्ने व्यक्ति वा समूहको सजिलै पहिचान हुन सक्दैन ।

डिजिटल उपकरण र इन्टरनेटका कुराहरु प्राविधिक र परिवर्तनशील छन् । जसले गर्दा डिजिटल सुरक्षा सामान्यतया सजिलो छैन । तर, पत्रकारका लागि डिजिटल सुरक्षाका उपायहरु गर्ने कि नगर्ने भन्ने प्रश्न बहस वा छनौटको विषय होइन । यो अनिवार्य आवश्यकता हो किनभने पत्रकारका रुपमा हामी सधैं संवेदनशील समाचार र सूचना लिएर बसेका हुन्छौं । सधैं कुनै न कुनै प्रकारको खतरामा हुन्छौं र आफ्नो र आफ्ना स्रोतहरुको गोपनियता र सुरक्षाका लागि जिम्मेवार हुन्छौं ।

**डिजिटल असुरक्षाहरु**

डिजिटल सुरक्षामा मूलतः निम्न कुराहरु पर्दछन :

१. कम्प्युटर र ल्यापटपलाई भाइरस र त्यस्तै अन्य प्रोग्रामबाट सुरक्षा
२. कम्प्युटर, ल्यापटप, पेन ड्राइभ र मोवाइलजस्ता उपकरणमा भएका डेटाहरुको सुरक्षा
३. इन्टरनेट प्रयोग र गतिविधिका सूचनाहरुको गोपनियता
४. इमेल र सोसल मिडिया अकाउन्टहरुको सुरक्षा
५. इमेल, मेसेन्जर वा मोबाइल फोनबाट हुने संचार सन्देशहरुको सुरक्षा

कम्प्युटर वा ल्यापटपलाई भाइरस वा मालवेयर वा स्पाइवेयर भनिने अनावश्यक प्रोग्रामबाट मुक्त राख्न सकिएन भने डेटाहरु नष्ट हुने वा चोरिने सम्भावना रहन्छ । भाइरसले सामान्यतया कम्प्युटरलाई सुस्त बनाउने र डेटाहरुलाई नष्ट वा परिवर्तन गर्छन् भने मालवेयर र स्पाइवेयरहरुले कम्प्युटरबाट डेटा चोर्न सक्छन् । उदाहरणका लागि 'किलगर' भनिने प्रोग्रामले कम्प्युटरको किबोर्डमा थिचिएका प्रत्येक किको रेकर्ड राख्ने र निश्चित अन्तरालमा मोनिटरको फोटो राखेर इन्टरनेट जोडिएको बेला कुनै निश्चित इमेलमा पठाउन सक्छन् । किलगर कम्प्युटरमा छ कि छैन भनेर पत्ता लगाउन सजिलो छैन र यो कतै नदेखिने गरी लुकेर बस्ने गर्छ । किलगरको प्रयोगबाट कसैले तपाईका कम्प्युटरका गतिविधिमाथि निगरानी राख्न मात्रै होइन, तपाईका पासवर्डहरु पनि सजिलै चोर्न सकिन्छ । कम्युटर, ल्यापटप, पेन ड्राइभ र मोबाइलजस्ता उपकरणमा भएका डेटाहरु ती उपकरण भेट्दा सजिलै निकाल्न सकिन्छ । कम्प्युटर वा मोबाइलमा पासवर्ड राख्दैमा त्यसका हार्डडिस्कमा भएका डेटाहरु सुरक्षित हुँदैनन् । कसैले ती उपकरणबाट हार्डडिस्कहरु निकालेर अर्को कम्प्युटरमा सजिलै पेन ड्राइभजस्तै गरी प्रयोग गरेर त्यसमा भएका डेटाहरु हेर्नसक्छ ।

कम्प्युटर वा इन्टरनेट प्रयोग गर्दाका प्रत्येक गतिविधिहरु कतै न कतै रेकर्ड भइरहेका हुन्छन । कम्प्युटरका इन्टरनेट चलाउन प्रयोग गरिने ब्राउजरहरु जस्तै गुगल क्रोम वा मोजिला फायरफक्स वा सफारी वा इन्टरनेट एक्सपोलरले सामान्यतया तपाईले इन्टरनेट चलाउँदा क्लिक गरेका प्रत्येक लिङ्कहरु, त्यो हेरेका समयहरु सङ्ग्रहित गर्छ । तपाईले जीमेल पनि चलाइरहनु भएको छ भने ती गतिविधिहरु गुगलले समेत सङ्ग्रहित गरिरहेको हुन्छ । सामान्यतया तपाईले युजरनेम र पासवर्ड हालेर चलाउने प्रत्येक वेवसाइटहरु जस्तो फेसवुक वा युट्यूब वा समाचार साइटहरुले पनि तपाईको गतिविधिहरु सङ्ग्रहित गरेर राख्छन । भनिन्छ, इन्टरनेटका गतिविधि व्यक्तिगत नभइ सार्वजनिक गतिविधिहरु हुन जसले गर्दा इन्टरनेट गतिविधिहरुलाई पूर्णतया गोप्य राख्न सम्भव छैन । इमेल र सोसल मिडियामा त हाम्रा व्यक्तिगत डेटा झन बढी हुन्छन् । ती अकाउन्टहरुमा कसैले प्रवेश पायो भने हाम्रा सन्देश वा डेटा मात्रै होइन, हाम्रा गतिविधिहरु पनि थाहा पाउन सक्छ । सोसल मिडिया त झन सार्वजनिक स्थान जस्तै हो जसमा भएका कुनै पनि डेटाहरु कुनै न कुनै रुपमा सबैले प्राप्त गर्न सक्छन् ।

विकिलिक्सका संस्थापक जुलियन असाञ्जले सन् २०१२ मा रसियाली टेलिभिजनलाई दिएको अन्तर्वार्ताको क्रममा इन्टरनेट र मोवाइल फोनबाट हुन सक्ने असुरक्षा र निगरानीका बारेमा बोल्दा इन्टरनेटलाई 'बेडरुममा राखिएको ट्याङ्क' र मोबाइल फोनलाई 'एउटा यस्तो ट्र्याकिङ उपकरण जसबाट फोन पनि गर्न मिल्छ' भनेका थिए । मोबाइल फोन सेवा प्रदायक कम्पनीमा सामान्यतया कुनै पनि प्रयोगकर्ताको पछिल्लो ६ महिनाको गतिविधि रेकर्ड हुन्छ, जसमा प्रयोगकर्ताको स्थान स्थिति, फोन गरिएको नम्बर र कुरा गरिएको समय, इन्टरनेट जोडिएको अवस्था र एसएमएस आएको र पठाएको नम्बर र सन्देश पर्छन । नेपालमा सर्वोच्च अदालतको आदेशपछि प्रहरीले कल डिटेल र अन्य जानकारी जथाभावी माग्न नपाउने भए पनि ती डेटाहरुको सुरक्षा र गोपनियताको सम्बन्धमा नेपालमा कुनै कानुन नभएकोले त्यसको दुरुपयोग हुन सक्ने अवस्था छ ।

**सुरक्षाका आधारभूत उपायहरु**

डिजिटल सुरक्षाका उपायहरु छन् तर तिनलाई नियमित अभ्यास गर्न अभ्यस्त नभइन्जेलसम्म सजिला छैनन् । त्यसकालाई केही समय दिनुपर्ने र केही बानी सुधार्नुपर्ने हुन्छ, जुन हामीलाई समस्यामा नपरेसम्म झन्झट नै लाग्न सक्छ । डिजिटल सुरक्षाका आधारभूत उपायहरु यस प्रकार छन् ।

**१. कम्प्युटर र ल्यापटपलाई भाइरसबाट सुरक्षित राख्ने**

यसका लागि एन्टिभाइरस सफ्टवेयरहरु कम्प्युटरमा राख्ने, तिनलाई नियमित उपडेट गर्ने, बाहिरबाट आएका फाइलहरु (पेन ड्राइभ वा इमेलमार्फत) स्क्यान गर्ने र आवधिक रुपमा त्यसलाई कम्प्युटरका सबै फाइल स्क्यान गर्न लगाउने हो । एन्टिभाइरस औषधी जस्तै हो । नियमित अपडेट नगरे त्यसको मिति सकिन्छ र स्क्यान गर्नु भनेको औषधी सेवन गर्नु जस्तै हो । अभास्ट,

एभीजी, बिटडिफेन्डर र अभिरा भनिने एन्टिभाइरसहरु निःशुल्क उपलब्ध छन र ती पैसा तिरेर किनिने एन्टिभाइरस जत्तिकै प्रभावकारी छन् । एउटै कम्प्युटरमा एकभन्दा बढी एन्टिभाइरस राख्नु भने हुँदैन ।

**२. कम्प्युटर र ल्यापटपका डेटा सुरक्षित राख्ने**

कम्प्युटर वा ल्यापटपका पासवर्ड नहाली भित्र जान नसकिने भए पनि तिनका हार्डडिस्क झिकेर अर्को कम्प्युरमा जोडने हो भने तिनका डेटामा सजिलै पहुँच बन्छ । त्यसकारण कम्प्युटरमा पासवर्ड राख्नु सुरक्षाका हिसाबले महत्वपूर्ण भए पनि त्यसले पूर्ण सुरक्षा दिन सक्दैन । हार्डडिस्कलाई कम्प्युटरबाट झिकेर चलाउन नमिल्ने बनाउनका लागि विन्डोज १० वा म्याकबुकका सेटिङमा गएर 'फूल डिस्क इन्क्रिप्सन' गर्न सकिन्छ ।

**३. इमेल र सोसल मिडिया अकाउन्ट सुरक्षित राख्ने**

इमेल र सोसल मिडिया सुरक्षित राख्नका लागि पहिलो आवश्यकता अरुले थाहा नपाउने अक्षर, अङ्क र सङ्केत चिन्हहरु मिसिएको पासवर्ड राख्ने हो । पासवर्ड राख्दा नाम वा मोवाइल नम्बर वा जन्ममितिसँग जोडेर राख्नु राम्रो होइन । श्रीमान, श्रीमती वा छोराछोरीको नामसँग फोन नम्बर जोडेर पासवर्ड बनाउँदा सम्झन त सजिलो हुन्छ । तर, अरुका लागि अनुमान गर्न पनि सजिलो हुन्छ । पासवर्ड कसैलाई भन्नु हुँदैन । अहिले इमेल र सोसल मिडिया सबैमा गएर 'टु स्टेप भेरिफिकेसन' राख्न मिल्छ । जसले तपाईको अकाउन्टमा छिर्न पासवर्ड मात्रै भएर पुग्दैन, तपाईको मोवाइलमा आउने कोड नम्बर पनि चाहिन्छ । यो प्रयोग गर्नाले ती अकाउन्टहरु सुरक्षित हुने मात्रै होइन, कसैले आफ्नो पासवर्ड थाहा पाएर चलाउन खोज्यो भने थाहा पनि हुन्छ ।

**४. इमेलमा वा सोसल मिडियाका लिङ्क र एट्याचमेन्ट खोल्दा सावधानी**

इमेल ठेगाना वा लिङ्क वा एट्याचमेन्ट सबै झुक्किने गरी बनाउन सकिन्छ त्यसले सावधानी आवश्यक छ । लिङ्कमा जे लेखिएको छ त्यही नहुन सक्छ । www. fnjnepal.org लाई जता जाने गरेर पनि लिङ्क बनाउन सकिन्छ । इमेलमा आएका एट्याचमेन्टहरु जतिसुकै विश्वासिलो व्यक्तिबाट आए पनि एन्टिभाइरसले स्क्यान नगरी नखोल्नुस् । इमेल वा सोसल मिडियामा कुनै लिङ्क खोल्दा फेरि पासवर्ड माग्यो भने कहिल्यै पासवर्ड नहाल्नुस् किनभने यो पासवर्ड चोर्ने सबैभन्दा प्रचलित र सजिलो माध्यम हो ।

**५. इन्टरनेट प्रयोग गर्दा गोपनियतामा ध्यान दिने**

तपाईले इन्टरनेटमा हेरेका प्रत्येक पेजहरु र थिचेका प्रत्येक लिङ्कहरुको ठेगाना ब्राउजरले राख्छ जुन सजिलै हेर्न सकिन्छ । जीमेल चलाइरहनु भएको छ भने त्यस्तो इतिहास गुगलले पनि राख्छ । तपाई सर्च गरेका शब्दहरु पनि सङ्ग्रहित हुन्छन् । गोपनियताका लागि आफ्नो कम्प्युटरमा समय समयमा मेट्नुस र अरुको वा धेरै व्यक्तिले चलाउने कम्प्युटर चलाइरहनु भएको छ भने कि काम सकिएपछि मेट्नुस वा ब्राउजरलाई प्राइभेट वा इनकग्निटो वा इनभिजिवल मोडमा चलाउनुहोस् । पासवर्ड सेभ गर्ने हो भनेर ब्राउजरले सोध्दा कहिल्यै हुन्छ नथिच्नुहोस् किनभने सेभ गरिएका पासवर्ड जो कसैले पनि हेर्न सक्छ ।

**५. इन्टरनेट प्रयोग र इमेलमा सुरक्षा**

यदि निगरानीबाट बच्न इन्टरनेट सुरक्षित रुपले प्रयोग गर्नुछ भने टोर ब्राउजर वा भीपीएन प्रयोग गर्नुपर्छ । ती प्रयोग गर्नुभयो भने तपाईको इन्टरनेट गतिविधि र कहाँबाट चलाइरहनु भएको छ भन्ने जानकारी गोप्य मात्रै होइन, सुरक्षित पनि हुन्छन । भीपीएनमार्फत हुने सबै डेटा प्रवाह कोडमा हुन्छ जसले गर्दा ती गोप्य, सुरक्षित र निगरानीको खतरामुक्त हुन्छन । तिनको प्रयोग गर्दा ब्लक गरिएका वेवसाइटहरु पनि हेर्न मिल्छ । सुरक्षित इमेल गर्नुछ भने इन्क्रिप्सन प्रयोग गर्नुपर्छ ।

**६. मोबाइल फोनमा सावधानी**

मोबाइल फोनमा डेटा मात्रै होइन, हाम्रा इमेल वा सोसल मिडियाहरु पनि सजिलो पहुँचमा हुने भएकाले मोबाइल फोनलाई अनिवार्य लक गर्नुपर्छ । लक गर्दा चार अङ्क वा प्याट्न भन्दा पासवर्डले लक गर्दा सुरक्षित हुन्छ । फोनमा संवेदनशील सूचनाहरु छन् भने काम सकिएपछि मेट्नु नै ठीक हुन्छ । संवेदनशील रिपोर्टिङमा जाँदा फोन नबोक्ने कि भन्ने बारेमा पनि हामी पत्रकारहरुले सोच्नुपर्छ । एसएमएस भन्दा ह्वाट्सएप वा सिग्नल भन्ने एपहरुबाट सन्देश आदानप्रदान गर्दा सुरक्षित हुन्छ ।

**७. सोसल मिडियामा शेयर गर्दा ध्यान दिनुपर्ने कुरा**

इन्टरनेटमा राखिएका सबै कुरा स्थायी हुन्छन् । मेट्न सकिदैन । सोसल मिडिया प्राइभेट होइन, पब्लिक हो । सोसल मिडियामा तपाईका कुराहरु हेरेर कसले कसरी त्यसलाई प्रयोग गर्छ थाहा नहुने भएकोले सचेत हुनु जरुरी छ । फोटो भिडियो हाल्दा त्यसबाट अरुले के के जानकारी पाउन सक्छ भन्ने हेक्का राख्नुपर्दछ । सामान्यतया सोसल मिडियामा लेख्दा वा फोटो हाल्दा ती सँगसँगै तपाईको स्थानस्थिति पनि थाहा हुन्छ ।

प्रविधि दिनानुदिन बदलिँदो छ । त्यसको पूर्ण सुरक्षाका लागि नयाँ नयाँ उपायहरु पनि आइरहेका हुन्छन् । ती विषयमा जानकारी राखिरहनु र डिजिटल सुरक्षाप्रति सावधान हुँदा असुरक्षाबाट बच्न सकिन्छ । सेन्टर फर मिडिया असिस्टेन्सको एउटा प्रतिवेदन भन्छन् 'डिजिटल संसारले पत्रकारिता पेसालाई झनै खतरानाक बनाएको छ । तर, यसले पत्रकारलाई सुरक्षित पनि राख्न सक्छ । डिजिटल प्रविधिले भौतिक, प्राविधिक वा मनोसामाजिक खतरा कम गर्ने अवसर पनि दिन्छ ।

●●●

*(लेखक नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य तथा अन्तर्राष्ट्रिय पत्रकार महासंघका दक्षिण एसिया संयोजक हुनुहुन्छ)*



प्रहरीको ज्यादतीविरूद्ध जिल्ला प्रशासन कार्यालय कञ्चनपुरमा धर्ना बसेका पत्रकारहरू

## पत्रकार भण्डारी र भट्ट पक्राउ प्रकरण

# गलत ढङ्गबाट पत्रकार पक्राउ गर्ने नजिर तुहियो

*नेपालको संविधान, ऐन कानुनले समाचार लेखेका आधारमा पक्राउ गर्न नमिल्ने व्यवस्था गरेको छ, तर कञ्चनपुरका दुई जना पत्रकार अनाहकमा २८ घण्टा प्रहरी हिरासतमा बस्नुपर्‍यो । सम्पादक र कार्यकारी सम्पादक पक्राउ परेपछि मानसखण्ड दैनिक तीन दिनसम्म प्रकाशन हुन सकेन । तर, यो घटनाले गलत ढङ्गबाट प्रहरी प्रशासनले पत्रकारलाई दुःख दिनसक्ने भण्डै स्थापित हुन पुगेको गलत नजिरलाई असफल पारेको छ ।*



**प्रकाशविक्रम शाह**

२०७४ असार ३ गते शनिवार दिउँसो १२:१३ बजे कञ्चनपुरका पत्रकार खेम भण्डारीलाई प्रहरीले पक्राउ गरेको खबर आयो । दैनिक मानसखण्डको कार्यालयमा रहेका बेला जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरको एक टोलीले उनलाई पक्राउ गरेको थियो । प्रहरीले भण्डारीको हातमा पक्राउपुर्जी थमाएपछि उनले तत्कालै फेसबुकमा स्टाटस लेखेका थिए । भण्डारीको फेसबुक स्टाटसले सबैले उनलाई प्रहरीले पक्राउ गरेको जानकारी पाए ।

**घटना पृष्ठभूमि**

प्रहरीले पत्रकार भण्डारीलाई दिएको पक्राउपुर्जीमा केही सार्वजनिक अपराध कसुरको अनुसन्धानको सिलसिलामा पक्राउ गर्नुपरेको उल्लेख गरेको छ । तर, प्रहरी अधिकारीका अनुसार उनलाई पक्राउ गर्नुको मुख्य कारण दैनिक मानसखण्डको २०७४ जेठ २८ गते प्रकाशित समाचार हो । मानसखण्डको मुख्यपृष्ठमा प्रकाशित 'कञ्चनपुरका एसपीमाथि दुई युवती अपहरणको आरोप' शीर्षकको समाचारलाई लिएर पक्राउ परेका दुई युवतीका आफन्तले पत्रिकाका सम्पादक खेम भण्डारी र कार्यकारी सम्पादक जी भट्ट विरुद्ध २०७४ असार १ गते उजुरी दिएको प्रहरीले जानकारी दियो । प्रहरीले सो उजुरीमाथि अनुसन्धान गर्नका लागि पत्रकारद्वय भण्डारी र भट्टलाई पक्राउ गरेको थियो ।

**समाचारमा के थियो ?**

२०७४ जेठ २७ गते शनिबार साँझ ८ बजेतिर जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले भीमदत्त नगरपालिकाको महेन्द्रनगर बजारस्थित शिवधाम क्षेत्रबाट बसपार्कमा 'स्टार होटल' सञ्चालक कञ्चन नाथ, पुजा नाथ र अभिलेख खड्कालाई पक्राउ गर्‍यो । प्रहरीले उनीहरू मादक पदार्थ खाएर होहल्ला गरिरहेकोले पक्राउ गरिएको दावी गरेको छ । मानसखण्ड दैनिकमा सो घटनामा प्रहरीको दाबी झुठो भएको र उनीहरूलाई प्रहरीले अपहरणको शैलीमा पक्राउ गरेको, पक्राउ परेका तीनै जनासँग वादविवाद गर्न आएका व्यक्तिलाई पक्राउ नगरी डेरातिर गइरहेका तीन जनालाई पक्राउ गरेको आसयको समाचार प्रकाशित भएको थियो ।

समाचारमा प्रहरीमाथि लागेका आरोपबारे प्रतिक्रिया लिन जिल्लाका एसपी र डीएसपी तथा वडा प्रहरी कार्यालय महेन्द्रनगरका प्रमुखसँग सम्पर्क गर्न खोज्दा सम्पर्क नभएको पनि उल्लेख छ । जेठ २७ गते राति ११ बजे प्रहरीको सञ्चार कक्षका कर्मचारीले दुई युवतीसहित तीन जनालाई पक्राउ गरिएको भए पनि कसुर थाहा नभएको भनेर प्रतिक्रिया दिएको भनेर समाचारमा उल्लेख छ । पक्राउ परेका दुई युवतीले सञ्चालन गरेको स्टार होटल नजिकै रहेको महाकाली यातायातका कर्मचारी हिरा पालले ती युवतीलाई होटल बन्द गरेर डेरातिर गइरहेको बेला प्रहरीले पक्राउ गरेको जानकारी दिएको पनि समाचारमा उल्लेख छ ।

पुजा र कञ्चन निकट स्रोतलाई उधृत गर्दै समाचारमा उल्लेख छ- एसपी चन्दले शनिबार दिउँसो दुबै युवतीलाई खाजा खान बोलाएका थिए । तर, ती दुबै गएनन् । यसअघि लगातार तीन दिन ती युवतीलाई केही घण्टा हिरासतमा राखेर छोडिएको थियो । एसपी चन्दले बारम्बार फोन गरेर उनीहरूलाई कहिल्यै खाजा त कहिल्यै खानाका लागि निम्त्याउने गर्थे । पुजा र कञ्चनले एसपी चन्दको आग्रह अस्वीकार गरेपछि उनीहरुलाई जिल्ला प्रहरी कार्यालय झिकाएर छोड्ने गरिएको ती व्यक्तिको भनाई छ । युवतीका पक्षमा वकालत गरिरहेका कानुन व्यवसायी अधिवक्ता विनोद भट्टलाई समेत समाचारमा उधृत गरिएको छ ।

**उजुरीमा लगाइएको आरोप**

पत्रिकामा प्रकाशित समाचारलाई लिएर युवतीका आफ्नत खेमराज नाथले पत्रिकाका सम्पादक र कार्यकारी सम्पादकविरुद्ध उजुरी दिएका थिए । खेमराज पुजाका बुवा र कञ्चनका दाजु हुन् । खेमराजले प्रहरी कार्यालयमा दिएको उजुरीमा समाचारमा छोरी र बहिनीको नाम उल्लेख गरेर जानाजान चरित्रहत्या गर्न खोजेको, एसपीसँग उठबस रहेको भनेर बदनाम गरिएको र समाचारकै कारण बहिनी कञ्चनको 'मगनी' टुटेको आरोप लगाइएको छ । सोही उजुरीका आधारमा केही सार्वजनिक अपराध अन्तर्गत अनुसन्धान गर्न प्रहीले दुवै पत्रकारलाई नियन्त्रणमा लिएको थियो ।

**के भन्छ प्रहरी ?**

पत्रकार पक्राउ परेको दिन जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा डीएसपी भीम दाहाल सक्रिय थिए । एसपी प्रकाश चन्दले शनिवार भएकाले आफू विदामा रहेको बताएका थिए र उनको अफिसियल मोवाइल समेत बन्द थियो । पत्रकारविरुद्ध उजुरी आएको र अनुसन्धान गर्न थुनामा राख्नुपर्ने भएकाले पक्राउ गरिएको जवाफ डीएसपी दाहालले दिए । समाचारमा प्रकाशित भएको विषयले चरित्रहत्या भएको हुनाले सार्वजनिक अपराध अन्तर्गत अनुसन्धान चलाउन सकिने डीएसपी दाहालको दावी छ । समाचारमा पक्राउ परेका युवतीलाई एसपीको आग्रह अस्वीकार गरेको उल्लेख गरिएको भए पनि उजुरीमा एसपीसँग उठबस गरेको भनी समाचार लेखिएको आरोप लगाइएको छ ।

**पत्रकार पक्राउपछिको प्रतिक्रिया**

दैनिक मानसखण्ड पत्रिकाका सम्पादक भण्डारी र कार्यकारी सम्पादक भट्टलाई पक्राउ गरिएपछि नेपाल पत्रकार महासंघ कञ्चनपुर शाखा र सुदूरपश्चिम क्षेत्रीय समितिले तत्कालै घटनाबारे बुझ्न र पत्रकारलाई रिहा गराउन पहल गर्‍यो । महासंघका केन्द्रीय अध्यक्ष डा. महेन्द्र विष्टको निर्देशनमा सोही दिन केन्द्रीय सदस्य तथा क्षेत्रीय संयोजकको है सियतमा मैले महेन्द्रनगर पुगेर प्रहरी, प्रशासन र पत्रकारसँग छलफल गरे । हामीले समाचार लेखेका कारण केही सार्वजनिक ऐन अर्न्तगत मुद्दा चलाउन नपाइने र समाचारमा कसैलाई चित्त नवुझे प्रेस काउन्सिल र अदालत जानसकिने तर्क सरकारी अधिकारीहरुसँग राख्यौ । पत्रकारहरूको छलफलबाट पत्रकारद्वय भण्डारी र भट्टलाई समाचारका कारण उत्पन्न रिसिइवी साध्न महिलाका आफ्नतलाई डरत्रास देखाएर मुद्दा हाल्न लगाएको निष्कर्ष निकालियो ।

दोस्रो दिन एकातिर वन्दी प्रत्यक्षीकरणको मुद्दा लिएर अदालत गयौ भने अर्कोतिर जिल्ला प्रशासनमा धर्ना जारी राख्यौ । जिल्ला, क्षेत्र र केन्द्रको लगातारको दवावपछि साँझ मानसखण्डका सम्पादक भण्डारी र भट्टलाई लगाइएको आरोप तत्काल पुष्टि नभएको भन्दै २८ घण्टापछि प्रहरीले उनीहरूलाई रिहा गर्‍यो ।

**पक्राउ परेका पत्रकारहरू के भन्छन् ?**

पत्रकार भण्डारीले प्रहरीको दवावमा पुजाका वुवाले उजुरी दिएको हुनसक्ने आशङ्का गरेका छन् । उनको दावी छ-

> पत्रकारद्वयलाई छाड्दा गरिएको कागजमा जुनसुकै बेला आवश्यक पर्दा फेरि जिप्रकामा हाजिर गराउने उल्लेख भएकाले फेरि पक्राउ गर्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै अदालतमा रिट निवेदन दर्ता गरिएको र त्यसको बहसलाई अगाडि बढाइएको थियो ।



*प्रहरी हिरासतबाट छुटेपछि पत्रकारहरूसँग दैनिक मानसखण्डका सम्पादक खेम भण्डारी र कार्यकारी सम्पादक गणेश भट्ट*

ती युवतीकै पक्षमा लेखिएको समाचारमा आफ्नतले आपत्ति मान्नुपर्ने कुनै कारण थिएन । प्रहरीले ती युवतीहरूलाई पक्राउ गर्दा होहल्ला र गालीगलौचबाट को पीडित भयो ? भन्ने सार्वजनिक नगरिएको र प्रहरी कर्मचारीलाई नै पीडित बनाइएको र त्यसको पर्दाफास भएपछि प्रहरीले आफूलाई सही सावित गर्न पत्रकारविरुद्ध उजुरी गर्न लगाएको हो ।

मदिरा खाएर होहल्ला गर्नेलाई सामान्यतयाः एक दिन थुनेर अर्को दिन प्रशासनमा सामान्य जरिवाना गराएर छोड्ने गरिएको अभ्यास भए पनि पत्रकारविरुद्ध उजुरी दिन दवाव सिर्जना गर्न ती युवतीलाई सात दिनसम्म थुनामा राखिएको पनि पत्रकार भण्डारीको तर्क छ । पत्रकारविरुद्ध उजुरी आएर पत्रकारलाई पक्राउ गरिएपछि युवतीलाई पनि छाडिएको थियो ।

**अदालतको नसिहत**

पत्रकारद्वय भण्डारी र भट्टलाई प्रहरीले केही सार्वजनिक अपराध मुद्दामा पक्राउ गरेपछि नेपाल पत्रकार महासंघ कञ्चनपुर शाखाका निवर्तमान अध्यक्ष लक्ष्मण तिवारीले अधिवक्ता विनोदकुमार भट्टको सहयोगमा उच्च अदालत महेन्द्रनगरमा रिट निवेदन दायर गरेका थिए । उत्प्रेषणायुक्त निषेधाज्ञा रिट निवेदनको प्रारम्भिक सुनुवाई गर्दै उच्च अदालत महेन्द्रनगर इजलासका न्यायाधीश यज्ञप्रसाद बस्यालले दिएको आदेशको अंश यसप्रकार छ- अब आइन्दा प्रचलित कानुनको औचित्य समाप्त नहुने गरी विवेकसम्वत् तरिकाले कानुनद्वारा प्रदत्त अपराध अनुसन्धानको जाहेरी लिने र मौका तहकिकात गर्ने काम कारवाही गर्नु गराउनु भनी विपक्षीहरूमध्येका जिल्ला प्रहरी कार्यालय कञ्चनपुर र सो कार्यालयका प्रमुखलाई यो आदेशको प्रमाणित प्रतिलिपि समेत पठाई ध्यानाकर्षण गराउने ।' यो आदेश पत्रकारद्वय रिहा भएको भोलिपल्ट असार ५ गते जारी गरिएको छ । पत्रकारद्वयलाई छाड्दा गरिएको कागजमा जुनसुकै बेला आवश्यक पर्दा फेरि जिप्रकामा हाजिर गराउने उल्लेख भएकाले फेरि पक्राउ गर्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै अदालतमा रिट निवेदन दर्ता गरिएको र त्यसको बहसलाई अगाडि बढाइएको थियो ।

**निष्कर्ष**

नेपालको संविधान, ऐनकानूनले समाचार लेखेका आधारमा पक्राउ गर्न नमिल्ने व्यवस्था गरेको छ, तर कञ्चनपुरका दुई जना पत्रकार अनाहकमा २८ घण्टा प्रहरी हिरासतमा बस्नुपऱ्यो । सम्पादक र कार्यकारी सम्पादक पक्राउ परेपछि मानसखण्ड दैनिक तीन दिनसम्म प्रकाशन हुन सकेन । यसले नागरिकको सुसूचित हुन पाउने संविधानप्रदत्त अधिकार कुण्ठित बनाएको छ । तर, यो घटनाले गलत ढङ्गबाट प्रहरी प्रशासनले पत्रकारलाई दुःख दिन सकिने झण्डै स्थापित हुन पुगेको गलत नजिर असफल भएको छ ।

●●●

*(लेखक नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य हुनुहुन्छ)*




# लैङ्गिक समावेशीकरण, पत्रकारिता र महासंघ

*समाजका विभिन्न वर्ग, लिङ्ग, धर्म र जातका व्यक्तिहरूको समानुपातिक प्रतिनिधित्व भएको पत्रकारिता नै समावेशी लोकतान्त्रिक समाजका लागि सहयोगी हुन्छ । बहुभाषिक, बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक नेपाली समाजको विविधतायुक्त विशेषतालाई स्वीकार गर्दै ती समुदाय र वर्गको प्रतिविम्व नेपाली पत्रकारितामा उतारिनुपर्दछ ।*



शीतलप्रसाद महतो

अहिले नेपालको नयाँ यात्रा समावेशी सङ्घीय लोकतान्त्रिक संरचनातर्फ उन्मुख छ । जसबाट समृद्ध, समावेशी र लोकतान्त्रिक नयाँ नेपालको निर्माण हुने अपेक्षा राखिएको छ । समावेशी लोकतन्त्रको माग सँगसँगै पत्रकारिता क्षेत्रमा पनि लैङ्गिक समावेशीकरणको सवाल निकै गम्भीरताका साथ उठ्न थालेको छ । तर, अझै पनि आधा जनसङ्ख्याभन्दा बढी रहेका महिलालाई पत्रकारिता क्षेत्रले आकर्षित गर्न सकेको छैन । व्यावसायिक र सामाजिक दृष्टिकोणका हिसाबले पनि उनीहरुका लागि मैत्रीपूर्ण पत्रकारिताको विकास हुन सकेको छैन् । पत्रकारिताको निर्णायक तहमा महिलाको सहभागिता, दृष्टिकोण र विचारले अझै अर्थपूर्ण ठाउँ पाउन सकेका छैनन् ।

सन् १९९५ मा चीनको राजधानी बेइजिङमा सम्पन्न चौथो विश्व महिला सम्मेलनले महिला विकास र समानताका लागि वाधक रहेका १२ वटा सरोकारका क्षेत्रलाई पहिचान गरेको थियो । जसमध्ये दसौं बुँदामा महिला र सञ्चारलाई पनि एउटा मुख्य क्षेत्रको रुपमा पहिचान गरेको थियो । यसले सञ्चारमाध्यममा



महिलाको पहुँच, सहभागिता र सक्रियतामा रहेका असमानतालाई हटाउनुपर्छ भन्ने विषयमा जोड दिएको थियो । नेपालमा लैङगिक समावेशीकरणको बहसलाई उचाइमा पुऱ्याउने काममा नेपालको पत्रकारिता क्षेत्रको ठूलो साथ र सहयोग रहँदै आएको छ । पत्रकारिता क्षेत्रको प्राथमिकताकै कारण महिला हिंसा सम्बन्धी घटनाहरुको उजागरमा तीब्रता आएको छ भने यो सँगसँगै न्यायिक प्रक्रियाका लागि पीडितहरुको अत्मविश्वास जगाउने पक्षमा पनि पत्रकारिता क्षेत्रको महत्वपूर्ण भूमिका रहँदै आएको छ । त्यसैले पत्रकारिता क्षेत्रमा लैङ्गिक समावेशीकरणका लागि राष्ट्रको सञ्चार नीति, यस सम्बन्धी भएका कानुन र योजनादेखि पेसागत संघसंस्था र सञ्चारमाध्यमसम्म विशेष अभियान नै चलाउनुपर्दछ । उनीहरुलाई कुनै विभेद भएको खण्डमा त्यसको सुनुवाई हुने नीति र प्रक्रिया पनि बनाइनुपर्दछ ।

हुन त नेपालमा लैङ्गिक विभेदको अन्त्यका लागि विगतको तुलनामा थुप्रै कामहरु भएका छन् । महिला अधिकार प्रत्याभूतिका लागि सरकारी संयन्त्रका सकारात्मक कदमहरुले पनि महिलालाई उत्साहित बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ भने कानुनी रुपबाटै लैङ्गिक समानताको पक्षलाई सबल बनाउन विभेदकारी कानुनहरुमा समयानुकूल परिमार्जन लगायतका कदमले पीडित महिलाको न्याय खोज्ने प्रवृतिमा समेत क्रमिकरुपमा विकास हुँदै गएको छ । त्यस्तै महिला अधिकार सम्बन्धी गैरसरकारी संस्थाहरुबाट भइरहेका चेतनामूलक कार्यक्रम तथा पीडितको न्यायका लागि लक्षित सबैखाले गतिविधिले यस सवालमा सकारात्मक उपलब्धि हासिल भएका छन् । यी विभिन्न क्रियाकलापका कारण आफ्नो हैसियत र मर्यादाको सम्मानजनक खोजीका लागि अघि बढ्नुपर्छ भन्ने चेतना नेपाली महिलामा क्रमशः बढ्दै गइरहेको छ ।

**नेपाल पत्रकार महासंघमा महिला**

संविधानले आत्मसात गरेका सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुरुप नेपाल पत्रकार महासंघले पनि आफ्नो विधान संशोधन गरी समावेशी चरित्रको बनाएको छ । महासंघको विधान २०६० (चौथो संशोधन २०७३) ले महिला, मधेसी, जनजाति, दलितलगायत सबै समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गरेको छ । त्यसमा पनि लैङ्गिक रुपले सशक्त रहेको विधानले पत्रकार महिलालाई तोकिए वमोजिम उम्मेदवार बनाउनैपर्ने बाध्यात्मक अवस्थाको सिर्जना गरेको छ । विधानले जिल्ला शाखा, प्रतिष्ठान तथा संस्थागत समितिको गठन हुँदा उपाध्यक्ष पदमा पत्रकार महिलालाई उम्मेदवार बनाउनैपर्ने व्यवस्था गरेको छ । त्यस्तै सदस्यमा पनि एक जना महिलालाई उम्मेदवार बनाउनैपर्ने बाध्यात्मक व्यवस्था गरेको छ । त्यस्तै २१ सदस्यीय प्रदेश समिति गठन हुँदा सात पदाधिकारी मध्ये उपाध्यक्ष पदमा महिलालाई उम्मेदवार बनाउनैपर्ने व्यवस्था गरेको छ भने सदस्यमा तीन जना महिलालाई अनिवार्य रुपमा उम्मेदवार बनाउनुपर्ने व्यवस्था गरेको छ । महासंघको विधानले प्रत्येक भौगोलिक प्रदेशमा एक एक वटा, काठमाडौं उपत्यकाका तीन जिल्लालाई अलग क्षेत्र मानी एक वटा, गैर भौगोलिकतर्फ प्रतिष्ठान शाखाहरुको अलग क्षेत्र मानी एक वटा र संस्थागत सदस्यहरुको अलग क्षेत्र मानी एक वटा प्रदेश समिति रहने व्यवस्था गरेको छ ।

यसैगरी महासंघको ४७ सदस्यीय केन्द्रीय समितिको ११ पदाधिकारीमध्ये सचिव पदमा महिलालाई तथा ३६ सदस्यमध्ये तीन जना महिलालाई अनिवार्य रुपमा उम्मेदवार बनाउनैपर्ने व्यवस्था गरेको छ । त्यस्तै महासंघको प्रत्येक शाखा तथा संस्थागत सदस्य संस्थाबाट हरेक १० सदस्यमध्येबाट एक जनाका दरले केन्द्रीय सभासद निर्वाचित हुने व्यवस्था छ । यसरी केन्द्रीय सभासदको निर्वाचन गर्दा ४ जना वा सो भन्दा बढी सभासद छानिने शाखा वा एसोसिएट संस्थाबाट प्रत्येक चार बराबर एक जना महिला अनिवार्य रुपमा हुनुपर्ने व्यवस्था महासंघको विधानले गरेको छ । यो व्यवस्थाबाट उल्लेखनीय रुपमा महिला सभासद निर्वाचित हुने अवसर प्राप्त भएको छ । महासंघको सञ्चालन प्रक्रियामा यति धेरै पत्रकार महिलाको सहभागिता भएको यो नै पहिलो पटक हो । यसरी जिल्ला शाखा, प्रतिष्ठान तथा संस्थागत समितिको हालै सम्पन्न निर्वाचनलाई लैंगिक समावेशीकरणका हिसाबले उत्साहजनक ढङ्गबाटै हेर्नु जरुरी छ ।

**पत्रकारितामा महिला**

समावेशी लोकतन्त्रको पैरवी गर्ने, अल्पसङ्ख्यक, पिछडिएका र आवाज खोसिएकाहरुको सशक्तिकरणका लागि उनीहरुको आवाज र मुद्दालाई प्राथमिकताकासाथ उठाउने तथा महिला र लैङ्गिक सशक्तिकरणमा जोडदिने मूल प्रवाहका राष्ट्रिय सञ्चार माध्यममासमेत पत्रकार महिलाको सङ्ख्या अत्यन्त न्यून छ । यद्यपि सञ्चार क्षेत्रमा देखिएको विकास, विस्तार र विविधतासँगै यस क्षेत्रमा महिलाको रुची पनि बढ्दै गएको पाइन्छ । तर पनि उनीहरुको सहभागितामा अझैसम्म अपेक्षा गरे अनुरुप अभिवृद्धि हुन सकिराखेको छैन । आखिर किन ? महिलालाई सञ्चारक्षेत्रमा अगाडि आउन केले वाधा पुऱ्याइरहेको छ ? सञ्चारमाध्यममा महिला सहभागिता अभिबृद्धि गर्न के कस्ता बाधा र चुनौतीहरु छन ? यो लेखमा यिनै विषयहरुलाई समेट्ने प्रयास गरिएको छ ।

नेपाल बहुभाषिक, बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक विविधता भएको मुलुक हो । राष्ट्र निर्माण र समाज उत्थानका लागि सबै वर्ग र समुदायको भावना, पीडा, विचार, व्यवहार र मुद्दाहरुको अग्रगामी चित्रण र समानुपातिक प्रस्तुति गर्नमा नेपाली पत्रकारिताको आफ्नो छुट्टै तर महत्वपूर्ण भूमिका रहँदै आएको छ । विशेषगरी लैङ्गिक समावेशीकरणको मुद्दालाई राष्ट्रको मूलप्रवाहमा समावेश गराउनुपर्दछ भन्ने मान्यता र विश्वासकासाथ नेपालबाट प्रकाशित वा प्रसारित हुने सञ्चारमाध्यममा समाचारहरु सम्प्रेषित भइराखेका छन् । तर, त्यस्ता समाचार सम्प्रेषित भए पनि त्यो अत्यन्त कम छ र त्यसमा पनि खोजमूलक, अनुसन्धानमूलक र विश्लेषणात्मक समाचार वा आलेख समाचारको सङ्ख्या अत्यन्त न्यून देखिएको छ । यसो हुनुका प्रमुख कारण नेपाली पत्रकारिता अहिले पनि लैङ्गिकमैत्री बन्न नसक्नु हो ।

सूचना तथा सञ्चारको जुनसुकै माध्यमलाई हेर्दा पत्रकार महिलाको समानुपातिक सहभागिता भएको पाइदैन । पत्रकारिताको सञ्चालन, प्रकाशन र प्रसारणमा महिलाहरुको समान्य पहुँच देखिए पनि अग्रपङ्क्तिमा पुरुषकै हालीमुहाली छ । विशेषगरी पत्रकारिताको सबै अङ्गमा लैङ्गिक विभेदको अवस्था विधमान छँदैछ । यो विभेद हिजोको तुलनामा केही कम भए पनि सन्तोषजनक अवस्थाको सिर्जना हुन सकेको छैन् । अझ भन्नुपर्दा यहाँका छापा तथा विद्युतीय सञ्चारमाध्यममा लगानी, त्यसको व्यवस्थापन, समाचार सम्प्रेषण, प्रसारण, सामाचार प्रमुख, समाचार स्रोत, सम्पादकीय र समाचारका स्थानमा लैङ्गिक विभेदको स्थिति विद्यमान नै छ । विशेषगरी विद्युतीय सञ्चारमाध्यम रेडियो, टेलिभिजन र अनलाइन पत्रिकामा सामाचार खोज्ने, लेख्नेदेखि सामाचार वाचन गर्ने र विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने कार्यमा महिलाको सङ्ख्या बढ्दै गइरहेको छ ।

त्यसलाई सकारात्मक रुपमा लिनुपर्दछ । तर, त्यसमा नै खुसी मनाउने ठाउँ भन्ने अवश्य छैन् । वास्तवमा पत्रकारितामा महिलाहरु पछाडि पर्नुमा थुप्रै कारण र चुनौती छन् । ती मध्ये केही समस्या र चुनौतीलाई यसरी उल्लेख गर्न सकिन्छ ।

**व्यावसायिक विकासमा अवरोध**

महिलाहरुका लागि कुन भूमिका सही र उपयुक्त हो भन्ने बारेमा निर्णय गर्ने अधिकार आफै नभई उनका अभिभावकले तय गर्ने परम्परा अहिले पनि हाम्रो समाजमा कायमै रहेको छ । विशेषगरी हाम्रो समाजमा छोरी चेलीको करिअरको निर्णय उनका अभिभावकले नै गर्ने गर्छन । कतिपय अभिभावकले आफ्ना छोरीका लागि पत्रकारिता क्षेत्र र त्यसमा पनि छापा सञ्चार माध्यमलाई उपयुक्त मान्दैनन् । समय धेरै दिनुपर्ने, साँझ, बिहान र रात नमानी खटिनुपर्ने वा कुद्नु पर्ने, कठिन परिश्रम गर्नुपर्ने, जस्ता कुराहरु विशेषगरी छोरीका अभिभावकलाई स्वीकार हुँदैन । 'अल टाइम जव' भनिने पत्रकारिताको काममा यसरी नखटी सुख पनि छैन् । छोरी राती ढिलो गरेर घर आयो भन्ने छिमेकमा के भन्लान् ? छिमेकीहरुमा पनि पुरुषलाई भए 'बाबु त पत्रकार हुनुहुन्छ नि, विचरा राति सधैं ढिला हुन्छ' भन्ने र महिलालाई भए 'खै पत्रकार रे, सधैं राती आउँछे, के हो के हो' भन्ने प्रकारको सोच हावी भएको देखिन्छ । यसका अतिरिक्त प्रविणता प्रमाणपत्र तह वा स्नातक पास गरेपछि छोरीलाई पढाउन पुग्यो, अब विवाह गरिदिनुपर्छ भन्ने मानसिकता अभिभावकहरुमा अझै छ । त्यस कारणले पनि पत्रकारितामा निरन्तरता नदिने अर्थात् ड्रपआउट हुने वर्गमा सबैभन्दा बढी अविवाहित महिलाहरु नै पर्छन । त्यस्तै शिक्षाको कमी, पहुँचको कमी, सूचनाको कमी र ठोस कार्यक्रम तथा नीतिको अभावका कारण पनि महिलाहरुको पत्रकारितामा सहभागिता न्यून देखिएको हो ।

**काम र परिवारमा सन्तुलन कायम राख्नुपर्ने**

महिलाका निमित सबैभन्दा महत्वपूर्ण विषय भनेको नै परिवार र आफ्नो कामको बीचमा सन्तुलन कायम राख्नुपर्ने जिम्मेवारी हो । महिलाले घरायसी कामको जिम्मेवारीले गर्दा लामो समयसम्म व्यावसायिक काममा समय दिन सकिराखेका हुँदैनन् । कामको दोहोरो बोझ, घरपरिवारप्रतिको दायित्व, महिलाले नै धान्नुपर्ने सामाजिक रीतिरिवाज, गर्भवती हुने, बच्चा पाउने, तथा हुर्काउने दायित्व निर्वाह गर्दा धेरै समय त्यसमा दिनुपर्ने हुन्छ । घर, पति, बालबच्चा र परिवारको स्याहारसुसार गर्नुपर्ने, घरको काम भ्याएर कार्यालयमा पुग्नुपर्ने र कार्यालयको काम सकेर फर्कनासाथ घरको काममा व्यस्त हुनुपर्ने बाध्यता हाम्रो समाजमा छ । जसले गर्दा महिलाहरु हतपति पत्रकारिता पेसा अपनाउन चाहदैनन् । अपनाई हाले पनि त्यसलाई निरन्तरता दिन सक्दैनन् ।

अर्को बच्चा सानो छँदाको अवस्थामा त महिला पत्रकारहरुका निम्ति असाध्यै पीडादायी समय हो । आफ्नो दुधे बच्चालाई समय दिन नसक्दाको आत्मग्लानी र व्यावसायिक काममा चित्त बुझ्ने गरी जिम्मेवारी पूरा गर्न नसक्नुको पीडा एकै पटक भोगिराखेका हुन्छन्- पत्रकार महिला । उनीहरुलाई समाचार सङ्कलन गर्न अप्ठ्यारो ठाउँमा एक्लै यात्रा गर्न पनि गाह्रो हुन्छ । विविध चुनौतीहरुसँग सामना गर्दै आरोपहरु सहेर पनि पेसामा आफूलाई स्थापित गराउन महिला पत्रकारहरु प्रयत्नशील हुन्छन् । सुरक्षाको चुनौती त आफ्नो ठाउँमा छँदैछ, त्यसमा पनि पत्रकारिता पेसा बाहिर देखिएजस्तो 'ग्ल्यामर' मात्र छैन । यस भित्रका दुःख, पीडा र समस्या अनेक छन् । सरकारी जागिरमा जानेले लोकसेवा आयोगको परीक्षामार्फत आफूलाई एकपटक प्रमाणित गरें पुग्छ तर पत्रकारिता गर्नेले आफूलाई प्रत्येक दिन, प्रत्येक क्षण वा आफ्नो जिम्मेवारी अनुरुप दिनमा कयौं पटक पनि प्रमाणित गर्नुपर्ने हुन्छ । क्षमता, योग्यता र चाहना हुँदाहुदै पनि महिलाले यो पेसा अगाल्न सक्ने अवस्था छैन ।

**पत्रकारितालाई लैङ्गिक समावेशी कसरी बनाउने ?**

समाजका विभिन्न वर्ग, लिङ्ग, धर्म र जातका व्यक्तिहरुको समानुपातिक प्रतिनिधित्व भएको पत्रकारिता नै समावेशी लोकतान्त्रिक समाजका लागि सहयोगी हुन्छ । बहुभाषिक, बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक नेपाली समाजको विविधतायुक्त विशेषतालाई स्वीकार गर्दै ती समुदाय र वर्गको प्रतिविम्व नेपाली पत्रकारितामा उतारिनुपर्दछ । यसका लागि नेपाली सञ्चारमाध्यमले महिलाको प्रतिनिधित्व प्रतिशतलाई कम्तिमा उनीहरुको जनसङ्ख्याको प्रतिशतका हाराहारीमा पुर्‍याउने लक्ष्य र स्पष्ट मार्गचित्रका साथ अगाडि बढ्नसक्नुपर्दछ । यसका लागि सञ्चारमाध्यमले निर्वाह गर्नुपर्ने भूमिका सम्बन्धी सुझावलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

राज्यका सबै संयन्त्रमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिता गराउने राज्यको प्रतिवद्धता अनुरुप यहाँका सञ्चारमाध्यममा पनि कम्तिमा ३३ प्रतिशत पत्रकार महिलाको सहभागिता सुनिश्चित गर्ने प्रयासको थालनी गर्नुपर्दछ । यसका साथै सञ्चारगृहको निर्णायक तहमा कम्तिमा ५० प्रतिशत महिलाको सहभागिता बढाउनुपर्दछ । यसका लागि राज्यले नेपाली सञ्चारगृहमा महिलाको समानुपातिक प्रतिनिधित्व बढाउनका लागि सोही अनुरुपको समावेशी नीति, नियम र ऐन कानुन र कार्यक्रम बनाएर त्यसको व्यावहारिक कार्यान्वयन गर्न सक्नुपर्दछ ।

सञ्चारगृहलाई पूर्णतः लैङ्गिक मैत्री संस्थाको रुपमा विकास गर्नुपर्दछ ।

सञ्चारकर्मी भर्ना गर्दा लैङ्गिक सन्तुलन कायम राख्न विशेष ध्यान दिनुपर्दछ ।

सम्पूर्ण पत्रकार महिलालाई पनि लैङ्गिकताको सवालमा समान पहुँचको अपेक्षा गर्ने अधिकार छ । त्यसैले सञ्चार गृहले महिलाको नियुक्ति तथा भर्ना, तलब तथा भत्ता, लेख्ने तथा प्रसारण गर्ने विषयवस्तु, तालिम तथा पेसागत क्षमता अभिबृद्धि गर्ने खालका अन्य कार्यक्रम र उन्नतिको अवसरमा कुनै प्रकारका विभेद गर्न नपाउने व्यवस्था गर्नुपर्दछ ।

महिलालाई सञ्चारमाध्यममा समावेश गराउन र उनीहरुको कामको सुनिश्चितता प्रदान गरी प्रोत्साहित गर्न विशेष नीति तथा कार्यक्रम लागू गर्नुपर्दछ ।

सञ्चारमाध्यमको नीति निर्माण वा निर्णायक तहमा महिलाको सहभागिता अन्त्यन्त न्यून देखिएकाले यसतर्फ सम्वेदनशील भई क्रमशः उनीहरुलाई निर्णायक तहमा सहभागिता गराउँदै लग्नुपर्दछ ।

पत्रकार महिलाको सुरक्षामा विशेष ध्यान दिनुपर्दछ । विशेषगरी रातीको समयमा उनीहरुलाई घर फर्कदा सुरक्षित तरिकाबाट घरसम्म पुर्‍याउने व्यवस्था गर्नुपर्दछ । सञ्चार गृहले महिलाहरुलाई कार्यक्षेत्रमा टिकिरहन प्रोत्साहन गर्ने नीति अवलम्बन गर्नुका साथै ग्रामीण क्षेत्रका पत्रकार महिलालाई स्रोत सामग्री, तालिम र अध्ययन भ्रमणको व्यवस्था मिलाउनुपर्दछ । महिलाले सम्पादन वा प्रकाशन गरेका पत्रपत्रिकालाई प्रोत्साहन स्वरुप राज्यले विशेष सुविधा र सहुलियत प्रदान गर्नुपर्दछ । श्रमजीवी पत्रकार ऐनलाई तत्काल कार्यान्वयन गर्नुपर्दछ ।

●●●

*(लेखक नेपाल पत्रकार महासंघका केन्द्री सदस्य हुनुहुन्छ)* shitalmahato@gmail.com



# २५औं महाधिवेशनमा
## नेपाल पत्रकार महासंघ

*यो कार्यकालमा भएको एउटा महत्वपूर्ण कार्य भनेको न्यूनतम पारिश्रमिकमा पुनरावलोकन हो, जुन कार्यको आम पत्रकारहरुले स्वागत र प्रशंसा गरेका छन् । त्यसैगरी बिमा, ज्येष्ठ पत्रकार सम्मान, प्राकृतिक प्रकोपमा परेका पत्रकारहरूका लागि विपत व्यवस्थापन कोषको स्थापना जस्ता बहुआयामिक र दीर्घकालीन महत्वका कार्यक्रम र योजनाहरू सार्वजनिक गर्नुका साथै कार्यान्वयनमा ल्याएको छ । यसले यो कार्यकाललाई इतिहासमा सम्झिइरहिनेछ ।*



राजु लामा

नेपाली पत्रकारहरुको साझा सङ्गठन नेपाल पत्रकार महासंघको ऐतिहासिक २५औं महाधिवेशनमा हामी आइपुगेका छौं । २४औं महाधिवेशनबाट केन्द्रीय समितिमा निर्वाचित भएपछि नेपाली पत्रकारहरुको हितका निम्ति के भयो या के भएन भन्ने अहिले आएर सानो समीक्षाको पाटो बनेको छ ।

हामीले इतिहासमा हाम्रा अग्रज र अगुवाहरुले स्थापित गरेका नेपाल पत्रकार महासंघको गरिमा र ओजलाई कतिसम्म कायम राख्न सक्यौं यस अवसरमा त्यसको पनि समीक्षा हुन जरुरी छ । डा. महेन्द्र बिष्ट नेतृत्वको टिमले गरेका काम र उपलब्धिका बारेमा २५औं महाधिवेशन भइरहँदा हामीले केही मात्रामा भने पनि उजागर गर्नैपर्ने हुन्छ । कतिपय सवालमा नेपाल पत्रकार महासंघले अपेक्षाकृत काम गर्न नसकेको कुरा पनि नआएको होइन तर हाम्रो कार्यकालमा नेपालमा ठूला ठूला राजनीतिक र प्राकृतिक प्रकोपका घटना घटे । फलस्वरुप सोचेभन्दा परिणाम दिन नसकेको कुरा मान्नैपर्छ । यद्यपि

हाम्रो कार्यकालमा केही यस्ता कार्यहरु पनि भएका छन्, जुन कार्यले नेपाल पत्रकार महासंघको इतिहासमा यो कार्यसमितिलाई सदा सम्भिरहिने छ ।

नेपाल पत्रकार महासंघको जीवनमा लामो समयपछि आउने पुर्नसंरचनाको प्रश्नको व्यवहारिक कार्यान्वयन हाम्रै कार्यकालमा दिने मौका पाइयो । नेपालमा ७० वर्षभन्दा अघिदेखि थाती रहेका राज्य पुर्नसंरचना सहित राजनीतिक परिवर्तनलाई आत्मसात् र संस्थागत गर्दै नेपालको संविधान घोषणा भएपछि नेपाल पत्रकार महासंघको पुर्नसंरचनाको आवश्यकता पनि पर्‍यो जसको जिम्मेवारी वर्तमान नेतृत्वसँगै हामीले बहन गर्नुपर्‍यो । नेपाल पत्रकार महासंघलाई प्रादेशिक संरचनमा लैजाँदै पुर्नसंरचना हाम्रै कार्यकालमा भयो जुन ऐतिहासिक कार्य र जिम्मेवारी सम्भवतः कमैले प्राप्त गर्दछ । यस्तो महत्वपूर्ण कार्यको प्रारम्भ भएकोमा नेपाल पत्रकार महासंघको यो कार्यसमितिको सदस्यको हैसियतले रुपमा न्यूनतम पारिश्रमिक कार्यान्वयनमा जटिलता कही कतै देखिएका छन् तर जुन प्रकारले न्यूनतम पारिश्रमिक तोकियो यो महासंघको इतिहासमै सकारात्मक कदम मान्नुपर्दछ । वर्तमान कार्यसमितिले बिमा, ज्येष्ठ पत्रकार सम्मान, प्राकृतिक प्रकोपमा परेका पत्रकारहरुका लागि विपत व्यवस्थापन कोषको स्थापना जस्ता बहुआयामिक र दीर्घकालीन महत्वका कार्यक्रम र योजनाहरु सार्वजनिक गर्नुका साथै कार्यान्वयनमा ल्याएको छ । यी कार्यक्रमहरुलाई पनि आम पत्रकारहरुले प्रशंसा गरेका छन् । हामीले नाकावन्दी र महाभुकम्प जस्ता ठूला ठूला राजनीतिक घटना र प्राकृतिक प्रकोपको सामना गर्नुपर्‍यो जसले अधिकांश हाम्रो कार्यकाललाई असर पारेकै हो । यो विषयलाई अधिकांश पत्रकारहरुले बुझेका छन ।  यति हुँदा हुँदै पनि आमसञ्चार राष्ट्रिय प्रशिक्षण प्रतिष्ठान सञ्चालनकै अवस्थामा ल्याउन नसक्नु, हटाइएको थियो । नेपाल पत्रकार महासंघकै वर्तमान कार्यसमिति र नेतृत्वले राजनीतिक नेतृत्वलाई सजग र खबरदारी गर्दै पूर्ण भन्ने शब्दावलीलाई पुर्नलेखन गराउन सकेको विषय पनि नेपाल पत्रकार महासंघको इतिहासले यो कार्यसमितिको सम्भिरहने कार्य हो । मुलुकमा संविधान सभाबाट संविधान लेखन जस्तो ऐतिहासिक कार्य भइरहेका बेला प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा भविष्यमा कुनै प्रकारको सङ्कटको छाया समेत पर्न नदिन वर्तमान नेतृत्व र कार्यसमिति दृढताका साथ उभेको सर्वविदितै छ । संविधानका केही धाराहरुमा नेपाल पत्रकार महासंघले आपत्ति र विरोध जनाएको थियो यद्यपि राजनीतिक नेतृत्वले आम नेपाली पत्रकार र नेतृत्वलाई आश्वस्त पारेपछि हामीले संविधान निर्माणमा सहमति जाहेर गरेका थियौ ।

यस अवधिमा राज्यले बेलाबखत प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता विरोधी प्रावधानहरुको कार्यान्वयन गर्ने दुस्साहस पनि गरेकै हो । राज्यको सञ्चार नीति निर्माणदेखि अनलाईन सञ्चार माध्ययमा अंकुश लगाउनेसम्मको कानुन कार्यान्वयनमा ल्याउन खोज्दा नेपाल पत्रकार महासंघको वर्तमान नेतृत्व र कार्यसमितिले कडा प्रतिवाद गर्नुका साथै रचनात्मक सुझाव दिएको थियो । यस्ता कार्यहरुका कारण नेपाल पत्रकार महासंघको वर्तमान कार्यसमिति राज्यद्वारा गर्न सक्ने प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता विरोधी हर्कतहरुलाई निस्तेज पार्न सफल भएको छ । नेपाल पत्रकार महासंघको २५औं महाधिवेशनसम्म आईपुग्दा अग्रजहरुले देखाएको बाटो र आम श्रमजीवी पत्रकारहरुको आशा र अपेक्षा केही हदसम्म पूरा भएका छन र अपुरो कामलाई भावी नेतृत्वले पूरा गर्ने अपेक्षासहित आफूलाई वर्तमान कार्यसमिति सदस्यको हैसियतले सन्तुष्ट मानेको छु । अब २५ औ महाधिवेशनबाट आउने नयाँ नेतृत्वले हामीले पूरा गर्न नसकेको आम पत्रकारहरुको हक, हित र अधिकारको क्षेत्रमा अझ प्रभावकारी रुपमा काम गर्न सक्षम हुने विश्वास छ ।

**संविधानका केही धाराहरुमा नेपाल पत्रकार महासंघले आपति र विरोध जनाएको थियो यद्यपि राजनीतिक नेतृत्वले आम नेपाली पत्रकार र नेतृत्वलाई आश्वस्त पारेपछि हामीले संविधान निर्माणमा सहमति जाहेर गरेका थियौ ।**

आफूलाई गौरवको महसुस भएको छ । यो कार्यको थालनी वैधानिक रुपमा भएको छ तर यसको व्यावहारिक कार्यान्वयन गर्ने जिम्मेवारी भने २५औं महाधिवेशनबाट निर्वाचित टिमको काँधमा आउनेछ । नेपाल पत्रकार महासंघलाई सङ्घीय, प्रादेशिक र स्थानीय तीन तहमा पुर्नसंरचना गरी विधानमा भएको व्यवस्था वमोजिम नेतृत्व चयन गर्ने कार्यलाई आगामी निर्वाचित टिमले गर्नुपर्नेछ जसको सुरुवात हाम्रो कार्यसमितिले गरेको छ ।

पुर्नसरचनासँगै हाम्रो कार्यकालमा भएको अर्को महत्वपूर्ण कार्य भनेको न्यूनतम पारिश्रमिकमा पुनरावलोकन हो, जुन कार्यको आम पत्रकारहरुले स्वागत र प्रशंसा गरेका छन् । व्यावहारिक श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वनमा समस्या देखिनु, पत्रकार सुद्धिकरण अभियानलाई तदारुकताका साथ कार्यान्वयन गर्न नसक्नु, पत्रकारहरु माथि भइरहेको हमला र सेल्फ सेन्सरसिपको अवस्थामा कमी नआउनु जस्ता कतिपय कार्यहरुको आलोचना भएको स्वीकार गर्नैपर्छ ।

नेपाल पत्रकार महासंघको जीवन भनेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र श्रमजीवी पत्रकार हो । संविधान निर्माणको बखत संविधानको प्रस्तावनामा पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी भन्ने अन्तरिम संविधानमा भएको व्यवस्थामा संविधानको प्रारम्भिक मस्यौदामा राजनीतिक नेतृत्वबाट पूर्ण भन्ने शब्दलाई

●●●

*(लेखक नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य हुनुहुन्छ)*

# सुशासनका लागि पोलिटिसियन, प्रहरी र पत्रकारको सहकार्य

*नेपालमा मात्र नभएर विश्वभरि नै तीन पी को सम्बन्ध नैतिक र जिम्मेवारपूर्ण हुनुपर्छ भन्ने धारणा छ । तर पनि विश्वमा यी तीन पी हरुले आफ्नो आचारसंहिता र नैतिकता उल्लङ्घन गरेका धेरै उदाहरणहरू छन् । यिनीहरू आफ्नो भूमिका निभाउने सन्दर्भमा सधैं विभाजित र विवादित पनि भइरहेका छन् । त्यो समस्या आउने भनेकै निष्ठाको अभावले नै हो ।*



गणेश लम्साल

जब 'थ्री पी' अर्थात पुलिस (प्रहरी प्रशासन) प्रेस (पत्रकार) र पोलिटिसियन (राजनैतिक नेता) हरुले आफ्नो आदर्श र कर्तव्यलाई बिर्सिन्छन्, तब समाजमा व्यभिचार, कदाचार, भ्रष्टाचार र अराजकता सक्दो मौलाउँछ । यसैले सबैखाले अपराधलाई न्यूनिकरण गरी समाज परिवर्तन गराउन यी थ्री पी जिम्मेवार मानिन्छन ।

अलग अलग भूमिकामा भएकोले होला यी तीनवटै 'पी' का अलग अलग आदर्श, मूल्य मान्यता स्थापित छन् । र, त्यसको पालनाका लागि अलग अलग आचारसंहिता पनि बनाइएका छन् । उनीहरु आफैले बनाएको संहिताले के गर्नुहुन्छ र हुँदैन भन्ने प्रष्ट पारेको छ । यसैले यी तीन 'पी' ले आआफ्नै आदर्श र धर्ममा बसेर कर्तव्य निभाउनुपर्दछ ।

पुलिस, पत्रकार, पोलिटिसियन इमान्दार भए अपराध अन्त हुन्छ भन्ने सबैलाई थाहा छ । दुष्ट प्रवृत्तिले घर गरेको समाजमा अपराध

हावी हुन्छ । तर, त्यहाँ तीन 'पी' अर्थात पुलिस, पत्रकार र पोलिटिसियन असल भए भने अपराध चाँडै न्यूनिकरण हुन्छ र समाज असल बन्छ । यसैले पनि प्रष्ट हुन्छ- व्यभिचार, कदाचार, भ्रष्टाचार नियन्त्रण गरेर सदाचारी र सभ्य समाज बनाउन अति जिम्मेवार मानिएका यी तीन 'पी' को आपसी सम्बन्ध र सहकार्यको भूमिका महत्वपूर्ण हुने गर्दछ ।

तीन 'पी' को साँठगाँठ भयो भने कुनै एउटा समुदाय र निकाय मात्रै होइन, सिङ्गो देशको शासन नै कुशासनमा परिणत हुन्छ । कुशासनमा सोझा र निर्धाले न्याय पाउन सक्दैनन र बलशालीहरुले बाहुबलको शासन चलाउने सुनौलो मौका पाउँछन । जसले समाजलाई झन् झन् अपराधमा जाक्दै लान्छ र देश गरिबीको दलदलमा भासिन्छ । सर्वसाधारणको जीवन अत्यन्तै दुःख र त्रासपूर्ण बन्न पुग्छ । नेपालको इतिहासमा पटक पटक भएका विद्रोहका घटनाहरुले पनि यसलाई पुष्टि गरिसकेका छन् ।

**सुशासनलाई बिर्सदा विद्रोह**

पहिलो जनआन्दोलनमा एक भएर लडेका राजनैतिक दलहरुले प्रजातन्त्र प्राप्त गरेको केही वर्षमै सुशासनलाई बिर्सन पुगे । त्यत्तिखेर नेपाली प्रेस पनि धेरै सचेत र व्यावसायिक थिएन । यसैले ०५२ सालमा सशस्त्र जनयुद्धको भयङ्कर विद्रोह सुरु भयो । जसले गर्दा देशले १० वर्ष हिंसात्मक युद्ध भोग्नुपर्‍यो । तर, सौभाग्यवस २०६२ मा सशस्त्र जनयुद्ध गरेको माओवादी पार्टी र राजनैतिक दलहरुबीच १२ बुँदे सम्झौता भएपछि हिंसात्मक युद्धको अन्त भयो । त्यसपछि संयुक्त रुपमा भएको दोस्रो जनआन्दोलनबाट नेपालमा राजतन्त्र सदाका लागि अन्त गर्‍यो र गणतन्त्र स्थापना गर्‍यो । फलस्वरुप ०६४ मा पहिलो संविधान सभाको निर्वाचन भयो । पटक पटक म्याद थप्दा पनि देशले संविधान पाउन सकेन । ०७० मंसिर ४ मा फेरि दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न भयो । देशमा नयाँ संविधान जारी भयो । सबैले देशमा संविधान जारी भएपछि पूर्ण सुशासन कायम हुन्छ भन्ने विश्वास लिए । तर, सङ्क्रमणकालको बाहानामा बढेको अराजकता र अपराध कार्य अन्त भएन । नयाँ सोच र तरिकाबाट कायमै रह्यो । नागरिकहरुले अझै नयाँ नेपालको अनुभूति व्यवहारमा भोग्न पाएका छैनन । अझै पनि देशको शासन पहुँचवालाहरुकै वरिपरि घुमिरहेको छ । भर्खरै सम्पन्न स्थानिय तहको पहिलो निर्वाचनपछि गाउँ गाउँमा सिंहदरवारको अधिकार पुगे पनि निर्धा र निमुखा नागरिकहरुले उपभोग गर्न पाउँछन भन्ने सुनिश्चित भएकै छैन । यसैले नयाँ नेपालमा हाल देखापरेका चुनौतीलाई हेर्दा देशलाई अग्रगमनतर्फ लानका लागि जिम्मेवार मानिएका तीन 'पी' हरुले अझै आफ्नो भूमिकालाई सन्तुलित रुपले सक्रिय बनाउँदै आपसको समीक्षा सहित सहकार्य गर्नुपर्ने आवश्यकता खड्किएको छ । अर्थात पत्रकार, पोलिटिसियन र प्रहरी प्रशासनको सक्रृय इमान्दार भूमिकाको अझै खाँचो बढेको छ ।

**समाजमा अपराधको सेण्डिकेट**

पत्रकार, प्रहरी र राजनैतिक नेताहरु सबै आआफ्नो क्षेत्रको कर्तव्यका लागि समाजमा जिम्मेवारीपूर्ण कामका किरा मानिन्छन् । यसैले उनीहरुले आफ्नो पेसा र सेवालाई निष्ठावान र आदर्शवान भएर धान्न सक्नुपर्दछ । तर, जब देशको निःशुल्क र निष्पक्ष सेवा गर्नेहरु सेवालाई पेसा बनाएर पेसाकर्मीहरु समेतलाई आफ्नो हातमा लिन सफल हुन्छन् र पेसाकर्मीहरु सेवा प्रदायकहरुसँग अपवित्र साँठगाँठ गर्न पुग्छन, तब सुरु हुन्छ समाजमा अपराधको सिण्डिकेट । नेपालमा हाल कमाउन र रवाफ देखाउन राजनैतिक पहुँचमा जाने होडवाजी, बिभिन्न ठेक्कापट्टाहरुमा भएको अराजकता र नामका लागि मात्रै पत्रकार बनि हिड्नेहरुको जमातदेखि प्रहरीको पोशाक लगाउन पाए । सेवालाई बिर्सेर शासकहरुले पनि गर्न नहुने अहंकारी र दम्भी व्यवहार प्रदर्शन गरेका घटना र गुनासाहरुले सुशासनमा सुधार गर्ने अभियन्ताहरुको खोजी भइरहेको प्रस्ट हुन्छ । आफ्नो विचार, सङ्गठन र पेसाको कर्तव्यबाट विमुख भएका यस्ताहरुको व्यवहारले समाजमा अपराध र अराजकता न्यूनिकरण गर्न भन्दा पनि बढाउन मलजल गरेको झै शङ्का हुन्छ । उनीहरुको रवाफिलो व्यवहारले गर्दा समाजमा नकारात्मक सोचले मौलाउने मौका पाइरहेको आभास हुन्छ । जब व्यावसायिक र आदर्शवादी भनिएका पेसा र कर्महरु बदनाम हुन्छन, तबदेखि नै समाजमा अपराधको बोलवाला सुरु हुन्छ । समाज भौतिक, नैतिक र आर्थिक रुपले असुरक्षित हुन्छ । सुरक्षाविद ' ब्यारी बुझानेले भनेझै- 'सुरक्षा भनेको खतराबाट मुक्तिको खोजी हो, यो वास्तविक र धारणागत खतरा एवम् ती खतरासँग तीनलाई निस्तेज पार्ने र जुध्ने क्षमतासँग सम्बिन्धित हुन्छ ।' यसैले पनि होला अपराध हावी भएको समाजमा गरिखानेहरु मारमा परिरहेका हुन्छन भने डुलिखानेहरु धनी, नामी र मानी बनेर गज्जबले धाक रवाफ देखाउन पाइरहेका छन् ।

**तीन 'पी' का आआफ्नै भूमिका**

भनिन्छ 'शरिर मरोस् तर मृत्यु नबाँचोस' यसैले राज्यले देश र जनताका लागि प्रहरीको बिशिष्ट कर्तव्य बनाएर सोही अनुसार कार्य गर्न सपथ खुवाएर निर्देशन गर्ने गर्दछ । राजनीति गर्ने नेताहरुलाई पनि उनीहरुको पार्टीको आदर्शवान विचारले निर्देशन गरेको हुन्छ । अझ देशको शासनमा सहभागी भएका नेता, मन्त्री र तिनका कार्यकर्ताहरुले त राज्यको कानुनको झन् जिम्मेवारपूर्ण तरिकाले पालना गर्नु र गराउनुपर्छ । उनीहरुले सामान्य नागरिकले भन्दा उत्तम विचार र आदर्श धारण गरेर देश र जनताका लागि सुशासनलाई दिगो बनाउन लागि पर्नुपर्छ ।

देशको चौथो अङ्गको दर्जा दिइएको पत्रकारलाई त झन राज्यमा सबैलाई वाच गर्ने (सुक्ष्मरुपले निगरानी गर्ने) जिम्मेवारी राज्यले सुम्पेको छ । यसैले यो पेसा अरुभन्दा अलि बढी सम्मानित पनि मानिन्छ । तर, आजकल यो पेसामा पनि अरु दुई 'पी' मा झै पत्रकारिताको 'पी' मा पनि घुन लाग्न थालेको पाइन्छ । जसले यो पेसामा बिल्ला भिरेकाहरु कर्तव्यबाट च्यूत भएका गुनासाहरु बढ्न थालेका छन् ।

तर, आजकल असल समाज बनाउन लागि पर्नेहरु 'पी' को खाल ओढेर समाजमा अपराधलाई प्रोत्साहन दिनेहरु सजायको भागिदार पनि हुन थालेका छन् । तर, अझै न्यूनिकरण भने हुन बाँकी छ । राज्यका यी तीन 'पी' हरु अपराध विसङ्गती र विकृति डस्ने गोमन सर्प हुन । तर, उनीहरुले अपराध र अपराधीलाई डस्न छाडेर विषको थैलो नै बेचिदिए भने समाजमा अपराधले के र कस्तो रुप लेला जो कोहीले अनुमान

लगाउन सक्छौ । यद्यपि आजकल यी सबै कुरालाई बुझेर नै होला प्रहरी पनि पहिलेभन्दा व्यावसायिक र कर्तव्यप्रति निष्ठावान बन्दै गएको पाइएको छ । सङ्गठनभित्र 'शुन्य' सहनशीलताको मात्रा तय गरेर काम कारवाहीहरु अगाडि बढाउनुले पनि प्रष्ट भएको छ । पत्रकारहरु पनि आफ्नो पेसाको आचारसंहिता पालना र व्यावसायिक निष्ठामा पहिलेभन्दा खरो देखिन थालेका छन् । उनीहरुले आफ्नो समाचार सङ्कलन, लेखन र सम्प्रेषण दक्षताको कला र दायरालाई बढाएका छन् । आफूले रुचाएको बिट र बिशिष्ट रिर्पोटिङ सुरु गरेका छन् । समाजमा अपराध न्यूनिकरण गर्न सुरक्षाकर्मीहरुले जस्तै जोखिम पत्रकारहरुले पनि मोल्न थालेका छन । प्रहरीले बयानमुखी हैन, प्रमाणमुखी अनुसन्धानलाई अंगालेजस्तै पत्रकारहरुले पनि भनाइमुखी मात्र हैन, सत्य र तथ्यपूर्ण समाचारहरुको खोजी गरेर पस्कन थालेका छन् ।

**लोभ ज्यूदोरहेसम्म भ्रष्टाचार कायमै**

उखान भन्छ- 'एक लोभी ज्यूँदो रहेसम्म भ्रष्टहरु भोकै मर्दैनन्' यसैले पनि ठग र भ्रष्टहरु कुनै न रुपमा समाजमा देखा पर्ने गर्दछन् । साँठगाँठ बनाउँछन् र अपराधको सिण्डीकेट चलाउँछन । उनीहरु सधै कसरी आफ्नो वर्चस्व बढाउन पाईन्छ भनेर मौकाको खोजीमा हुन्छन् । यसैले उनीहरु तीन 'पी' को आवरणबाट सजिलै आफ्नो प्रवेश सुनिश्चित गराउन चाहन्छ । किनभने यसो गर्दा उनीहरु सुरक्षित र संरक्षित पनि हुन्छन् । उनीहरु अपराध नियन्त्रण गर्ने वाच गर्ने र नीति बनाउने निकायहरुलाई वशमा पार्न चाहन्छन । किनभने यी तीन पी बसमा पार्न सकेमा समाजमा अपराधी मनोवृत्तिको खुल्ला बोलवाला चल्छ । भ्रष्ट सञ्जाल अझै दह्रो भएर फैलान्छ । विश्वप्रसिद्ध पत्रकार 'जोसेफ पुल्तिजर' ले भनेका छन- "सबैभन्दा बढी गोप्यता, अपराध, छलकपट, विभिन्न दाउपेच, ठगी र दावी विरोधहरुमा हुन्छन, यसले समाजलाई सधै अपराधको दिशामा लैजान्छ । यसैले पत्रकारले आफ्नो पेसाको धर्मलाई बुझेर सूचना कसरी लिने भन्ने सजगता अपनाउनु पर्दछ ।'

यस्तै संहिताहरु प्रहरी र राजनीतिज्ञका पनि हुन्छन् । तर, प्रभावशाली नेता, पत्रकार, पहुँचवाला प्रहरी हुँ भन्दै, 'साहेव' 'दाइ' र 'कामरेड'हरुकोमा पुगेर चिल्लो घसेकै भरमा रवाफ देखाएर हिँड्नेहरुले समाज अगाडि जाओस् कि पछाडि नै रहोस् वास्ता गर्दैनन् । समाजमा अपराध घटोस कि बढोस् मतलब राख्दैनन् । राख्छन् त बस आफ्नो स्वार्थ कसरी पूरा हुन्छ र बढीभन्दा बढी लाभ कसरी लिन सकिन्छ । यस्ताहरुले आफ्नो दायित्व बुझ्दैनन र कर्तव्यलाई पूरै वेवास्ता गर्छन् । वास्तवमा पुलिस, प्रेस र पोलिटिसियनहरु सबैले आफुलाई बुझ्न आवश्यक छ । ताकि सहकार्यमा धोका नहोस् । देश र समाजले धोका नपाओस । आफ्नो पार्टी, पेसा, सङ्गठनको मर्यादामा भन्ने अवधारणालाई पूरै फेर्नुपर्छ । अपराध अनुसन्धानका लागि सँगसँगै प्रशिक्षण लिने र दिने कार्यको थालनी गर्नुपर्छ । सूचना आदानप्रदानलाई बाक्लो बनाउनुपर्छ । असल राज्यले भन्छ- 'सबै नागरिक प्रहरी र पत्रकार हुन ।'

**तीन 'पी' को सम्बन्ध नैतिक र जिम्मेवार हुनुपर्छ**

हामीकहाँ मात्र नभएर विश्वभरि नै तीन 'पी' को सम्बन्ध नैतिक र जिम्मेवारपूर्ण हुनुपर्छ भन्ने धारणा छ । तर पनि विश्वमा यी तीन 'पी' हरुले आफ्नो आचारसंहिता र नैतिकता उल्लङ्घन गरेका धेरै उदाहरणहरु छन् । यिनीहरु आफ्नो भूमिका निभाउने सन्दर्भमा सधै विभाजित र विवादित पनि भइरहेका छन् । त्यो कारण आउने भनेकै निष्ठाको अभावले हो । पत्रकारले प्रहरीले राम्रो अनुसन्धान नगरेको, बल प्रयोग गरेको, एक पक्षलाई मात्र साथ दिएको शक्तिको दुरुपयोग गरेको आरोप लगाउने गरेका छन् । प्रहरीले पत्रकारलाई पनि दक्ष र व्यावसायिक हुन नसकेको, आधार प्रमाण विना लेखेको, पूर्वाग्रही बनेको आदि अनेक आरोपहरु लगाउने गरेका छन् । नेता हुनु भनेको व्यावसायिक हुनु हैन, नैतिकवान र आदर्शवान हुनु हो । यसैले नेताहरु जहिल्यै पत्रकार र प्रहरी प्रशासनलाई प्रयोग गरेर आफ्नो स्वार्थ सिद्ध गर्न चाहन्छन् ।

> राजनीति गर्ने नेताहरुलाई पनि उनीहरुको पार्टीको आदर्शवान विचारले निर्देशन गरेको हुन्छ । अझ देशको शासनमा सहभागी भएका नेता, मन्त्री र तिनका कार्यकर्ताहरुले त राज्यको कानुनको झन् जिम्मेवारपूर्ण तरिकाले पालना गर्नु र गराउनुपर्छ ।

आँच नपुगोस् र व्यावसायिक निष्ठा कायमै रहोस् । यसो हुन सकेमा तीन ' पी' को सहकार्यले समाजलाई सदाचारी बनाउन धेरै सहयोग पुर्‍याउँछ । तर, नेपालमा अझै यो असल संस्कार फस्टाउन पाएको छैन । जसले गर्दा एक अर्कामा अविश्वास र गर्ने, दुरुपयोग हुने र सम्बन्धमा सहकार्यको दुरी धेरै टाढा राख्ने चलन कायमै छ । विदेशमा नागरिक पब्लिक पुलिसिङ र पत्रकारिताले फड्को मारिसक्दा हामी अझै यो प्रयोग गर्नु ठिक कि बेठिक भन्ने बहसमै छौ । अझै पनि प्रहरीले अपराध नियन्त्रण र अनुसन्धानमा पत्रकारहरुलाई पनि दक्ष बनाउनुपर्छ र स्थानिय नेताहरुलाई पनि बुझाउनुपर्छ भन्ने पूर्ण व्यावसायिकता ग्रहण गरिसकेको छैन । अपराध भएमा पावरको प्रेसरमा काम गर्न रुचाउनु तर अपराध यसकारण गलत हो भनेर आफ्नो व्यावसायिक निष्ठा प्रर्दशन गर्न सकेको छैन । यसैले पनि अब प्रहरीले २०१२ को ऐनले भनेझै नागरिकसँग सम्बन्ध राख्न पाइदैन

बेलायतमा कन्जरभेटिभ पार्टीका नेता डेबिड क्यामरुनले फोन ह्याकिङ गर्ने पत्रकारलाई सल्लाहाकार बनाएका थिए

भने लेवर पार्टीका नेता गार्डन ब्राउनले फोनह्याकिङ गरेर समाचार बिकाउने अखवारका सञ्चालकसँग राम्रो सम्बन्ध बनाएका थिए। उनीहरु दुबैको आशय आफ्नो पक्षमा प्रेसलाई प्रयोग गर्नु र बिरोधीको अहितमा समाचार लेखाउनु थियो।

नेपालमा पनि नेताहरुले प्रहरी र पत्रकारलाई र पत्रकार र प्रहरीले नेताहरुलाई आफ्नो स्वार्थका लागि प्रयोग गरेका बग्रेल्ती उदाहरणहरु पाइन्छन। पत्रकारहरु आफ्नो पहुँचका लागि प्रहरी र नेताको नजिक हुन लालायित हुन्छन्। उनीहरु ठूला नेता र प्रहरी अधिकारीहरुसँग सङ्गत गर्न पाउँदा आफूलाई दम्भी भएको महसुस गर्छन्। नेताहरु प्रहरी र पत्रकार दुबैलाई काबुमा राख्न पाए भने जसरी भ्रष्ट शासन चलाउन पाउने योजनामा हुन्छन्। यसैले उनीहरु पत्रकारलाई वशमा राख्न भोजभतेर आयोजना गर्छन र सहयोगको प्रलोभन दिन्छन्।

यो मामलामा प्रहरीहरु पनि कम हुँदैनन। आफ्नो कमजोरी लुकाउन र धेरै प्रगति देखाउन पत्रकारहरुसँग सङ्गत गर्न लालायित हुन्छन्। धेरै पत्रकारदेखि डराउँछन र सूचना लुकाउँछन। पत्रकारलाई प्रयोग गर्न चाहन्छन तर असल नियतले सहकार्य गर्न रुचाउँदैनन्। उनीहरु आफु अनुसारको पत्रकारसँग मात्र सङ्गत गर्न रुचाउँछन। केही टाठा प्रहरीहरु आफुले नराम्रो गरे पनि राम्रो भनाउन पत्रकारहरुको प्रयोग गर्छन्। नेता र पत्रकारलाई भोज खुवाउँछन। चाकरी बजाउँछन।

यसैले तीन 'पी' हरुले गरेका यस्ता सबै कार्य गलत हुन। यसले आदर्श र पेसाको व्यावसायिक स्वाभिमान भन्दा झुठो शानमानलाई नै प्रोत्साहित गर्छ। कुशासनलाई मलजल गर्छ। सुशासनलाई टाढा भगाउँछ।

**तीन 'पी' ले निडर र निर्भिक भएर कर्तव्य निभाउनुपर्छ**

समाजलाई सुरक्षा दिने, उन्नतशील बनाउने र सुसूचित गराउने तीन 'पी' हरु आफ्नो कर्मको धर्म र आदर्शप्रति दृढ निष्ठावान हुनैपर्छ। प्रहरी प्रशासनले अनावश्यक भय पालेर नेताहरुले जे भन्यो त्यो गर्न आवश्यक छैन। पत्रकार र मानव अधिकारकर्मीहरुदेखि परपर भाग्नु पनि पर्दैन। बस आफ्नो सङ्गठनको व्यवसायिक निष्ठालाई ख्याल गरे पुग्छ। पत्रकारहरुको दुरुपयोग र गलत नियतका पत्रकारहरुसँगको सङ्गत त्याग्नुपर्छ। सरुवा र बढुवाको लोभले नेताहरुको 'जी हजुरी' गर्नु भनेको व्यावसायिक मर्यादा विपरितको काम हो। यसले पेसाको निष्ठालाई घटाउँछ र क्रमशः कदाचारी बनाउँदै लैजान्छ। यसैले सानादेखि ठूलो ओहोदासम्मका सबै प्रहरीहरुले भएका ऐन नियममा रहेर निष्ठापूर्वक कर्तव्य निभाउन सक्नुपर्छ। अर्को कुरा प्रहरी भएकै भरमा नागरिकलाई सास्ती दिन पाउनुपर्छ र मानवअधिकार उल्लङ्घन गर्न दिनुपर्छ भन्ने पुरानो सोचलाई पनि छाडनुपर्छ।

यसैगरी पहुँचवालाहरुसँग सम्बन्ध बनाउने र पहुँच बढाउने लोभमा पत्रकारहरुले पनि फस्न हुँदैन। नत प्रहरी र राजनैतिक नेताहरुले पत्रकारहरुलाई प्रभावित पार्न हुन्छ। अझ राजनैतिक नेताहरुले त सबैभन्दा बढी उच्च नैतिक आदर्शमा बस्न आवश्यक छ। सधैभरि राजनीतिमा सबैथोक जायज छ भनेर जे पायो त्यो गर्नु भनेको जनतालाई मुर्ख मान्नु हो। यो सुशासनका लागि राजनीति गर्नेहरुका लागि पटक्कै सुहाउने काम हैन। र, अब यस्तो सोचलाई नागरिकहरुले सधै मान्दा पनि मान्दैनन्।

**तीन 'पी' सधै होशियार** !

अन्तमा संहिता सबैको आआफ्नै भएकोले, समाजलाई सदाचारी बनाउन आफै होसियार बन्नुपर्छ। गलत गर्नेहरुको पोल खोल्न सहकार्य गर्नुपर्छ। अभाव र दवाव सबैले भोग्नु परिरहेकै हुन्छ। फरक यत्ति मात्र हो कसैले सहज रुपमा स्वीकार्छन भने कसैले त्यसलाई बाधा मान्छन् र आत्तिन्छन। तर, अभाव र दवाव भयो भन्दैमा कसैले पनि आफ्नो मति छाडन हुँदैन। आउने बाधा अड्चनलाई आफैले साहसपूर्वक रुपमा सामना गर्नुपर्छ। किनभने हामीले समाजलाई अपराधमुक्त बनाउनु छ। जबसम्म समाजमा अपराध हाबी हुन्छ, तबसम्म परिवर्तनको अनुभूति सर्वसाधारण नागरिकहरुले गर्न पाउँदैनन्। यसैले त एक अज्ञात व्यक्तिले दुष्ट समाजलाई कडा व्यङ्ग्य प्रहार गर्दै भनेका छन- 'कष्ट भन्ने शब्द त सभ्य समाजमा मात्र हुन्छ।'

●●●

gl3630019@gmail.com
*(लेखक नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य हुनुहुन्छ)*




# आचरण सुधार्ने आचारसंहिता

*पत्रकारले सम्प्रेषण गर्ने हरेक सूचनाहरू पूर्ण र सत्य, निष्पक्ष हुनैपर्छ । अधुरो सूचनाले नागरिकको चाहना पूरा गर्न सक्दैन । त्यसमा पत्रकार जहिले सजग हुनुपर्छ ।*



लक्की चौधरी

पत्रकारिता संवेदनशील पेसा व्यवसाय हो । यसको सही सदुपयोगले नागरिक सुसूचितसहित सचेत हुन्छन् भने अलिकतिको लापरवाहीले समाज नै गलत दिशामा उन्मुख हुनसक्छ । त्यसैले भनिन्छ 'पत्रकारिता भनेको सार्वजनिक महत्वका सत्यतथ्य सूचनासँग सरोकार राख्ने विधा हो ।' पत्रकारिताको प्राथमिक उद्देश्य नागरिकलाई भरपर्दो सूचना उपलब्ध गराएर उनीहरुलाई स्वशासित बनाउनु नै हो । तर, कुनै चिज दुनियाँमा यस्तो छैन, जहाँ त्रुटी नभएको होस् । नेपाली पत्रकारिता पनि दुधले पखालिएको छैन । हाम्रा पत्रकारिताको पनि केही त्रुटी र कमजोरी छन् । त्यसकै निम्ति पत्रकार आचारसंहिताको जरुरी भएको हो । पत्रकारलाई उसको आचरणभित्र राख्न र सहीलाई सही लेख्न दवाव सिर्जना गर्ने औजारको रुपमा आचारसंहिता जारी गरिएको मानिन्छ ।

नेपालमा आचारसंहिताको आवश्यकता पत्रकारिता सुरु हुँदैताका

गरिएको थियो । वि.सं. १९५८ वैशाख ११ गते तत्कालीन प्रधानमन्त्री देव शमशेरले गोरखापत्रका लागि सनद जारी गर्न लगाएका थिए । गोरखापत्रमा के-कस्ता सामाग्री छाप्न हुने र नहुने विषयको निर्क्यौल सनदमा गरिएको थियो । त्यतिबेलाको परिस्थिति आजकोजस्तो अनुकूल थिएन । परिस्थितिअनुरुप तत्कालीन राणा शासन व्यवस्थाको प्रतिकूल नहुनेगरी अखबारमा सामग्री छाप्ने व्यवस्था गरिएको थियो । नेपाली प्रेसका लागि त्यो नै पहिलो आचारसंहिताको भूमिका खेलेको थियो भन्ने मान्न सकिन्छ । यद्यपि आचारसंहिता भने त्यो थिएन । वि.सं. २००८ सालमा सत्यनारायण बहादुर श्रेष्ठको संयोजकत्वमा तत्कालीन नेपाल पत्रकार संघ गठन भयो । निजी क्षेत्रबाट केही पत्रपत्रिका प्रकाशन हुन थाले । वि.सं. २०१४ सालमा गठित प्रेस कमिसनले पत्रकारिता क्षेत्रलाई व्यवस्थित गर्न पत्रकारिता आचारसंहिता निर्माणको आवश्यकता महसुस गरी १८ बुँदे सुझाव प्रस्तुत गरेको थियो । वि.सं. २०२३ मा तत्कालीन नेपाल पत्रकार संघले २२ बुँदे पत्रकार आचारसंहिता जारी गरेको थियो ।

वि.सं. २०२५ सालमा गठित प्रेस सल्लाहकार समितिले २१ बुँदे आचारसंहिता जारी गरेको थियो । २०२७ मा प्रेस काउन्सिल नेपालको स्थापना भएपछि २०३२ मा छापाखाना तथा प्रकाशन ऐन जारी भयो । सो ऐनले पत्रकार आचारसंहिताको निर्माण, कार्यान्वयन र अनुगमनको जिम्मेवारी काउन्सिललाई दियो । २०३३ सालमा २२ बुँदे अर्को आचारसंहिता जारी गरियो । २०४० मा ११ बुँदे छापाखाना र प्रकाशन आचारसंहिता जारी भयो । समयानुकूल आचारसंहितालाई परिमार्जन गर्दै वि.सं. २०४९, २०५५ र २०६० मा आचारसंहिता जारी गरिए । मुलुकमा लोकतन्त्रको बहाली भएपछि २०६४ मा परिमार्जनसहित आचारसंहिता जारी गरियो । २०७२ असोज ३ गते नयाँ संविधान जारी भएपछि अनलाईन मिडियालाई समेत समेट्ने गरी २०७३ मा नेपाल पत्रकार महासंघको सहकार्यमा पुनः परिमार्जनसहित १३ बुँदे नयाँ आचारसंहिता जारी गरिएको छ ।

पत्रकारिता पेसालाई जिम्मेवार र जनमुखी बनाउन सबै मुलुकमा आचारसंहिताको अभ्यास गरिएका छन् । बीसौं शताब्दीको प्रारम्भदेखि नै युरोपेली मुलुकमा प्रेस विरुद्धका गुनासा सुनिएका थिए । प्रेसलाई जिम्मेवार बनाउन त्यसपछि आचारसंहिताको अभ्यास सुरु गरिए । सन् १९१६ मा स्वीडेनमा प्रेस काउन्सिल गठन भएको थियो । जुन संसारकै पहिलो काउन्सिल सावित भयो । दोस्रो विश्वयुद्धपछि बेलायतमा १९५३, जर्मनीमा १९५६, डेनमार्कमा १९६४, भारतमा १९६६, फिनल्याण्डमा १९६८, अष्ट्रेलियामा १९७६ मा प्रेस काउन्सिल गठन गरिए । त्यसमार्फत आ-आफ्नै देशमा आवश्यकताअनुसारका प्रेस आचारसंहिता निर्माण गरी जारी गरिए । अन्तर्राष्ट्रिय पत्रकार महासंघ गठन भएर त्यसले पनि आचारसंहिता निर्माण गरी जारी गरेको  छ । पत्रकारले सामाजिक हितलाई ध्यान दिएर व्यावसायिक धर्म निर्वाह

**पेसाकर्मीले आफ्ना लागि आफैले बनाएको अस्त्र हो । यसले पत्रकारितालाई केही भए पनि परिपक्व, मर्यादित र जिम्मेवार बनाउछ भन्ने मान्यता राखिन्छ । पत्रकारको काम समाजका विभिन्न पक्षलाई जिम्मेवार बनाउनु हो । त्यसैले पत्रकार पहिले आफू जिम्मेवार बन्न सक्नैपर्छ ।**

गर्नुपर्छ । समाजका गलत अभ्यासलाई निरुत्साहित गर्नमा पनि पत्रकार लाग्नुपर्छ भन्ने मुख्य ध्येय आचारसंहिताको देखिन्छ ।

खासमा पत्रकार आचारसंहिता व्यावहारिक निर्देशिका हो । त्यसले पत्रकारका व्यवहारका महत्वपूर्ण सवाललाई सम्बोधन गर्न दवाव दिन्छ । पत्रकार आचारसंहिता एउटा नैतिक बन्धन सरह हो । पत्रकारितालाई विश्वसनीय बनाउन विश्वभरी यसको प्रयोग भएको छ । पत्रकारका पेसा व्यवसायलाई सीमाभित्रै बाँधिराख्न यसको प्रयोग गरिएको हो । त्यसले पत्रकारका पेसागत विशेषाधिकार सीमाविहीन हुनुहुँदैन भन्छ । उसै त केही पत्रकार आफूलाई अर्कै ग्रहका नागरिक ठान्छन् । हातमा कलम छ भन्दैमा दुश्मनी साँध्ने हर्कत प्रदर्शन गर्छन् । त्यसैले पनि आचारसंहिता अनिवार्य आवश्यकता महसुस गरिएको हो । उसो त आचारसंहिता कुनै कानुनी बन्धन होइन । पेसाकर्मीले आफ्ना लागि आफैले बनाएको अस्त्र हो । यसले पत्रकारितालाई केही भए पनि परिपक्व, मर्यादित र जिम्मेवार बनाउँछ भन्ने मान्यता राखिन्छ । पत्रकारको काम समाजका विभिन्न पक्षलाई जिम्मेवार बनाउनु हो । त्यसैले पत्रकार पहिले आफू जिम्मेवार बन्न सक्नैपर्छ ।

पत्रकारले पत्रकारिता आफ्ना लागि गरेको होइन, समाज र नागरिकका लागि हो भन्ने हेक्का राख्नुपर्छ । सन्तुलित, मर्यादित र जिम्मेवार हुनु उसको दायित्व हो । थोरै भोजन गर्नाले मान्छे कुपोषणको शिकार हुन्छ, धेरै भोजन गर्नाले उसको स्वास्थ्य बिग्रन्छ । पत्रकारिता पेसा पनि ठीक त्यस्तै हो । अति हुँदा र केही कमजोरी भएमा समाजकै स्वास्थ्य बिग्रन सक्छ । अर्थात् सहीलाई सही भन्न नसक्ने हो भने समाज दिग्भ्रमित हुन्छ र गलत पथमा निर्देशित हुनपुग्छ । त्यसैले पत्रकार आफ्नो पेसाप्रति जहिले सचेत र चनाखो हुनैपर्छ । चिनियाँ दार्शनिक कन्फ्यूसियसले भनेका छन्, 'समाजलाई हित हुने कुरामा व्यक्तिगत स्वार्थलाई तिलाञ्जली दिनुपर्छ ।' के हामीले व्यवहारमा उतारेका छौं ? आत्मसमीक्षा गरौं । पत्रकारको पेसा नै सार्वजनिक विषयवस्तुमा आधारित व्यवसाय हो । त्यसैले समाचारका विषयवस्तुमा पत्रकारले पूर्वाग्रही हुन मिल्दैन । मन परेको विषयलाई बढी उचाल्ने र मन नपरेको विषयलाई थिचार्ने काम पत्रकारले गर्न मिल्दैन । अर्थात् पत्रकार आफ्नो स्वार्थमा चल्नु हुँदैन । पत्रकार स्वार्थी हुँदा समाजलाई घाटा हुन्छ । कुनै विचारसँग नजिक भएर पनि पत्रकारिता सन्तुलित हुन सक्दैन । हाम्रो पत्रकारिता अहिले दलीय विचारसँग नजिक हुँदा त्यो समस्या देखिन थालिसकेको छ ।

उसो त पत्रकारिता हतारको व्यवसाय हो । यसको मतलब हतारको काम लतार गर्न भने मिल्दैन । समाजको हरेक गतिविधिमा प्रेसको सहज पहुँच अनिवार्य हुन्छ । ताकि प्रेसले बढीभन्दा बढी सूचना र जानकारी नागरिकलाई दिन सकोस् । आजको समाज र नागरिक तुलनात्मकरुपमा सचेत र सञ्चारप्रेमी छन् । प्रविधिको विकासले

सञ्चारमा नागरिकको पहुँच अझ सहज बनाइदिएको छ। त्यसैले पत्रकारमा पनि प्रविधिको ज्ञान अनिवार्य शर्त हो। पत्रकार समाजको अगुवा सरह हो। जसले सूचनाको खेती गर्छ। सूचनाबाटै ज्ञान प्रदान गरिरहेको हुन्छ। यसअर्थमा पनि समाजका हरेक गतिविधिमा आफूलाई जानकार राख्नु पत्रकारका लागि अनिवार्य छ। आफू जानकार नहुँदासम्म अरुलाई नयाँ जानकारी दिन सम्भव हुँदैन। समाज जति अगाडि बढ्दैछ, पत्रकारका निम्ति त्यति नै चुनौती थपिदैछ। अर्थात् उसले आफूलाई समयानुकूल सबै चिजमा दक्ष र अपडेट राख्नु परिरहेको छ। पत्रकारले सम्प्रेषण गर्ने हरेक सूचनाहरु पूर्ण र सत्य, निश्पक्ष हुनैपर्छ। अधुरो सूचनाले नागरिकको चाहना पूरा गर्न सक्दैन। त्यसमा पत्रकार जहिले सजग हुनुपर्छ।

पत्रकार आफ्नो पेसागत धर्म निर्वाह गर्ने क्रममा धेरै ठाउँमा चुकिरहेको हुन्छ। कुनै अपराधको घटनाको समाचार बनाउँदा अदालतले प्रमाणित गर्नु अघि उसले दोषीलाई 'अपराधी' संज्ञा दिन्छ। जुन गलत हो। अपराधी करार गर्ने काम अदालतको हो, पत्रकारको होइन। अपराधी प्रमाणित नहुँदासम्म पत्रकारले अपराधीको संज्ञा दिन मिल्दैन। कुनै ठाउँमा महिलामाथि कसैले बलात्कार गरेको आरोप लाग्यो। पत्रकारले समाचारमा बलात्कारी फरार भनेर समाचार बनाउँछ। बलात्कार गरेको हो कि होइन, घटना कसरी घटेको हो। ऊ दोषी हो कि आरोप मात्र हो। यस्ता विषय प्रमाणित नहुँदै पत्रकारले 'बलात्कारी' ठहर गरिदिन्छ। पत्रकारिताको धर्म यो होइन। भ्रष्टाचार भएको घटनाका समाचारमा पनि छानविन अघि नै प्रेसले भ्रष्टाचारी ठहर गरिदिन्छ। जुन अशोभनीय लाग्ने गर्छ। पीडितलाई थप पीडा दिने काम गर्नु हुँदैन भन्ने पत्रकार आचारसंहितामा व्यवस्था छ। तर, हामीले त्यसको व्यवहारमा ख्याल गर्न सकेका छैनौं।

अर्को गम्भीर विषय अहिले 'पेयबल' समाचारको हो। पत्रकारले स्रोतबाट पैसा लिएर समाचार लेखेको घटना बर्ग्रेल्ती सुनिन्छन्। कसैको दवाव र प्रभावमा परेर पत्रकारले त्यस्तो गरिरहेको सुनिन्छ। जुन समाजका निम्ति घातक विषय हो। हाम्रो आचारसंहिताले त्यस्तो विषयलाई कसरी व्याख्या गर्ला बहसको विषय बन्नसक्छ। कसैको प्रभाव र दवावमा परेर समाचारहरु सत्यतथ्य बन्नै सक्दैनन्। या त त्यो पत्रकारको स्वार्थअनुकूल हुनजाला या दवाव दिनेको अनुकूल। तर, समग्रमा त्यो समाजका निम्ति प्रतिकूल बन्छ नै। पत्रकारिताको धर्म त्यो होइन। यसप्रति सरोकारवाला सचेत बन्नैपर्छ। 'पेयबल समाचार' लेख्नु भनेको खेलकुदमा खेलाडीले 'म्याच फिक्सिङ' गरेजस्तै हो। खेलाडीलाई त्यसो गर्दा कारवाही हुन्छ भने पत्रकारलाई किन नहुने ? आमसवाल बन्नसक्छ। अर्को कुरा पत्रकारले आचारसंहिताको कार्यान्वयन गर्ने तर मिडिया मालिकले गर्न हुने कि नहुने ? लगानीकर्ताले आफ्नो व्यवसाय प्रवर्द्धनका निम्ति जे पनि गर्न छुट हुँदैन। मिडियामा लगानी पारदर्शी हुन नसक्नु मिडिया मालिकलाई आचारसंहिताले छुन नसक्नु सरह नै हो। नेपाली पत्रकारितामा नागरिकले तेर्स्याउने गरेको अर्को आम प्रश्न यो पनि हो।

●●●

*(लेखक नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य हुनुहुन्छ)*

## एक सय वाटसम्मको एफएम रेडियो र पत्रिका दर्ता स्थानीय तहमा

एक सय वाटसम्मको एफएम रेडियो र पत्रपत्रिका दर्ता स्थानीय तहमा हुने भएको छ। २०७४ साल जेठ १७ गते मन्त्रिपरिषद्को बैठकले पारित गरेको स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ ले गाउँपालिका वा नगरपालिकालाई एक सय वाटसम्मको एफएम रेडियोको दर्ता, सञ्चालन अनुमति, नवीकरण, खारेजी र नियमनको अधिकार दिएको छ।

यस्तै प्रदेशको कानूनको अधिनमा रही एफएम सञ्चालन सम्बन्धी कार्य गर्ने अधिकार पनि दिएको छ। सेवा सञ्चालन सम्बन्धी आदेशले स्थानीय तहका पत्रपत्रिकाको दर्ता अभिलेख तथा नियमन, संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारबिहीन टेलिभिजनको प्रसारणको अनुमति, नवीकरण र नियमनको अधिकार पनि दिएको छ।

स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास र प्रवर्द्धन गर्ने अधिकार पनि गाउँपालिका र नगरपालिकालाई प्रदान गरिएको छ।

## ४८ घण्टापछि रिहा

नेपाल प्रहरीद्वारा न्यूनतम पारिश्रमिक निर्धारण समितिका पूर्वअध्यक्ष तथा कञ्चनपुरको महेन्द्रनगरबाट प्रकाशित दैनिक मानसखण्डका सम्पादक खेम भण्डारी र कार्यकारी सम्पादक गणेश भट्टलाई पक्राउ गरी ४८ घण्टापछि रिहा गरेको छ।

स्थानीय दुई युवतीलाई प्रहरीले पक्राउ गरेको विषयमा समाचार पत्रिकामा प्रकाशित भएपछि सोही विषयलाई लिएर प्रहरीले पत्रकारद्वयलाई असार ३ गते पक्राउ गरेको थियो। महासंघले शक्तिको दुरुपयोग गरी पत्रकारलाई पक्राउ गरिएको भन्दै तत्काल रिहा गर्न माग गरेको थियो।

महासंघले केन्द्रीय सदस्य तथा सुदूरपश्चिम संयोजक प्रकाशविक्रम शाहको संयोजकत्वमा स्थानीय तहमा मिसन खटाएको थियो भने केन्द्रमा गृहमन्त्री लगायत सरकारी निकायसँग रिहाइका लागि पहल गरेको थियो।

## अदालतद्वारा सफाई

विद्युतीय कारोबार ऐन अन्तर्गत पक्राउ गरी मुद्दा चलाइएका सिरहाका पत्रकार अर्जुन थपलिया र सन्तोष यादवलाई काठमाडौं जिल्ला अदालतले सफाई दिएको छ।

न्यायाधीश पुनाराम खनालको इजलासले बिना आधा उहाँहरूलाई विद्युतीय कारोबार ऐन अन्तर्गतको अभियोग लगाइएको भन्दै असार २३ गते मुद्दा खारेज गरेको हो।

गत मंसिरमा सिरहाका तत्कालीन एसपी श्यामलाल ज्ञवालीले पत्रकारमाथि उक्त अभियोग लगाउनु भएको थियो। पत्रिकामा प्रकाशित विषय फेसबुकमा पोस्ट गरेको आधारमा मुद्दा चलाइएको थियो।

# पत्रकार भएका कारण बाँचेको त्यो दिन

*म पत्रकार भनेर नचिनिएको भए सायद दुर्घटनास्थलबाट उद्धार नै हुदैनथ्यो होला भन्ने बढी सोच्छु । बाढी पहिरोले सडक बन्द हुँदा उद्धारमा आएको हेलिकप्टर पनि एकिन ठाउँ पत्ता लगाउन नसकी फर्किएको बेला स्थानीय बासिन्दा, त्यो बेलाका माओवादी लडाकुले बाटो पहिल्याउँदै तीन दिनसम्म स्टेचर काँधमा बोकेर अस्पताल पुऱ्याएको याद आउँछ ।*



भवानी रेर

म पत्रकार नभएको भए सायद डाक्टर, इञ्जीनियर, कुनै व्यवसायी वा नेतामध्ये केही हुन्थें भन्न खोजेको होइन । यहाँ भन्न खोजिएको गाँठी कुरो म पत्रकार वाहेक अन्य पेसाकर्मी भएको भए सायद अहिलेसम्म तपाईसामु यो संसारमा रहन्नथे होला । यसको मतलव पत्रकारिता गरेको पारिश्रमिकले बाँचेको छु भन्न खोजेको होइन । एकदशक अघि मेरो जीवनमा घटेको घटना मेरो यो अनुभूतिको गहिरो बोध हो । पत्रकारिताले नचिनिएको भए सायद एक दशकअघि नै मेरो जीवनलीला समाप्त हुन्थ्यो । २५ दिनसम्म होस्‌हवास् केही नभएको र निरन्तर तीन वर्षसम्म अपस्तालकै बेडमा हलचल र बोलचाल विना कसरी काटियो होला ? त्यो घटनालाई दस वर्षपछि वर्णन गर्नै गाह्रो छ । तर, शब्दमार्फत भए पनि दुःख व्यथाहरु पोखेर हलुङ्गो हुन खोजिरहेको छु ।

राम्रो जागिर पाउन पढ्नुपर्छ भन्दै एसएलसीमा गुल्टिएको मलाई घरकाले पुनः पढ्न लगाएका थिए । हाईस्कूल हुँदै इन्टरमिडियटपछि म पत्रकारितातिर जोडिए । पत्रकारिता विषय अध्ययन गरेर म पत्रकार भएको होइन । समाजशास्त्र र अर्थशास्त्र विषय लिएर काठमाण्डौंको त्रिचन्द्र कलेजबाट स्नातक गरेपछि साथीहरुको सङ्गतले पत्रकारिता सिक्ने प्रयासमा लागे । मेरो पत्रकारिताको पहिलो विद्यालय जनादेश सप्ताहिक थियो । डिल्लीबजारको एउटा रातो घरमा जनादेशको कार्यालय

थियो। त्यही रातो घरको सङ्गतले पत्रकारितासँगै मेरो मनमा कम्युनिस्ट विचारधाराले जगसमेत भित्रभित्रै बनाइसकेको रहेछ । त्यो कुरा मलाई विस्तारै थाहा भयो । जनादेशमा काम गर्दा गर्दै म २०६४ को सुरआतमा केही अन्य मिडियामा डडेल्धुराबाट काम गरे । गोरखापत्रमा स्ट्रिन्जर रिपोर्टरका रुपमा मैले २०६४ मै काम सुरु गरे ।

२०६२/६३को जनआन्दोलन र ०६४ सालमा सम्पन्न पहिलो संविधानसभाको निर्वाचनले मेरो पत्रकारितालाई खरो तर निष्पक्षरुपमा सुदूरपश्चिममा चिनाइसकेको थियो । गोरखापत्रकासाथै जनादेश जनदिशा र स्थानीय सेम (सेती महाकालीको) आवाजमार्फत सुदूरपश्चिमेली गतिविधि राष्ट्रिय मिडियामा जोडिरहँदा म छोटो समयमै स्थानीयको आँखा बनिसकेको रहेछु। यसको थप पुष्टि पत्रकार साथीहरुले पत्रकार महासंघको सदस्यतासँगै जिल्ला शाखामा सल्लाहकारको पद दिएबाट भयो ।

२०६५ तिर अस्ट्रेलियन उर्जा कम्पनी स्मेकले निर्माणको काम थाल्ने भनेर चर्चित पश्चिम सेती जलविद्युत परियोजनाका लागि ठाउँ ठाउँमा सूचना केन्द्र स्थापना गरेको थियो। हालको सात नम्बर प्रदेशका डडेल्धुरा, डोटी, बझाङ र बैतडी जिल्लाको सीमामा पर्ने निर्माणस्थल ढुङ्गाडमा केही गोदाम घरसमेत निर्माण गरिएको थियो । परियोजनाको काम अगाडि बढाउने भन्दै समय समयमा अध्ययन टोली परिचालन हुँदै गरेको बेला गोरखापत्र राष्ट्रिय दैनिकको डडेल्धुरा जिल्ला समाचारदाता भएकाले मैले परियोजनाको स्थलगत रिर्पोटिङ गरी वास्तविकता पाठक सामु ल्याउनु आफ्नो कर्तव्य ठाने ।

२०६५ असोज ३ गते एक जना भाइलाई साथमा लिएर बिहानको १० नबज्दै मोटरसाईकलमा हिडियो डोटीको गोपघाटतिर । गोपघाटमा रहेको परियोजनाको सम्पर्क कार्यालयमा सूचना अधिकारीलाई नभेटेपछि सम्पर्क माग्दै उनी गएको स्थान दिपायलतिर लाग्यौ । धेरै मेहनत गरेपछि बल्ल दुई घण्टापछि उनीसँग भेट भयो । उनीबाट परियोजनासम्बन्धी जति जानकारी लिँदै गइयो उति धेरै कौतुहलता बढ्दै गयो । लाग्थ्यो परियोजनाको गतिविधिबारे आजै होइन, अहिले नै पाठक वर्गलाई जानकारी दिन पाए हुन्थ्यो। तर, सोचे बाँधस्थलको अवलोकन गरी विस्तृत समाचार विनाको रिर्पोट अधुरो हुनेछ । र, पत्रकारको धर्म सत्यताको नजिक पुग्नु पनि सम्झेर परियोजनाको बाँधस्थल ढुङ्गाड पुग्ने निधो गरे । जसका लागि राती गोपघाटमा बसेर भोलि उज्यालो नहुँदै उत्तरतिर उकालो लाग्ने योजना बनाए । योजना अनुसार नै करिव साँझको छ बजेको आसपास हामी दुई भाइ पुनः गोपघाटतिर नै फर्कियौं ।

दिउँसो टन्टलापुर घाम लागेको त्यो साँझ पानी पर्‍यो । हामी सुदूरपश्चिम सदरमुकाम दिपायलबाट पश्चिम घुइकिदै जाँदा वर्षाले पनि झिमझिम रुप लिँदै गयो। तर, हामीलाई के थाहा मोटरसाईकलमा दिपायलदेखि गोपघाटसम्मको आधा घण्टाको त्यो बाटो अनि झिमझिम वर्षा हाम्रो काल बनि पछ्याइरहेको छ भन्ने । हामी आफ्नै सुर र गतिमा गन्तव्यतिर अगाडि बढिरह्यौ । समूहगाडस्थित रेडियो नेपालको क्षेत्रीय स्टेशन कटेर कालागाड पुग्यौं । त्यहाँ झिमझिम वर्षा छल्न जाकेट र हेलिमेट मिलायौ। त्यसपछि पुनः उही गति पकड्दै अनियूल गाउँमा रहेको सानो गाउँले बजार पनि पार गर्‍यौ ।

त्यस ठाउँबाट गोपघाटको गन्तव्य करिव डेढ/दुई किलोमिटर मात्रै बाँकी थियो । त्यसैबीचमा एउटा मोड आउदै थियो । त्यो मोडभन्दा अलि पर एउटा महेन्द्रा जिप (लोकल रुटको सवारी साधन) आईरहेको मैले परैबाट देखेको थिए। विपरित साइडतिरबाट सेती नदी बगिरहेको थियो । म आफ्नै साइडमा थिए । उताबाट आएको जिप एकाएक मेरै साइडमा आउन थाल्यो। त्यसपछि मैले आफ्नो मोटरसाईकल रोक्न हात र खुट्टाको दुईटै ब्रेक लगाए । तर, उसले भने आफ्नो गति नियन्त्रण गरे। उसले न त रोक्यो न आफ्नो साईड समात्यो र हामी ठोक्कियौ। मेरो पछाडि बस्नुभएको साथी रोडमै लतारिनुभयो म मोटरवाइकसँगै भित्तामा बजारिए हुँला सायद ।

होसमा आउँदा म भारतको एक निजी क्लिनिकमा थिए। न चल्न सक्ने नही त बोल्न सक्ने अवस्थामा थिए म । सँगै रहनुभएका माईला दाइले भन्नुभयो- 'अस्पताल पुर्‍याएको आज २४ दिनपछि आँखा खोलिस्। त्योभन्दा पहिलेका तीन दिन त बाटोमै थियौं ।'

म बेहोस अवस्थामा रहेछु । सबै कुरो बुझ्न सक्दैनथे। एकछिन सुनेको कुरो अलिपछि बिर्सन्थे । नाक र मुखको कामै थिएन, सास फेर्न त घाँटी काटेर पाईप राखिएको थियो । हात खुट्टा चल्दैनथे तर मस्तिष्क भने मरेको थिएन । अडेस लगाएर एकआधा घण्टा बस्न सक्ने अवस्थामै मेरो उपचारमा लागेका आफ्नतहरुले थप उपचारका लागि काठमाण्डौ लगे । काठमाण्डौंको टिचिङ अस्पतालमा भर्ना गरियो। चेकजाँचका लागि कहिलेकाहीँ नर्भिक, बीएण्डबी र मोडेल अस्पताल पुराइन्थ्यो। उपचारमा सम्लग्न स्वास्थ्यकर्मीहरु, भेट्न आउने साथीहरु र आफ्नतहरु मेरो प्रेरणा बने । नौं महिना लामो उपचारपछि लरबराउने बोली, नचल्ने शरीरको देब्रे भाग लिएर मलाई स्याहार गरिरहेकी जीवनसाथीको हातमा झुण्डिदै पहिलो पटक टिचिङ अस्पतालदेखि चक्रपथसम्मको सडक पेटीमा हिडे । त्यसरी हिड्दा कम्ती खुसी थिएन मनमा। तर, जहाँ गए पनि सँगै लैजानुपर्ने चार/पाँच वर्षे छोरी अनि खाना बेल्न मात्रै होइन हलचल र दिसापिसाब गर्न नसक्ने लोग्नेको स्याहारमा रहेकी जीवनसाथी नन्दालाई कस्तो भइरहेको होला मैले कल्पनासम्म पनि गर्न सकिन । अहिले दस वर्षपछि पनि साथ र साहारा विना केही गर्न नसक्ने अवस्थाको म ती दिन सम्झन्छु।

अहिले पनि मलाई लाग्छ कि म पत्रकारवाहेकको कुनै अफिसर, नेता वा व्यवसायी भएको भए सायद यी शब्दका माध्यमबाट अहिलेसम्म तपाई सामु रहन्नथे होला। धन सम्पतिवाला भएको भए यो भन्दा राम्रो ठाउँमा उपचार गरेर चाँडै निको भइन्थ्यो कि भन्नु भन्दा पनि म पत्रकार भनेर नचिनिएको भए सायद दुर्घटनास्थलबाट उद्धार नै हुदैनथ्यो होला भन्ने बढी सोच्छु। बाढी पहिरोले सडक बन्द हुँदा उद्धारमा आएको हेलिकप्टर पनि एकिन ठाउँ पत्ता लगाउन नसकी फर्किएको बेला स्थानीय बासिन्दा, त्यो बेलाका माओवादी लडाकुले बाटो पहिलाउँदै तीन दिनसम्म स्टेचर काँधमा बोकेर अस्पताल पुर्‍याएको याद आउँछ।

त्यस्तै तत्कालीन गाविसमा आउने वजेट पाँचलाख मध्ये दुईलाख ४५ हजार मेरो उपचारमा सहयोग गर्ने गाविस संयन्त्र, अपाङ्गता जीवन बिताइरहेका मेरा गाउँलेहरुले आफुले पाउने सामाजिक भत्ता वापत एकमुष्ठ ४० हजार, देउसी भैलो खेलेर भए पनि मेरो उपचारका लागि रकम जुटाउने कैलालीका महिला सञ्चारकर्मी, नेपाल पत्रकार महासंघ, डडेल्धुरामा व्यानर घुमाउँदै आर्थिक सहयोग जुटाउने अग्रज पत्रकार दाजु डिआर पन्तलगायतको पत्रकार सहकर्मीको टीम, कैलालीका दीर्घराज उपाध्यायको टीम, केन्द्रमा गोविन्द अचार्य, पोषण केसीलगायतलाई बिर्सन सकेको छैन । म पत्रकार नभएको भए यतिका जनालाई मेरो चिन्ता हुँदैनथ्यो र म यमराज भनु या कालको मुखबाट छुटाकारा पाउँदैनथे। जे जस्तो अवस्थाको भए पनि म आज तपाईहरुको साथमा छु । मरिसकेको मान्छे पुनः यो धर्तीमा फर्काउनुभएको छ। गाउँ समाज वा साथीभाइसँगको मेरो सद्भावको व्यवहार स्वरुप मैले नयाँ जीवन पाएको छु, अब विगतको मेरो छवी नबिग्रने गरी बाँकी दिन बितुन। यही कामना।

●●●

*(लेखक नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य हुनुहुन्छ)*



# पत्रकारको क्षमता अभिवृद्धिः
# भौतिक कि ज्ञानको ?

*पत्रकारको क्षमताको विकास कसरी गर्ने भन्ने कुरा उसको आफ्नो क्षमतामा निर्भर हुन्छ । त्यसैले विश्वविद्यालयमा पत्रकारिताको अध्ययनलाई प्राक्टिकलमा आधारित ज्ञानका रूपमा विकास गर्नुपर्दछ । अनि यो जनशक्तिले विश्वविद्यालयको कक्षा कोठा र समाचार कक्षलाई जोड्न सक्छ । अबको हाम्रो पत्रकारिता अखबारको पानाको सतहमा तैरिने नभई विषयको गहिराईमा डुबुल्की मार्न सक्नुपर्छ ।*



एकराज पाठक

आफ्नो चार महिने शिशुको उपचारका लागि पाकिस्तानी नागरिक कलवाल सादिकले भारतसँग 'मेडिकल भिसा' मागे, तर पाएनन् । गत जुन महिनाको पहिलो हप्ता उनले पाकिस्तानमा रहेको भारतीय ' हाइ कमिसन'मा आवेदन गरेका थिए । सधैं असहज सम्बन्ध रहने यी दुई देशमा त्यस समय भने काश्मिरमा हिंसा बढेको थियो । त्यही कारण देखाउँदै हाइ कमिसनले उनलाई भिसा दिएन । त्यसपछि उनले त्यहाँका स्थानीय पत्रिकामा भारतले उपचार गर्न पनि भिसा नदिएको भनेर समाचार लेखाए । तर, उनको केही सीप लागेन । सादिकले भारतीय विदेशमन्त्री सुष्मा स्वराजको ट्वीटर एकाउन्टमा जुन १२ मा गुनासो लेखे र त्यो बोधार्थ पाकिस्तानी विदेशमन्त्रीको वालमा पनि दिए । उनले लेखेका थिए– म्याडम सुष्मा स्वराज, के मेरो चार महिने छोराको मुटुमा परेको प्वालको उपचार गर्न म भारत जान पाउँदिन ? के तपाईहरुको विदेश नीति यस्तो विषयमा सम्वेदनशील बन्न सक्ला ? उनले ट्वीट गरेको दुई घन्टापछि उनलाई खबर आयो- हाइ कमिसनमा जानु हामीले भनिदिएका छौं, भिसा पाइन्छ । सादिक दम्पत्तिले सहजै भिसा लिएर जुन १३ कै दिन भारतको नोयडा

अस्पतालमा पुगे र उपचार थाले । त्यो खबरले भारतमा पनि निकै चर्चा पायो । उनी अस्पताल पुगेपछि भारतीय मिडियाले पछ्याए र सादिकले 'म्याडम स्वराज' लाई धन्यवाद दिएको खबरलाई अझ बढी प्रचार गरे । यो आलेख तयार पार्दासम्म सादिक दम्पत्ति नोयडा अस्पतालमा छोराको उपचाररत् छन् ।

नेपाल सरकारले कैलालीको टीकापुरमा दुई वर्षअघि भएको घटनाका दोषीमाथि लागेको मुद्दा फिर्ता लिने तयारी थालेको समाचार वि.सं. २०७३ को माघतिर आयो । त्यसविरुद्ध निकै खनियो नेपालको सोसल मिडिया । यसरी खनियो कि ट्वीटर र फेसबुकमा त्यस समयमा भएका जघन्य हिंसाका प्रमाणहरु प्रशस्त र प्रष्ट राखिए । ती प्रमाण र तथ्यलाई नाघेर सरकार एक कदममात्र पनि अघि बढ्न सक्ने अवस्था रहेन । बरु अखबारका समाचार औपचारिक मात्र थिए, बढी बल वालमा आयो ।

यो आलेखको आसय सोसल मिडियाको शक्ति देखाउने प्रयत्नमा केन्द्रित होइन । यदि त्यसो भएको भए पाँच वर्षअघिको मध्यपूर्वी आन्दोलन अझ बलियो उदाहरण बन्न सक्थ्यो जसले शान्तिपूर्ण जनक्रान्तिलाई अरब वसन्तको नाम दिलायो र ठूलठूला तानाशाहलाई ढाल्न आन्दोलनको ज्वारभाटा उत्पन्न गरायो । अमेरिका अर्को गतिलो उदाहरण बन्न सक्थ्यो, किनभने अहिले अमेरिकी पत्रकारलाई राष्ट्रपति डोनाल्ड ट्रम्पको ट्वीटर अकाउन्ट दिनमा दसपटक नखोली धरै छैन । किनभने उनले दिनमै दर्जनभन्दा बढी ट्वीट गर्छन् । अमेरिकी राष्ट्रपतिको समाचार संसारको कुन मिडियालाई हुन्न र ? तर, मिडियामथि उनको विश्वास छैन किनकि उनले निर्वाचन जित्ने कुरा कुनै मिडियाले दिएको थिएन । त्यसैले भन्छन्– अमेरिकी मिडिया जनताको मनमा पुग्न सकेको छैन । यहाँ त जनमत एकातिर मिडिया अर्कोतिर छ । त्यसैले यो आलेखको आसय अब समाचारमा बलिया को छन् र सूचना कसको हातमा छ भन्ने बरु हुनसक्छ । अखबार वा टिभीका समाचारदाता भन्दा किन फेसबुक सम्वाददाता बलिया छन् भनेर अबको पत्रकारिताले वडो गहन रुपले हेर्नु आवश्यक छ । नेपालमा पञ्चायतकालमा साप्ताहिक पत्रिकाले विचारको नेतृत्व गरेको थियो र त्यो विचारमै समाचार थियो । वि.सं. २०४६ पछिको प्रजातन्त्रको पुनर्स्थापनापछि दैनिक पत्रिकाको युग सुरु भयो भने यसको उत्तरार्द्धमा एफएम रेडियो र टिभीको युग उदायो । त्यसैले राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासन सुरु गर्दा सबैभन्दा बढी एफएमसँग डराए र समाचार नै रोके । नेपालमा गणतन्त्रको स्थापनासँगै अनलाइन र यससँगै सोसियल मिडियाको सकुशल जन्म भयो र त्यसले आजका दिनसम्म आउदा हुर्किने र बढ्ने लाडप्यार राम्रैसँग पाएको छ । शैशवकालमै राम्रो पालन पोषण पाएको यस मिडियाले अहिले देशमा सूचनाको नेतृत्व गरेको छ भन्दा फरक पर्दैन । किनभने अहिले समाचार थाहा पाउन अब अखबारको भन्दा फेसबुक संवाददाता बढी प्रभावकारी देखिन थालेका छन् । मै हुँ भन्ने मिडिया हाउसको सम्पादक बस्ने कुर्सीमा भन्दा बढी सूचना अहिले फेसबुक, ट्वीटरको वालमा एजेन्डा सेटिङ' गर्ने अनि सोही एजेण्डाको पछिपछि सरकार र देशका सबै राजनीतिक दललाई लगाउन सक्नेगरी देशको मिडियाले किन काम गर्न सकिरहेको छैन भन्ने बारेमा अब नसोच्दा भोलि मिडिया नागरिकको गोजीको मोबाइलमा सिमीत हुने खतरा बढ्नेछ । अखबारका पाना हल्का हुँदैछन्, तिनको आयतन र गहिराई खुम्चिदै छ । आफ्नो वास्तविक मुहार हेर्न मिल्नेगरी अखबारको पाना नबनेको गुनासो समाजको छ । अनुसन्धानदाता रिफ्रेन्सका रुपमा अखबारका पाना सिफारिश गर्न डराउँछ । टिभीका समाचार 'हिट एण्ड रन' (हान्ने र भाग्ने) खालका छन्, जुन आज सबै छन् भोलि केही केही छैनन् । अनलाइनको झन भर पर्न अझै मुस्किल छ । एकाध छ्याप्छ्याप्ती भेटिन्छ र त्यो सर्वसाधारण नागरिकको गोजीको मोवाइल फोन सेटले पनि बढी सम्भव तुल्याइदिएको छ ।

> तथ्यका साथ गहनतम् तवरले गरिएको प्रस्तुतिमा जोकोही पनि डुब्न चाहन्छ । 'लाइफ स्टाइल' रिपोर्टिङ उसले कुन मोवाइल बोक्छ, कस्तो कपडा मन पराउँछ र रक्सी खान्छ या खाँदैन भन्ने भन्दा निकै परको र गुणस्तरीय पनि खोज्न सकिन्छ । अनि त्यसलाई सत्यतथ्य र सन्तुलित बनाउन सकिएमा पत्रकारको क्षमता देखिन्छ । आफै सक्षम पत्रकार नै पत्रकारिताको क्षमता अभिवृद्धिको मूल आधार हो ।

प्रसङ्ग पत्रकारको क्षमता अभिबृद्धिको हो । त्यसो भए के पत्रकारहरुकै क्षमतामा देखिएको ह्रासले उनीहरुभन्दा फेसबुक ट्वीटर बलिया भएका हुन् त ? समाचार लेख्दा भिसा नपाएका सादिकले ट्वीट्ले भारत जान मेडिकल भिसा पाएको देख्दा त त्यसलाई बलियो नै मान्नुपर्ने बाध्यता हाम्रा सामु उभिन्छ नै । तर, यो एउटा वास्तविकता भए पनि यसैलाई स्वीकार्नु भनेको मिडिया र पत्रकारको उपेक्षा गर्नु सरह हुनेछ । त्यसो भए अब उनीहरु कसरी बलिया होलान, राष्ट्रपति ट्रम्पले भनेजस्तै जनमत एकातिर र मिडिया अर्कोतिर हुन नदिन हामीले पनि हाम्रो देशमा के गर्न सकिन्छ भन्ने बारेमा ब्यापक बहस हितकर हुन्छ ।

अघिल्लो दिन सोसल मिडियाका भित्ताभरि छरिएकै सूचनाहरुलाई भोलिपल्ट ज्यापोर्टिङको शैलीमा 'मेन न्यूज' बनाउने र राष्ट्रिय आवश्यकताको पहिचान गरेर ' बाहेक एउटै अनलाइन पढेर कुरा पत्याउनु भनेको कोरा मान्छेले चलाएको जहाज चढेर यात्रा गर्न तयार हुनुजस्तै हो । हिजो सोखले एउटा झोलाबाट सुरु गरिएको ' झोले' पत्रकारिता आज मुलुकको एक ठूलो उद्योगका रुपमा विकास भई एकै मिडिया हाउसमा झण्डै अरब रुपैयाँ लगानी हुँदा, ९ कक्षादेखि विश्वविद्यालय र पिएचडीसम्मको पत्रकारिता अध्ययन देशभित्रै भइरहँदा, संसारमा विकसित पत्रकारिताका आधुनिक सबै विधाको अधिक अभ्यास यही सुरु हुँदा पनि हामी किन भरपर्दा हुन सकेनौं भन्ने विषयमा अब निस्वार्थ र गैरराजनीतिक पैरवी हुनुपर्छ ।

सबै कुरा गएर पत्रकारको क्षमतामा ठोकिन्छ । जुनसुकै मिडिया हाउसको पनि पत्रकार दुलाहा हो र अरु सबै जन्ती । सम्पादक दुलाहा र जन्ती बोक्ने गाडीको चालक हो । त्यसैले पत्रकारिता क्षेत्रका यी दुई व्यक्तिको क्षमतालाई प्राथमिकतामा राख्नुपर्छ । हुनत जन्ती शोभा मात्र हुन्, उनीहरुको उपस्थितिविना पनि दुलाहाले

दुलही ल्याउँछ, फरक पर्दैन । तर, त्यसो भनेर जन्तीलाई उपेक्षा गर्न पनि भएन । त्यसैले अब हामी माथि उल्लेखित विद्यालय विश्वविद्यालयमा पत्रकारिताको पढाई के कसरी भइरहेको छ, झण्डै अरबको लगानी हुँदा पनि यसले भरपर्दो उद्योगको रुप लिन किन सकिरहेको छैन र संसारमा विकसित आधुनिक पत्रकारिताका विधाको अभ्यास यहीँ गरिरहँदा पनि समाज किन समाचारीय उत्पादनको भोको छ भनेर खोतल्नुपर्दछ । यी कारकलाई सिलसिलेबार रुपमा यहाँ उल्लेख गर्नु न्यायिक नै हुनेछ ।

पहिलो कुरा त हाम्रा विश्वविद्यालयका कक्षाहरु पत्रकारिता मैत्री हुन सकिरहेका छैनन् । तिनलाई पत्रकारिता शब्दको परिभाषामा पढ्नेमात्र नभएर 'प्राक्टिकल' पनि पर्छ भनेर बुझाउन पुगेको छैन । अघिपछि क्लासमै नजाने अनि जाँचको बेलामा कोठाको चुक्कुल लगाएर पढेर पास गर्ने र मिडिया हाउसमा इन्टर्नसिपमा जाँदा शीर्षक त के स्लग नै राख्न नसक्ने प्रवृत्तिले हाम्रा अखबारका पाना हल्का बनाइदिएको हो । पत्रकारको क्षमता अभिवृद्धि भनेको उनीहरुलाई व्यावसायिक सुरक्षा र जागिरको हिसाबले सुरक्षित बनाउने मात्र होइन, समाज र देशलाई आवश्यक पर्ने वस्तुको ज्ञान पत्रकारमा हुनु अझ बढी हो । यस मान्यताले एकजना पत्रकारले कति पढ्नुपर्छ भन्ने पक्षलाई अघि सार्दछ । केही वर्षअघि भारतीय पत्रिका टाइम्स अफ इन्डियाको नयाँ दिल्ली संस्करणको लागि दशजना पत्रकारको माग भएकोमा छ जना त पत्रकारिता नपढेका व्यक्तिले नाम निकालेका थिए । यसपछि त्यहाँ केही समय एउटा बहस नै चलेको थियो– के पत्रकारिताको विश्वविद्यालय डिग्री अब पत्रकारिताको लागि होइन भनेर । वास्तविकता त्यस्तो त होइन तर पनि क्यामेरा किताबमा पढाउने विश्वविद्यालयले अब व्यावहारिक पत्रकार दिँदैनन् । त्यसैले विश्वविद्यालयको प्राज्ञिक ज्ञान र व्यावहारिक ज्ञानमा फ्यूजन जरुरी देखिन्छ । पछि यसलाई भारतीय प्राध्यापकहरुले मनन् गरेर पाठ्यक्रममा धेरै परिमार्जन गरे भनिन्छ ।

पत्रकारिता हरेक वर्ष होइन कि हरक्षण बदलिँदै जाने विधा हो । गत जनवरीमा मैले अमेरिकाको वासिङ्टन डिसीमा रहेको न्यूजियम (Newseum) मा राखिएको सन् २०१६ मा संसारका दैनिकका उत्कृष्ट लिड समाचारहरुको नमूना देखेको थिएँ । उनीहरु अहिले पनि समाचारको लिड लेखनमा अभ्यास गरिरहेका छन् भन्ने सुन्दा कति अचम्म लाग्छ । तर, के हामीले यस्ता समाचारका 'कन्टेन्ट' मा अनुसन्धानमूलक कार्यशाला गर्न समय खर्चिएका छौँ त ? यस्तो सीप र विश्वविद्यालयका पत्रकारिताका पाठ्यक्रममा देखिएका कमी कमजोरीहरुमा हामी कहिल्यै बहस गर्दैनौँ । बरु एकले अर्को मिडियालाई ऊभन्दा म ठूलो भन्ने अनर्गल अभ्यास चाहिँ हुन्छ । आफ्नो अक्षम्य र समाजले दूधको दूध पानीको पानी छुट्याइ सकेर गलत सावित गरिदिएको वस्तुमाथिको घमण्ड छोड्दैन, र गल्ती भो पनि भन्दैन । त्यसैले विकसित यस्ता विश्वव्यापी अभ्यासलाई हामीले पनि पछ्याउँदा बरु पत्रकारको क्षमताको विकास हुन्छ, खेर त जाँदै जाँदैन ।

हर पत्रकारले आफूलाई 'अपडेट' गर्नु जरुरी छ । यस्तो अपडेट आफ्नो विषयप्रतिको ज्ञान र उसलाई आवश्यक प्रविधिमा गर्ने हो । आफ्नो विषयमा पोख्त हुन नसक्ने पत्रकारले समाजलाई केही दिन सक्दैन । समय अनुरुप विकसित प्रविधिमा अद्यावधिक हुन नसक्ने पत्रकारको क्षमता कुर्सी ओगट्नुमात्र हो । आफू सेवानिवृत्त हुन एकाध महिनामात्र बाँकी रहेको प्रहरीले पनि बिहान दौडेकै हुन्छ । यो समयमा उसले बिहान सुतेरै पनि जागिर पाक्थ्यो, तर आफू सेवामा रहुन्जेल आफ्नो शरीरलाई चुस्त, दुरुस्त राख्नु उसको सेवाप्रतिको इमान्दारिता हो । यसरी आफ्नो विषयवस्तुप्रति अपडेट र जानकारको कमी भएकैले अहिले देशैभरि सयौंको सङ्ख्यामा पत्रकारिताको बिए र एमएका कलेजमा विद्यार्थी छन् तर मिडिया हाउसले पत्रकार खोज्दा पाउँदैनन् । पत्रकारिताको औपचारिक पढाइले उसलाई समाचार कसरी लेख्ने सीप त देला तर उसले आफ्नो विषयवस्तुप्रतिको ज्ञान त स्वअध्ययनबाटै आर्जन गर्ने हो । त्यसैले पत्रकारले कति पढ्ने र के पढ्ने भन्ने प्रश्नको ठोस र गणीतीय जवाफ भेटिन्न । फेरि अरु पेसा र व्यवसायका मानिसले त आफूले पढेपछि व्यवसाय चल्छ पुग्यो । तर, पत्रकारले त आफूले मात्र जानेर हुँदैन समाजलाई पढाउनुपर्छ । यसरी ज्ञानमा आधारित पत्रकारिताले पत्रकारकै क्षमता अभिवृद्धिमा पक्कै सहयोग पुऱ्याउने छ ।

देशमा पत्रकारितासँग सम्बन्धित कैयौँ संघसंस्थाहरु छन् । तर पनि विषयगत एवम् प्राविधिक ज्ञान दिनसक्ने कुनै छैनन् । पत्रकारले न्यूनतम पारिश्रमिक पाएका छैनन् तर पारिश्रमिक निर्धारण गर्न भने एउटा स्थायी प्रकृतिको अफिस छ । त्यसमा सदस्य खाली भयो कि तुरुन्तै भर्ती हुन्छ । यसका कारणले पत्रकारको क्षमतावृद्धि भएको होला भन्ने लाग्दैन । अरु देशमा पत्रकारलाई समयानुकूल विभिन्न विषयगत र परिमार्जन भइरहने आचारसंहिता या विषयगत ज्ञान दिन प्राज्ञिक प्रतिष्ठानहरु हुन्छन् । तर, हामीकहाँ यस्तो प्रचलन छैन । पत्रकारलाई तालिम दिने सरकारी कार्यालयमा सूचना विभाग हो, जुन २० वर्षअघिकै आधारभूतमा सीमित छ । त्यसयता नेपाली पत्रकारितामा धेरै विधा र बिधि थपिए, तर अपडेट छैन । त्यसैले पत्रकारको क्षमता अभिवृद्धि यस्ता कुराहरुले पनि हुन्छ भन्ने सौँचको विकास हुनु जरुरी देखिन्छ ।

निष्कर्ष यो छ कि पत्रकारको क्षमताको विकास कसरी गर्ने भन्ने कुरा उसको आफ्नो क्षमतामा निर्भर हुन्छ । त्यसैले विश्वविद्यालयमा पत्रकारिताको अध्ययनलाई प्राक्टिकलमा आधारित ज्ञानका रुपमा विकास गर्नुपर्दछ । अनि यो जनशक्तिले विश्वविद्यालयको कक्षा कोठा र समाचार कक्षलाई जोड्न सक्छ । अबको हाम्रो पत्रकारिता अखबारको पानाको सतहमा तैरिने नभई विषयको गहिराईमा डुबुल्की मार्न सक्नुपर्छ । तथ्यका साथ गहनतम् तवरले गरिएको प्रस्तुतिमा जोकोही पनि डुब्न चाहन्छ । 'लाइफ स्टाइल' रिपोर्टिङ उसले कुन मोवाइल बोक्छ, कस्तो कपडा मन पराउँछ र रक्सी खान्छ या खाँदैन भन्ने भन्दा निकै परको र गुणस्तरीय पनि खोज्न सकिन्छ । अनि त्यसलाई सत्यतथ्य र सन्तुलित बनाउन सकिएमा पत्रकारको क्षमता देखिन्छ । आफै सक्षम पत्रकार नै पत्रकारिताको क्षमता अभिवृद्धिको मूल आधार हो । विषयगत र प्राविधिक ज्ञान, आचारसंहिताको ज्ञान, शैक्षिक योग्यताविनाको पत्रकारको क्षमता अभिवृद्धिबाट देशले स्वाद लिनसक्ने कुनै फल लाग्दैन । यस्तै पत्रकारिताले गर्दा नै पत्रकारिताको 'राज्यको चौथोअङ्ग' र 'समाजको पहरेदार' को गरिमामा प्रतिदिन आँच ल्याउँदैछ । पत्रकारिता समाजको गतिसँगै दौडिन, प्रविधिको प्रगतिसँगै समाहित हुन र मानवको जिज्ञासाको भोकको भोग बन्न सक्नेगरी अघि बढ्न सक्नुपर्छ । यो नै पत्रकारको क्षमता अभिवृद्धिको पूर्व शर्त हो ।

●●●

*(पत्रकारिताका अध्यापक पाठक राससका कार्यकारी सम्पादक हुनुहुन्छ)*




# केन्द्रीय साधारण सभा :
# चुनौतीसँगै अवसर

*प्रत्येक वर्ष बढ्दै गएको महासंघको सदस्य संख्या र सोही अनुपातमा निर्वाचित हुने केन्द्रीय प्रतिनिधिको संख्या पनि बढेका कारण  हरेक कार्यकालमा एकपटक हुने साधारण सभा सम्पन्न गर्न चुनौतीपूर्ण बन्दै गएको छ । यति ठूलो संख्यालाई एउटै हलमा राखेर केन्द्रले सम्पन्न गरेका काम तथा योजनाहरू अनुमोदन गर्नुका साथै महासंघका महत्वपूर्ण नीति निर्माण गर्ने अवस्था सिर्जना गर्नु चानचुने छैन ।*



हरिप्रसाद पोखरेल

नेपाल पत्रकार महासंघको धुलिखेलमा सम्पन्न सातौँ पूर्ण बैठकले चितवनलाई केन्द्रीय साधारण सभा गर्ने स्थानको रुपमा तय गऱ्यो । साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न स्थानीय व्यवस्थापनका हिसाबले चितवन शाखाका लागि यो ठूलो अवसर थियो । तत्कालीन अवस्थामा जिल्ला अध्यक्षको हैसियतबाट मैले यसलाई निकै चुनौतीका रुपमा पनि लिएको थिएँ । सँगसँगै हामीले पाएको जिम्मेवारीबाट कोही भाग्दैनन् भन्ने कुरामा म विश्वस्त थिएँ । साथै केन्द्रीय समितिको लगातारको सल्लाह, सुझाव र अध्ययन अवलोकनले हामीलाई स्थानीय रुपमा व्यवस्थापन गर्नसमेत निकै सहज भयो ।

**सफल साधारणसभा**

तीन वर्षअघि महासंघ चितवनमा नेतृत्व लिएपछिका अवधिमा हाम्रो कार्यसमितिको निर्णय कहिल्यै पनि एकलौटी भएन । सर्वसम्मत निर्णयका आधारमा महासंघको सङ्गठित यात्रा हामीले अगाडि बढाएका थियौं । फलस्वरुप चितवनमा साधारण सभा गर्ने तय भएसँगै कार्यसमितिमा देखिएको खुसीले अन्ततः जिल्लाका सबै पत्रकार र सिङ्गो चितवनलाई समेत तान्यो । यो अवसरले चितवनलाई देशैभर

चिनायो पनि। पत्रकार महासंघको साधारण सभा सम्पन्न गर्न यहाँका पत्रकारहरु दिनरात नभनी खटेका थिए। स्थानीय संघसंस्था र सञ्चारमाध्यमहरुले आफ्नैभै रेखदेख र सरसहयोग गरेका थिए। धेरैको सहयोग र साथ पाएपछि हाम्रो साधारण सभा सफल भएको हो।

महासंघको केन्द्रीय साधारणसभा २०७३ वैशाख २१ गते चितवनको पर्यटकीय नगरी रत्ननगरमा सम्पन्न भएको थियो। उक्त साधारणसभाले महासंघको विधान समयसापेक्ष बनाउनको लागि उच्चस्तरीय समिति गठन गरेको थियो। विधानलाई पछि पाल्पामा भएको राष्ट्रिय भेलाले पूर्ण रुप दियो। सोही विधानलाई टेकेर आज हामी २५ औं महाधिवेशनमा सम्पन्न गर्दैछौ। नेपाली पत्रकारहरुको एकता र नेतृत्वको सुझबुझको कारण उक्त अवस्था सिर्जना भएको हो। यस हिसावले पत्रकार महासंघको चितवनमा सम्पन्न साधारणसभा इतिहासमै सफल मानिएको छ।

साधारणसभाको उद्घाटन गर्न सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारी चितवन आउनु, कार्यक्रममा तत्कालीन विभागीय मन्त्री सोमप्रसाद पाण्डे, व्यवस्थापिका-संसदका सभासद्लगायत विशिष्ठ अतिथिहरुको उपस्थिति हुनुले चितवन जिल्लाको महत्व र गरिमालाई अझै माथि उठायो। साधारणसभाको सफलताले चितवन जिल्लामा जस्तोसुकै कार्यक्रम सफलतापूर्वक सम्पन्न हुनसक्छ भन्ने प्रमाणित पनि गरायो। यसपटकको साधारणसभा चितवन जिल्लामा आयोजना गर्न हामीलाई अवसर र उत्प्रेरणा प्रदान गर्ने केन्द्रीय कार्यसमिति, साधारणसभा सफल पार्न अहोरात्र खटिने चितवनका पत्रकारहरु, महासंघले गठन गरेको विषयगत उपसमितिहरु, विभिन्न संघ-संगठन, होटल व्यवसायी र कर्मचारीहरु सबैको भूमिका उल्लेख्य रह्यो।

**यसरी सम्पन्न भयो** : साधारण सभा सम्पन्न गर्न स्थानीय स्तरमा विभिन्न १४ वटा उपसमितिहरु निर्माण गरियो। स्थानीय मूल व्यवस्थापन समितिको संयोजकमा हरिप्रसाद पोखरेललाई चयन गरिएको थियो। यसैगरी स्वागत सत्कारमा हरिप्रसाद पोखरेल, आर्थिक सङ्कलनमा दिपेन्द्र वडुवाल, आवास व्यवस्थापनमा जनक अर्याल, स्मारिका सम्पादनमा कृष्ण गिरी, स्मारिका र स्थानीय समन्वय व्यवस्थापनमा होमनाथ सापकोटा, सचिवालयमा सविता श्रेष्ठ, सञ्चार प्रविधिमा शान्ता अधिकारी, मञ्च सजावटमा अनिल ढकाल, यातायात व्यवस्थापनमा गोविन्द घिमिरे, भोजन व्यववस्थापनमा प्रविण दत्त, स्वयम्सेवक व्यवस्थापनमा रामकान्त पौडेल, मायाको चिनोमा प्रकाश सिग्देल, स्वास्थ्य शिविरमा प्रमिता ढकाल, स्टेशनरीमा दुर्गाकुमार रेग्मीलाई व्यवस्थापन गर्ने संयोजकको जिम्मेवारी दिइएको थियो।

महासंघको चितवन शाखाले मात्र यति ठूलो साधारणसभा आयोजना गर्न सक्ने थिएन। यसका लागि चितवनका उद्यमी-व्यवसायी, स्थानीय निकाय, विभिन्न संघ-सङ्गठन र व्यक्तिहरुले समेत आर्थिक, नैतिक र भौतिक सहयोग गरेका छन्। चितवनले सबैको सहयोगको उच्च मूल्याङ्कन गरेको छ।

साधारणसभामा भएको आम्दानी र खर्च पारदर्शी होस् भन्नका लागि छुट्टै बैंक खाता तयार गरिएको थियो। प्रभु बैंक, भरतपुरमा रहेको खाता नं. ०५४११६००७६६७५२०००००१ बाट साधारण सभाको आम्दानी खर्चको कारोबार भएको थियो। कारोबार सकिनासाथ आम्दानी खर्चको रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराएर सार्वजनिक गर्ने प्रतिवद्धतालाई हामीले पूरा गरेका छौं। दर्तावाला लेखापरिक्षकबाट साधारणसभाको लेखापरिक्षण प्रतिवेदन समेत तयार पारी शाखाको ११ औं अधिवेशनबाट पारित गरिसकिएको छ।

**'उत्कृष्ट शाखा सम्मान'**: तीन वर्षअघि २०७० फागुन २१ गते सम्पन्न नेपाल पत्रकार महासंघ चितवन शाखाको १० औं अधिवेशनले महासंघमा नयाँ कार्यसमिति निर्वाचित गरेपछि यसले सञ्चालन गर्ने तीन वर्षे योजनाकाबारे चितवनका पत्रकार मात्र होइन, नागरिक समाज समेत उत्सुक थियो। महासंघलाई श्रमजीवी पत्रकारहरुको पेसागत सङ्गठन बनाउने जिम्मेवारी त छँदै थियो, यसलगायत महासंघको संस्थागत विकास र चितवनमा दक्ष सञ्चारकर्मी उत्पादन गर्ने लक्ष्य पनि कार्यसमितिले लियो।

हाम्रो कार्यकालमा देशभरका पत्रकार महासंघ शाखा मध्ये नेपाल पत्रकार महासंघ चितवन शाखा पहिलो पटक उत्कृष्ट हुन सफल भएको छ। महासंघको केन्द्रीय साधारणसभामा चितवन शाखालाई उत्कृष्ट शाखाको रुपमा सम्मान गरियो। राष्ट्रपति विद्यादेवी भण्डारीले कदरपत्र सहित दोसल्ला ओढाएर सम्मान गर्दा चितवनको २७ वर्षे महासंघको सङ्गठित यात्रा सम्मानित भएको महसुस भएको छ।

यसैगरी व्यावसायिक र मर्यादित पत्रकारिताको विकास तथा श्रमजीवी पत्रकारहरुको हक हित र अधिकारका साथै महासंघलाई व्यावसायिक पत्रकारहरुको छाता सङ्गठनको रुपमा स्थापित गराउन चितवनले उल्लेखनीय कार्य गरेको भन्दै नेपाल पत्रकार महासंघ मध्यमाञ्चल क्षेत्रीय समितिले पनि चितवन शाखालाई 'उत्कृष्ट शाखा-२०७२' बाट सम्मान गरेको थियो। हाम्रो कार्यकालमा भएका यी दुबै सफलताले महासंघलाई भविष्यमा पनि अझ उच्च मनोबलका साथ काम गर्न प्रेरित गरिदिएको छ।

**सबैका लागि सन्देश**: पत्रकारिता सबैको लागि आवश्यक पर्दछ। विना पत्रकारिताको मुलुक कल्पना पनि गर्न सकिन्न। उद्योगी, व्यवसायी र विकासप्रेमीका आवाज जनता र सरकार समक्ष पुऱ्याउने काम पनि पत्रकारिताको नै हो। समृद्ध देश बनाउनका लागि पत्रकारिता पुल बन्न सक्छ। सञ्चारकर्मीहरुको क्षमता अभिवृद्धि, स्थानीय मिडियाको स्तरोन्नति र स्वयम् पत्रकार महासंघकै संस्थागत विकास यस साधारण सभाको सन्देश हो। यो विषयलाई महाधिवेशनमा पनि छलफल गर्नु जरुरी छ। सबै निकायले पत्रकारितामार्फत आफ्ना आवाज, दृष्य र विवरण दिनका लागि सञ्चारकर्मीहरुको क्षमता अभिवृद्धि जरुरी छ। स्थानीय मिडियाको स्तरोन्नतिका लागि उनीहरुलाई व्यवसायिक प्राथमिकतामा राख्नु जरुरी हुन्छ। पत्रकार महासंघ आफ्नै संरचनामा अडिन सक्यो भने यसले चितवनको नागरिक समुदायलाई दिने सेवा अपेक्षाकृत बढि नै हुन्छ। महासंघका सबै जिल्ला शाखाले आफ्नो भवनलाई 'आधुनिक सूचना केन्द्र' बनाउनुपर्छ। नागरिक समुदायले आफ्नै सम्पत्तिको रुपमा बहन गर्न सक्नुपर्छ।

पत्रकार महासंघको महाधिवेशन हरेक तीनवर्षमा एकपटक हुनुपर्ने व्यवस्था छ। प्रत्येक वर्ष बढ्दै गएको महासंघको सदस्य संख्या र सोही अनुपातमा निर्वाचित हुने केन्द्रीय प्रतिनिधिको संख्या पनि बढेका कारण हरेक कार्यकालमा एकपटक हुने साधारण सभा सम्पन्न गर्न चुनौतीपूर्ण बन्दै गएको छ। यति ठूलो संख्यालाई एउटै हलमा राखेर केन्द्रले सम्पन्न गरेका काम तथा योजनाहरु अनुमोदन गर्नुका साथै महासंघका महत्वपूर्ण नीति निर्माण गर्ने अवस्था सिर्जना गर्नु चानचुने छैन।

●●●

*(लेखक नेपाल पत्रकार महासंघ चितवन शाखाका निवर्तमान अध्यक्ष हुनुहुन्छ)*




## कञ्चनपुरदेखि रुपन्देहीसम्म महासंघका दुई मिसन

# संवेदनशील अवस्थामा सुरक्षा चुनौती कायमै

*नेपाल पत्रकार महासंघले गत साउन ६ देखि ८ गतेसम्म दुईवटा मिसन सञ्चालन गर्‍यो । राजनीतिक, क्षेत्रीय र जातीय मुद्दामा पटक पटक आन्दोलन हुँदा सबैभन्दा ठूलो जोखिम र सुरक्षा चुनौती पत्रकारहरूले नै सामना गर्दै आएको स्थितिमा त्यसलाई कम गर्न महासंघले थुप्रै अभियानहरू सञ्चालन गरेको छ । आन्दोलनहरू उत्कर्षमा रहेका बेला होस् वा आन्दोलनपश्चात् महासंघले पत्रकारहरूको अवस्थाका बारे सधै ध्यान दिँदै आएको छ । सोही क्रममा यसपटक महासंघले द्वन्द्वपछिको अवस्थाका बारे अध्ययन गर्न पश्चिम नेपालमा दुईवटा मिसन सञ्चालन गरेको थियो । यसअघि पनि महासंघले पूर्वी तराईका विरगञ्जदेखि मोरङसम्मको मिसन विभिन्न चरण र छुट्टाछुट्टै टोली बनाएर सञ्चालन गरेको थियो । यहाँ भने पछिल्लो समय सञ्चालन गरिएका दुई मिसनका क्रममा तयार पारिएको प्रतिवेदनका केही अंशहरूमात्र समेटिएको छ ।*

*महासंघको सुदूरपश्चिम मिसनमा नेपाल पत्रकार महासंघका पूर्व सभापति डा. सुरेश आचार्यको नेतृत्वमा उपाध्यक्ष अनिता विन्दु, कोषाध्यक्ष सुर्यमणि गौतम, नेपपाल पत्रकार महासंघका कार्यक्रम प्रबन्धक हिरन्य जोशी, नेपाल बार एशोसिएसनका केन्द्रीय सदस्य अरूण पौड्याल सहित राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालयका प्रतिनिधि र सम्बन्धित जिल्लाका महासंघ शाखा अध्यक्ष सहभागी हुनुहुन्थ्यो । त्यसैगरी पश्चिमाञ्चल क्षेत्रको रूपन्देही मिसनमा नेपाल पत्रकार महसंघका महासचिव उजीर मगर, महासंघका सचिव प्रभात चलाउने, सचिव तथा प्रेस काउन्सिल नेपालका सदस्य संगीता खड्का, सिनियर प्रोजेक्ट अफिसर भुवन केसी, राष्ट्रिय मानव अधिकार आयोग रूपन्देहीका प्रतिनिधि चन्द्रकान्त चापागाईं र नेपाल पत्रकार महासंघ रूपन्देही शाखाका अध्यक्ष यानेन्द्र जिसी हुनुहुन्थ्यो । प्रस्तुत छ कञ्चनपुर, कैलाली, बाँके र रूपन्देही जिल्लामा सञ्चालित दुई मिसनका क्रममा मिसन टोलीका तर्फबाट सदस्य भुवन केसी र हिरण्य जोशीले तयार पारेको प्रतिवेदनका मुख्य मुख्य अंश ।*

## रुपन्देहीमा पत्रकारिता : बढ्दो सचेतता, घटदा चुनौती

### पृष्ठभूमि

रुपन्देही जिल्लामा २०१२ सालमा बुटवल साप्ताहिकको प्रकाशनबाट पत्रकारिता सुरु भएको पाइन्छ ।ज्ञ यस जिल्लामा २०७४ साल साउन ९ गतेसम्म टेलिभिजन ४, एफएम रेडियो १७, अनलाइन १२ वटा सञ्चालनमा छन् भने ३३ वटा पत्रिका प्रकाशनमा छन् । प्रेस काउन्सिलको वार्षिक प्रतिवेदन २०७२/७३ अनुसार ८६ वटा पत्रिका दर्ता गरिएका छन् । नेपाल पत्रकार महासंघ रुपन्देही शाखामा २ सय ९७ जना पत्रकार आवद्ध छन् । प्रेस स्वतन्त्रता, पत्रकारको भौतिक सुरक्षा, पेसागत सुरक्षा लगायतका विषयमा जानकारी हासिल गर्न नेपाल पत्रकार महासंघको मिडिया मिसिनले २०७४ साल साउन ६ गतदेखि ८ गतेसम्म रुपन्देही जिल्लाको भ्रमण गरेको थियो । मिसनले तयार पारेको प्रतिवेदनको महत्वपूर्ण अंश यहाँ प्रस्तुत गरिएको छ ।

### सबल पक्ष

विगतको तुलनामा सूचनामा आम नागरिकको पहुँच बढेको छ । वाक तथा अभिव्यक्ति स्वतन्त्रताको अभ्यास गर्ने वातावरण बढेको छ । सरकारी पक्ष सूचनाको पहुँच बढाउन र पारदर्शिता कायम गर्न अग्रसर भएर लागेको छ । प्रेस स्वतन्त्रताको अभ्यासमा थप सहज भएको छ । सामान्य अवस्थामा पत्रकारलाई सूचना सङ्कलन, प्रकाशन तथा प्रसारण गर्न समस्या छैन । समाचारका कारण पत्रकारहरुले भौतिक सुरक्षाको खतरा महसुस गरेको घटना बाहिर आएका छैनन् । मिडिया, राज्यका निकाय र निजी क्षेत्रबीच संवाद र सहकार्यको वातावरण छ । संवेदनशील अवस्थामा सबै पक्षबीच बसेर छलफल गर्ने र समस्याको उपाय खोज्ने गरिएको छ । आचारसंहिताको पालना गर्नुपर्छ भन्ने भावना बढेको छ । केही अपवादवाहेक स्थानीय तहको निर्वाचनमा सूचना प्रवाहमा मिडियाको भूमिका सकारात्मक रहेको छ । स्थानीय तहको पहिलो चरणको निर्वाचन सम्पन्न भएको स्थानमा बदर मत धेरै भएको र स्थानीय मिडियाहरुले मतदाता शिक्षा र जानकारीमूलक सामग्रीलाई प्राथमिकताका साथ प्रकाशन तथा प्रसारण गरेकाले स्थानीय तहको दोस्रो चरणको निर्वाचनमा बदरमतको सङ्ख्या कम भएको दावी पत्रकार, निर्वाचन आयोग र निजी क्षेत्रको छ । सञ्चारगृह सञ्चालक र पत्रकारबीच विवादका घटना बाहिर आएका छैनन् । पहिलेको तुलनामा काम गर्नका लागि थप सहज वातावरण बन्दै गरेको छलफलमा सहभागी पत्रकारहरुको भनाइ पाइयो ।

### समस्या

सबै नागरिकमा सूचनाको पहुँच छैन । सरकारी र निजी क्षेत्रका सूचनाहरु पाउनका लागि बेला बेलामा समस्या पर्ने गरेको छ । तराई/मधेस आन्दोलनलाई हेर्ने र त्यस सम्बन्धी मुद्दाहरुको 'फ्रेमिङ'मा पत्रकारहरु विभाजित छन् । तराई'/मधेस आन्दोलनको पक्षको समर्थनमा रहेका केही पत्रकारले मूलधारका मिडिया र त्यसमा कार्यरत पत्रकारले आफूहरुका मुद्दालाई प्राथमिकता नदिएको आरोप/प्रत्यारोप लगाउने प्रवृति देखियो । मूलधारमा कार्यरत पत्रकारले भने राष्ट्रियताको पक्षमा र द्वन्द्वलाई न्यूनीकरण गर्न आफूहरुको भूमिका निर्वाह गरेको जिकिर गरेको पाइयो ।

जुनै प्रकारको द्वन्द्व वा राजनीतिक आन्दोलनताका पत्रकारहरुलाई आइपर्ने जोखिम कायमै छ । छिमेकी भारतीय सीमावर्ती क्षेत्रमा एक्लै पुगेर रिपोटिङ गर्न कठिन छ । द्वन्द्वका बेला राज्य पक्षबाट पनि पत्रकारलाई खतरा छ । त्यस्तै विभिन्न समुदाय तथा संघ/सङ्गठनबाट पनि खतरा छ । सुरक्षा निकाय तथा विभिन्न संघ/सङ्गठनबाट प्रेस स्वतन्त्रता हनन्का घटना भएका छन् । तर, ती घटना सम्बन्धी उजुरी दिने र सार्वजनिक गर्ने र दोषीलाई कारवाहीको दायरामा ल्याउने काम भएको पाइएन । जसलाई पऱ्यो, त्यसले सुरक्षा निकाय तथा सम्बन्धित निकायको उच्चतहको व्यक्तिलाई भन्ने र गल्ती स्वीकार गर्न दबाब दिने गरेको पाइन्छ । पेसागत मर्यादा र आचारणमा पत्रकारले राज्यका अङ्गलाई दोष दिने र राज्यका निकायहरुले पनि पत्रकारलाई दोष दिने गरेका छन् । पत्रकारहरुको एउटा मात्र भूमिका नभएको धेरैको भनाई छ । जसले गर्दा केही घटना भएमा पत्रकारको पक्षमा सशक्त रुपमा आवाज उठाउन कठिनाई हुने उनीहरुकै तर्क पाइयो । राजनीतिक आस्थाका आधारमा पनि पत्रकारहरु विभाजित छन् । राजनीतिक दलहरुले पत्रकारलाई बेला-बेलामा आफ्नो पक्षमा पार्न खोज्दा र पत्रकार पनि दलहरुसँग नजिकिँदा व्यावसायिक पत्रकारितामा असर परिरहेको देखियो । त्यसको प्रभाव समाचार सामग्रीमा समेत देखिने गरेको पाइयो ।

जसको परिणाम सामग्रीमा बेला-बेलामा समस्या देखा परेको पाइयो । व्यावसायिक रुपमा काम गर्दा पनि आफ्नो पक्षमा समाचार तथा अन्य सामग्री नआए पत्रकारले गुनासो खेप्नुपर्ने, गाली खानुपर्ने र धम्की आउने गरेको पाइयो । तथ्यगत रुपमा प्रस्तुत भएका छन् कि छैनन् भन्दा पनि आफ्नो अनुकूल छ कि छैन भन्नेमा पाठक, दर्शक तथा स्रोताको ध्यान बढी केन्द्रित हुने गरेका छन् । कतिपय बेलामा पत्रकारहरु पेसागत मर्यादालाई नाघेर प्रस्तुत भएको अवस्था पनि देखियो । जसले गर्दा समाजबाट पत्रकारको पेसागत मर्यादा माथि प्रश्न उठ्नेक्रम बढ्दै गएको देखियो ।

यस्तै श्रमजीवी पत्रकार ऐन पूर्ण रुपमा लागू हुन सकेको छैन । केही मिडियामा न्यूनतम पारिश्रमिक निर्धारण समितिले सिफारिस गरेअनुसार पारिश्रमिकको व्यवस्था नगरिएको अवस्था पनि छ । जसले गर्दा पेसागत असुरक्षा पनि रहेको छ ।

स्वःनियन्त्रण पनि छन् । संवेदनशील विषयमा सुरक्षा नभएका कारण पत्रकारले स्वःनियन्त्रण अपनाउने गरेका छन् भने ठूला मिडिया हाउसको प्रभावले पनि स्वतन्त्र रुपमा सामग्री प्रकाशन तथा प्रसारणमा असर पारेको देखियो । पत्रकारले समाचारका विषयमा समाचार स्रोतसँग बढी निकटताको सम्बन्धले पनि निर्वाध रुपमा प्रेस स्वतन्त्रताको उपयोग गर्न नसकेको देखियो ।

स्थानीय तह दोस्रो चरणको निर्वाचनका बेला सूचना प्रवाहमा समस्या देखा परेको देखियो । निर्वाचन कार्यालयहरुले सूचना प्रवाहलाई व्यस्थित गर्न सकेनन् । जसले गर्दा पत्रकारले सहज रुपमा सूचना पाउन सकेनन् । निर्वाचन आयोगले एउटा वडाको मतगणना सम्पन्न नगर्दासम्म मत परिणाम सार्वजनिक नगर्न मातहतका निकायलाई निर्देशन दिएको दियो । केन्द्रको निर्देशन र सफ्टवेयरबाट सार्वजनिक गर्नुपर्ने प्राविधिक कारण भएकाले ढिला भएको निर्वाचन अधिकारीले नै मिसन टोलीसँग स्वीकारे । नगरपालिकाहरुमा ६ सय मतगणना भएपछि मत सार्वजनिक गर्ने भनिएको थियो । त्यसमा पनि

*१. जोशी, वसन्तध्वज । २०५८ । रुपन्देहीको पत्रकारिता विगतका पानाहरुमा । क्षेत्रीय मिडिया विगत र वर्तमान । प्रत्युष वन्त (सं), पृ. १५५-१७४ । काठमाडौं : मार्टिन चौतारी ।*



*पश्चिम मिसनका क्रममा रुपन्देहीको पत्रकारिताको अवस्थाबारे छलफलपछि पत्रकारसँग मिसन टोली*

समस्या भएको थियो । बीच/बीचमा मतपरिणाम सार्वजनिक नगर्दा समस्या भएको र परिणाम सार्वजनिक गर्दा गल्ती भए त्यसको जिम्मेवारी आफैले लिनुपर्ने भएकाले केही गर्न नसकेको निर्वाचन अधिकृतको भनाई छ । कतिपय ठाउँमा पत्रकारमा पनि समस्या थियो । केही ठाउँमा पत्रकार समेत उम्मेदवारको प्रतिनिधि भएर मतगणना स्थलमा बसेको पाइयो ।

**प्रतिवद्धता**

अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताप्रति सबै पक्षले आफूहरु प्रतिवद्ध रहेको बताए । स्थानीय तहका नवनिर्वाचित पदाधिकारी, प्रशासक, सुरक्षा निकायका अधिकारी, व्यवसायी, नागरिक समाजका प्रतिनिधि, मानव अधिकारकर्मी नागरिकको सूचना पाउने अधिकारको सम्मान गर्नमा प्रतिबद्ध देखिए । स्थानीय निकायका पदाधिकारीले पत्रकारहरुको संस्था, पत्रकार र सञ्चारगृहसँगको छलफल र सहकार्यमा स्थानीय तहमा मिडियाको नीति बनाउने र जसले गर्दा मिडियाको प्रवर्द्धनका हुने विश्वास व्यक्त गरेका छन् । यस्तै सुरक्षा निकाय पत्रकार र मिडियाको सुरक्षा गर्नका लागि प्रतिबद्ध देखिएका छन् । आचारसंहिता र पेसागत मूल्य मान्यता पालना गर्न पत्रकारले प्रतिवद्धता व्यक्त गरेका छन् । धेरैको भनाई छ- 'आ-आफ्नो पेसागत मर्यादा, सीमामा रहौं र एक अर्काबीच पेसागत सम्बन्ध कायम गरौं ।'

**सुझाव**

सूचनामा नागरिकको सझुाव बढाउन आवश्यक छ । स्थानीय तहको पहिलो र दोस्रो चरणको निर्वाचनमा सूचना प्रवाहमा भएको ढिलाइबाट निर्वाचन आयोगले शिक्षा लिएर आगामी निर्वाचनमा सूचना प्रवाहलाई व्यवस्थित र छिटो गर्न आवश्यक छ ।

मिडिया र पत्रकार तथ्यगत र यथार्थ रुपमा प्रस्तुत हुन जरुरी छ । पत्रकारले व्यावसायिक मर्यादाभित्र रहेर पत्रकारिता गर्न आवश्यक छ । तथ्यमा आधारित सामग्री भए र गलत कुराको चिरफार गरिए त्यसलाई सहज रुपमा स्वीकार गर्न सबै पक्षलाई सहज हुन्छ । त्यसैगरी मिडियाले आलोचनात्मकका साथ साथै राम्रा कुरालाई पनि बाहिर ल्याउन भूमिका निर्वाह गर्न आवश्यक छ । पिछडिएको वर्ग, दलित, मधेसी लगायतका विषयलाई मिडियाले थप जोड दिनुपर्ने देखिन्छ । पत्रकारहरु भावनामा बग्न नहुने, व्यावसायिक रुपमा प्रस्तुत हुनुपर्ने र पत्रकार आचारसंहिता पूर्ण पालनामा जोड दिन आवश्यक छ । पत्रकारले आचारसंहिता पालना गरे समस्या कम हुन सक्छ । पत्रकार र विभिन्न संघसंस्थाबीच व्यावसायिक सम्बन्ध हुन आवश्यक छ । यसैगरी राष्ट्रियताको पक्षमा एकजुट हुन र सामाजिक सद्भाव बढाउन पनि पत्रकारको भूमिका अहम् छ ।

व्यक्तिगत स्वतन्त्रता र व्यावसायिक स्वतन्त्रतामा फरक कुरा हुन । त्यसमा सबै पक्ष प्रष्ट हुन आवश्यक छ । पत्रकारले कुनै पार्टी, क्षेत्र, धर्म, वर्ग विशेषका लागि मात्र नभएर जनता र समग्र देशको हितमा काम गर्नुपर्ने देखिन्छ । आश र त्रासले स्वःनियन्त्रणमा नपर्न र छलफलबाट समस्याको समाधान गर्न पनि आवश्यक छ ।

## पत्रकारको राजनीतिक आवद्धतामा नागरिकको मुख्य चासो

२०७४ साउन ५ दखि ८ गतेसम्म नेपाल पत्रकार महासंघको मिडिया मिसन कञ्चनपुर, कैलाली र बाँके जिल्लामा पुग्यो । मिडिया मिसनको मुख्य उद्देश्य स्थानीय निर्वाचनका सन्दर्भमा प्रेस स्वतन्त्रताको अवस्था तथा पत्रकार सुरक्षाबारे अध्ययन गर्नु थियो । मिसनका अर्को उद्देश्य नेपाली मिडियाबारे नागरिकको धारणा बुझ्नु थियो । सोही अनुसार मिसनले तीनै जिल्लामा पत्रकार, प्रशासन, सुरक्षा निकाय, नागरिक समाजका प्रतिनिधि, मानवअधिकारकर्मी र सर्वसाधारणसँग छलफल गरेको थियो भने 'नागरिकका नजरमा मिडिया' सम्बन्धी सार्वजनिक सुनुवाई गरेको थियो । अध्ययन र सुनुवाईबाट प्राप्त मुख्य जानकारी यहाँ प्रस्तुत गरिएको छ ः

**साउन ५**

साउन ५ गते मिडिया मिसनले कञ्चनपुर पुगी विभिन्न व्यक्तिसँग अन्तर्क्रिया गऱ्यो । पछिल्लो समय

जिल्लामा भएको प्रेस स्वतन्त्रता उल्लङ्घनका घटनाका बारेमा बुझ्नका लागि मिसन टोलीले दैनिक मानसखण्डका सम्पादक खेम भण्डारी र कार्यकारी सम्पादक गणेशदत्त भट्टसँग छलफल गरिएको थियो । पत्रिकामा प्रकाशित समाचारलाई लिएर एक महिना अघि दुवै पत्रकारलाई प्रहरीले ४८ घण्टा हिरासतमा राखेको थियो । यसका साथै प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख तथा भिमदत्त नगरपालिकाका नवनिर्वाचित प्रमुखसँग पनि मिडिया मिसनले छलफल गरेको थियो । यी छलफलबाट पत्रकार पक्राउ घटनाले नै सबैको ध्यानाकर्षण गराएको र स्थानीय तहको निर्वाचनका बेला अप्रिय घटना नभएको जानरकारी प्राप्त भयो ।

कञ्चनपुरमा नै गरिएको सार्वजनिक सुनुवाईका धेरैजसो सहभागीले मडियाप्रति गुनासा गरे । नागरिकहरुमा सबैभन्दा प्रमुख गुनासो पत्रकारहरुको राजनीतिक आवद्धतालाई लिएर रहेको पाइयो । उनीहरुका नजरमा पत्रकारहरु कुनै राजनीतिक दलसँग खुला रुपमा आवद्ध भएका कारण समाचारमा वस्तुष्ठिता अपनाउन नसक्ने र समाचार स्वतन्त्र रुपमा आउन सक्दैन । उनीहरुले पत्रकारहरुमा पेसागत दक्षता समेत नरहेको यसै कारणले पत्रकारहरु बढी असुरक्षित हुने गरेको टिप्पणी गरे ।

**साउन ६**

कैलाली जिल्लाको धनगढीमा मिडिया मिसनले जिल्ला प्रशासन, सुरक्षा निकाय, राष्ट्रिय मानवअधिकार अयोग, पत्रकार, नागरिक समाज लगायतका प्रतिनिधिहरुसँग सामूहिक छलफल गरेको थियो । छलफलमा पत्रकारले निर्वाचनका समयमा मतगणना स्थलमा पहुँच हुन नसकेको बताए । पहँच र सूचना प्रवाह व्यवस्थित नहुँदा मतगणनाको समाचार सङ्कलनमा पत्रकारहरुलाई समस्या परेको पाइयो । नागरिक समाजको धारणा पनि पत्रकारलाई पहुँच नदिइएकोमा असन्तुष्टि व्यक्त गरे । सहभागीहरुले पहुँच नभएकोबारे जिल्ला निर्वाचन कार्यालयका प्रतिनिधिसँग प्रश्न गरेका थिए ।

सहभागीहरु मिडियाप्रति सकारात्मक देखिदादेखिदै पनि कतिपय विषयमा भने सचेत भइ लाग्न पत्रकारलाई सुझाव दिए । उनीहरुले पनि कञ्चनपुरमा जस्तै पत्रकार हरुको राजनीतिक आवद्धताको बारेमा प्रश्न गर्दै त्यस्ता पत्रकारले स्वतन्त्रत रुपमा रिपोर्टिङ गर्न नसक्ने बताएका थिए । मिडिया मिसनले धनगढी उपमाहानगरपालिकाका नवनिर्वाचित प्रमुखसँग पनि छुट्टै छलफल गरेको थियो ।

त्यसपछि कैलालीमा भएको सार्वजनिक सुनुवाईमा सहभागी अधिकांश नागरिकले पनि पत्रकारहरु खुला रुपमा कुनै न कुनै दल वा कुनै व्यक्तिसँगको आवद्ध वा नजिक देखिनुले पत्रकारिता पेसाकै साख गिरेको धारणा व्यक्त गरे । जनताका मुख्य चासोका विषयहरुमा समाचार बनाउनुभन्दा पत्रकारहरु राजनीतिक विषयहरुमा नै अल्मलिनाल मिडियाले समाजमा जति योगदान गर्नु पर्ने हो त्यति गर्न नसकेको उनीहरुको आरोप थियो । केही सहभागीले पत्रकारिता एकदमै जिम्मेवार पेसा भएकाले यसमा आवद्ध हुने सबैले सचेत रहनुपर्ने तर अहिले जिल्लामा पत्रकारिता गरिरहेका अधिकांशलाई आफ्नै आचारसंहिताका बारेमा पनि थाहा नभएको बताए । उनीहरुको भनाइमा आचारसंहिताको पालना गर्दै पत्रकारिता गर्नेहरुमाथि सुरक्षा जोखिम अति नै न्यून भएको र जथाभावी गर्नेहरुलाई जोखिम बढी हुने गरेको छ ।

**साउन ७**

बाँकेको नेपालगञ्जमा मिडिया मिसनले नागरिकहरुसँग गरेको सार्वजनिक सुनुवाई कार्यक्रममा पनि मिडिया र पत्रकारिताप्रति गुनासा आए । नागरिकहरुले व्यक्त गरेको विचारले मिडियाबाट उनीहरुले निकै आशा गरेको तर जिल्लामा मिडियाको अवस्था त्यसअनुरुप हुन नसकेको झल्कायो ।

सार्वजनिक सुनुवाईमा उपस्थित एक जना व्यवसायीले मिडियाको सम्वर्द्धन र विकासका लागि निजी क्षेत्र र सरकारले प्रत्यक्ष सहयोग गर्नुपर्ने उल्लेख गर्दै त्यसो गरे मात्र नेपाली मिडिया सशक्त हुन सक्ने बताए । कतिपय सहभागीले पत्रकारहरुको सेवा सुविधाका बारेमा प्रश्न गर्दै अति न्यून पारिश्रमिकमा काम गर्नुपर्ने हुँदा पत्रकारहरुले आफ्नो जिम्मेवारी पूरा गर्न गाह्रो हुने र अहिले मिडिया क्षेत्रमा देखिएको कमजोरीको प्रमुख कारण पनि त्यही रहेको बताए । छलफलका एक सहभागीले मिडियामा आउने खबरहरुले कसैको व्यक्तिगत, सार्वजनिक र पेसागत जीवन नै खल्बल्याउन सक्ने हुँदा त्यस्ता समाचारहरुको जिम्मेवारी कसले लिने भन्ने प्रश्न गरेका थिए ।

सार्वजनिक सुनुवाई लगत्तै मिडिया मिसनले जिल्ला प्रहरी प्रमुख, पुनरावेदन र जिल्ला अदालत बार एशोसिएसनका अध्यक्ष, नागरिक समाजका प्रतिनिधि र पत्रकारहरुका बीच सामूहिक छलफल गरेको थियो । छलफल निर्वाचनका बेला प्रेस स्वतन्त्रताको अवस्थाका बारेमा केन्द्रीत थियो । बाँके जिल्लामा निर्वाचनका क्रममा सबै पक्षबीच राम्रो समन्वय रहेको र केही मतगणना केन्द्रमा मिडिया सेन्टर नै बनाइ सूचना उपलब्ध गराइएको पाइयो ।

मिसनका क्रममा तीनै जिल्लामा गरिएका सार्वजनिक सुनुवाइहरुबाट नेपाली मिडियाले एकपटक आफैलाई फर्केर हेर्न आवश्यक छ भन्ने सन्देश दिएका छन् । नागरिकहरुका कुरालाई मान्ने हो भने पत्रकारहरुले निष्पक्ष ढङ्गले काम गर्ने, आफ्ना कुनै पनि खालका आवद्धताहरुलाई पत्रकारितामाथि हावी हुन नदिने, सत्य तथ्य समाचारहरु मात्रै सम्प्रेषण गर्ने, शिष्ट सभ्य भाषाको प्रयोग गर्दा पत्रकारहरुमाथि हुन सक्ने सुरक्षा जोखिम न्यूनिकरण हुन सक्छ । नागरिकहरुले मिडियाप्रति निकै आशा रहेको र आवाज सुनाउन नसक्नेहरुका लागि मिडिया सशक्त माध्यम हुने विश्वास पनि पाइयो । जताततै बेथिति रहेको अवस्थामा त्यस्ता कुरालाई उजागर गर्नुपर्ने मिडिया स्वयं नै बेथितिमा परेको भन्दै उनीहरुले गुनासो गर्नुका पछाडि त्यही आशा र विश्वास मुख्य कारण हुन् ।

नागरिकहरुले पत्रकारहरुको दलीय आवद्धतामाथि प्रश्न गर्दा तीनवटै जिल्लाका राजनीतिक नेतृत्व भने पत्रकारिता क्षेत्र यसबाट टाढा रहनुपर्ने विचार व्यक्त गरे । उनीहरुले पनि स्वतन्त्र र निष्पक्ष पत्रकारिताले मात्रै लोकतन्त्रको विकास हुन सक्ने धारणा व्यक्त गरे । अध्ययन र सार्वजनिक सुनुवाईको सन्देश छ- सबै पक्षलाई हेर्दा कुन पत्रिका, कुन रेडियो र कुन पत्रकार कुन कुन पार्टीका हुन् भन्ने अवस्थाको अन्त्य नभइ नेपाली मिडियाको व्यवसायिक विकास हुन नसक्ने र स्वतन्त्र मिडियाको विकास र खवरदारी विना लोकतन्त्र सशक्त हुन सक्दैन ।

●●●